सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका


nayapatrikadaily.com

२६ माघ २०८२, सोमबार (9 Feb 2026, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २९१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

०८३ चैतसम्म पनि फास्ट ट्र्याक तयार नहुने

०८६ सम्म म्याद थप्ने प्रस्ताव तयार, मन्त्रिपरिषद्ले स्वीकृत गर्न मात्रै बाँकी





● **हरिशरण पुडासैनी**
प्रवक्ता, राष्ट्रिय योजना आयोग

योजना आयोगको काम प्रतिवेदन बनाउने हो । आयोजना कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालयकै हुन्छ । आयोगले सम्बन्धित मन्त्रालयबाट नै विवरणहरू लिएर प्रतिवेदन बनाउने गर्छ । यो प्रतिवेदन पनि सम्बन्धित मन्त्रालयबाटै आएको विवरणहरूको आधारमा तयार गरिएको हो । त्यसमा द्रुतमार्गको निर्माण सम्पन्न हुने म्याद सम्बन्धमा थप बुझ्नुपर्छ ।



● **मनोजकुमार आचार्य**
प्रवक्ता, रक्षा मन्त्रालय

म्याद थप सम्बन्धमा मन्त्रिपरिषद्बाट निर्णय हुनुपर्छ । तर, मन्त्रिपरिषद्बाट म्याद थपको निर्णय भएजस्तो लाग्दैन । हाम्रा लागि अहिले परियोजनाको निर्माण सक्ने म्याद ०८३ चैत नै हो । सोही अवधिमै निर्माण सम्पन्न हुने गरी काम गरिरहेका छौं । तर, भविष्यमा के हुन्छ थाहा छैन । राष्ट्रिय योजना आयोगको प्रतिवेदनमा उल्लिखित विवरणको विषयमा जानकार छैनौं ।



● **राजाराम बस्नेत,** सूचना अधिकारी, सेना

राष्ट्रिय योजना आयोगले राखेको मितिका विषयमा हामी जानकार छैनौं । अहिले हामीलाई सरकारले दिएको समयसीमा ०८३ चैतसम्म नै हो । त्यही अवधिमा काम सक्ने प्रतिबद्धतासहित काम भइरहेको छ । पछिल्लो समय काम पनि राम्रो भएको छ ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सेनाले निर्माण गरिरहेको राष्ट्रिय गौरवको आयोजना काठमाडौं-तराई/मधेश द्रुतमार्ग (फास्ट ट्र्याक) ०८३ चैतसम्म पनि नसकिने भएको छ । ०८१ पुससम्म सक्ने लक्ष्य विफल भएपछि ०८३ चैत मसान्तभित्र सक्ने गरी म्याद थपिएको थियो । तर, यो अवधिमा पनि सकिने गरी प्रगति नभएपछि आर्थिक वर्ष ०८५/८६ सम्मका लागि म्याद थप्ने प्रस्ताव राष्ट्रिय योजना आयोगले तयार पारेको हो ।

» पृष्ठ ७ मा क्रमशः

यस्तो छ फास्ट ट्र्याकको प्रगति विवरण

पुस मसान्तसम्म परियोजनाको समग्र भौतिक प्रगति ४५.१६ प्रतिशत पुगेको छ । सेनाले तयार गरेको तथ्यांकअनुसार परियोजनाको वित्तीय प्रगति भने ४५.३३ प्रतिशत पुगेको छ । अब परियोजनामा ५४.८४ प्रतिशत काम गर्नुपर्नेछ । ०८३ चैतसम्म काम सम्पन्न गर्न मासिक ३.६५ प्रतिशतका दरमा काम सम्पन्न गर्नुपर्छ । असार ०८६ सम्म काम सम्पन्न गर्न मासिक १.२९ प्रतिशतका दरमा काम सम्पन्न गर्नुपर्छ । तर, चालू आवको ६ महिनामा परियोजनामा तीन प्रतिशत मात्रै काम भएको छ । गत असारसम्म परियोजनाको समग्र भौतिक प्रगति ४२.१३ प्रतिशत थियो । चालू आवको पुस मसान्तसम्म आइपुग्दा त्यो ३.०३ प्रतिशत विन्दुले बढेर ४५.१६ प्रतिशत पुगेको हो । यसअनुसार सेनाले कामको गति बढाउन भने आवश्यक देखिन्छ ।

रक्षा मन्त्रालयका प्रवक्ता मनोजकुमार आचार्यले कठिन काम भइसकेकाले अब द्रुत गतिमा अघि बढ्ने दाबी गरे । 'ठुला-ठुला पुल बनेका छन् । यसले भौतिक प्रगति बढाउँछ । कठिनाइ प्रकृतिका काम भइसकेकाले अब कामले थप गति लिनेछ,' उनले भने ।

■ खोकना विवाद कायमै

ललितपुरको खोकनाबाट सुरु भएको यो सडक निजगढमा गएर टुंगिनेछ । तर, यसको प्रस्थानविन्दु मानिएको यो खण्डमै हालसम्म मुआब्जासमेत वितरण हुन सकेको छैन । खोकनाका स्थानीयले फास्ट ट्र्याकको प्रस्थानविन्दु परिवर्तन गरिनुपर्ने माग राख्दै आएका छन् । निर्माण सुरु हुन नसकेको ११औं प्याकेजको खोकना-डुकुछापखण्ड झन्डै ६ किमि छ । फास्ट ट्र्याकको १३ प्याकेजमध्ये १, २, ३, ४, ५, ६, ७, ८ (क), ८(ख), ९(क), ९(ख) र १० को काम भने निर्माणाधीन छ ।

■ वाह ! टिम नेपाल

दुईपटकको विश्वकप विजेता इंग्ल्यान्डलाई सानदार टक्कर



मुम्बईमा **रमेश सुवेदी** र **अमुल थापा**

आइसिसी टी-२० विश्वकपमा नेपालले सानदार प्रदर्शनबाट सुरुवात गरेको छ । दुईपटकको 'च्याम्पियन' इंग्ल्यान्डविरुद्ध आइतबार भएको खेलमा चार रनको झिनो अन्तरले पराजित भए पनि नेपाली टोली संसारको ध्यान तान्न सफल भएको छ । विश्वचर्चित क्रिकेटरहरू र चर्चित भारतीय लिग आइपिएलका टिमहरूले नेपाली टोली र खेलाडीको खुलेर प्रशंसा गरेका छन् । विश्वकपको दाबेदार मानिएको इंग्ल्यान्डले टस जितेर पहिले ब्याटिङ गर्दै नेपाललाई १८५ रनको विशाल लक्ष्य दिएको थियो । जसलाई सहजै पछ्याउँदै नेपाल जितनजिकै पुगेको थियो । अन्तिम १२ बलमा जितका लागि २४ रन आवश्यक थियो । अन्तिम ओभर बाँकी रहँदा नेपाललाई १० रन चाहिएको थियो । तर, पाँच रन मात्रै जोड्न सक्यो । अन्तिम बलमा पनि खेल कसको पोल्टामा जान्छ, टुंगो थिएन । नेपाललाई जितका लागि ६ रन चाहिएको थियो । तर, एक रन मात्रै जोड्न सकेपछि इंग्ल्यान्डले बाजी मार्‍यो । खेल हारे पनि नेपाली टोलीले संसारभरिकै क्रिकेटप्रेमीको मन जित्यो ।

(विस्तृत समाचार पृष्ठ ८)

नाकामा रोकिएन नेपालीसँग पैसा असुली

सामानको पोका हेरेर एसएसबीले व्यक्तिपिच्छे असुल्छ दुई सय भारुसम्म

धनगढीमा **तेजराज भट्ट**

भारतमा रोजगारी गरेर स्वदेश फर्कने नेपालीसँग गौरीफन्टा सीमानाकामा गरिने अवैध असुली रोकिएको छैन । नाकामा खटिएका भारतीय भन्सार कर्मचारीले सामान ल्याएकोलगायत बहानामा नेपालीसँग पैसा असुल्ने गरेका छन् । स्वदेश फर्कनेको ठुलो भिड हुने चाडबाडका वेला अवैध असुलीको विषय अरू वेलाभन्दा बढी उठ्ने गरेको छ ।

भारतको नयाँदिल्लीबाट फर्किएका कैलालीको गोदावरी नगरपालिका बाँस्कोटाका खेमराज ओझाले भारतीय भन्सार कर्मचारीलाई सय रुपैयाँ बुझाएर आएको बताए । 'घरपरिवारका लागि लुगाकपडा ल्याएको थिएँ, सामानको पैसा लाग्छ भन्यो,' त्रिनगर नाकामा भेटिएका

» पृष्ठ ७ मा क्रमशः





काठमाडौं १ मा विरासत जोगाउने र इतिहास रच्ने प्रतिस्पर्धा

काठमाडौंका १० मध्ये सबैभन्दा कम मतदाता रहेको यो क्षेत्रमा चार महिलासहित २९ उम्मेदवार मैदानमा

(विस्तृत पृष्ठ ३)

ठुला जलविद्युत् आयोजनामा अन्तर्राष्ट्रिय अनुभव



अग्रलेख

● अर्जुनकुमार गौतम

ठुला जलविद्युत् आयोजना निर्माणका लागि सार्वजनिक निजी साझेदारीअन्तर्गत मिश्रित लगानी व्यवस्था लोकप्रिय मानिन्छ

(पृष्ठ ४)

नेपालबाट बाहिरिने रेमिट्यान्समा ५२.६६ प्रतिशतको वृद्धि

६ महिनामा बाहिरियो झन्डै सात अर्ब, श्रम इजाजत लिएका २२ हजार ४३९ विदेशी कामदार नेपालमा

नेपालमा सञ्चालित बहुराष्ट्रिय कम्पनी, जलविद्युत् आयोजना, बैंक तथा वित्तीय संस्था, बिमा कम्पनीमा विदेशी कर्मचारी पनि कार्यरत छन् । विशेष गरी विदेशी लगानीका कम्पनी, आयोजना, बैंक, बिमा कम्पनीमा विदेशी कर्मचारीको संख्या बढी छ । उनीहरूले नेपालमा कमाउने पैसा रेमिट्यान्समार्फत आफ्नो देश पठाउने गर्छन् ।

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

पाठेघरको मुखको क्यान्सरविरुद्ध बालिकालाई खोप दिन सुरु

साढे तीन लाख बालिकाका लागि आइतबारदेखि दिन सुरु गरिएको एचपिभी खोप अभियान १५ फागुनसम्म चल्नेछ, स्थानीय तहअनुसार मिति र समय फरकफरक हुने भएकाले नजिकैको विद्यालय वा स्वास्थ्य संस्थामा बुझेर खोप लगाउन स्वास्थ्य मन्त्रालयको आग्रह

■ हिमाली जिल्लामा भने मौसम प्रतिकूलताका कारण चैतमा खोप कार्यक्रम सञ्चालन गरिने

शिवहरि घिमिरे/नयाँ पत्रिका

देशभरका साढे तीन लाख बालिकालाई पाठेघरको मुखको क्यान्सरविरुद्धको ह्युमन पापिलोमा भाइरस (एचपिभी) खोप दिन थालिएको छ । आइतबारदेखि सुरु खोप अभियान १५ फागुनसम्म चल्नेछ । कक्षा ६ मा अध्ययनरत सबै र विद्यालयबाहिर रहेका १० वर्ष उमेरका तथा गत वर्ष खोप दिन छुटेका हाल कक्षा ७ देखि १० सम्म अध्ययनरत र विद्यालयबाहिर रहेका ११ देखि १४ वर्षका कुल तीन लाख ५० हजार पाँच सय बालिकालाई खोप लगाउन थालिएको हो ।

अमेरिकासहित १९४ देशमा प्रयोग भइरहेको यो खोप नेपालमा गत वर्षदेखि लगाउन सुरु गरिएको थियो । गत वर्ष १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार ६८८ बालिकालाई एचपिभी खोप लगाइएको थियो । सबैभन्दा पहिले अमेरिकाबाटै सुरु भएको यो खोप पाठेघरको क्यान्सरको रोकथामका लागि प्रभावकारी मानिएको स्वास्थ्य मन्त्रालयका अधिकारीहरू बताउँछन् । एचपिभी खोपलाई विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले नै सुरक्षित घोषणा गरिसकेको छ ।

» पृष्ठ ७ मा क्रमशः



● ६ कक्षामा अध्ययनरत सबै छात्रा तथा विद्यालयबाहिर रहेका १० वर्ष उमेरका किशोरीलाई खोप दिइने

● गत वर्ष खोप अभियानमा छुटेका हाल ७ देखि १० कक्षासम्म अध्ययनरत छात्रा तथा विद्यालयबाहिर रहेका ११ देखि १४ वर्ष उमेरका किशोरीलाई पनि खोप दिइने





● **डा. अभियान गौतम**
खोप शाखा प्रमुख, स्वास्थ्य विभाग

खोप अभियानका लागि देशभर १५ हजारभन्दा बढी स्वास्थ्य स्वयंसेविका परिचालित छन् । पहिलो दिन २० हजारहाराहारी बालिकाले खोप लगाएका छन् ।

पाठेघरको मुखको क्यान्सरले बर्सेनि नेपालमा १,३१३ जनाले गुमाउँछन् ज्यान

स्वास्थ्य सेवा विभागको तथ्यांकअनुसार नेपालमा पाठेघरको मुखको क्यान्सरका कारण वार्षिक एक हजार ३१३ जनाले ज्यान गुमाउँछन् । यो आधारमा दैनिक चार महिलाको पाठेघरको मुखको क्यान्सरले मृत्यु हुने गरेको छ । त्यस्तै, विभागका अनुसार वार्षिक दुई हजार १६९ जनालाई पाठेघरको मुखको क्यान्सर हुने गरेको छ । यही डरलाग्दो तथ्यांकलाई न्यूनीकरण गर्न सरकारले खोप अभियान चलाउन लागेको हो । विश्वमा हरेक वर्ष पाँच लाख ७५ हजारभन्दा बढी महिलालाई पाठेघरको मुखको क्यान्सर हुने गरेको विश्व स्वास्थ्य संगठनको तथ्यांक छ । यो तथ्यांक आगामी सन् २०३० सम्ममा बढेर सात लाख पुग्ने चेतावनी संगठनको छ । संगठनकै तथ्यांकअनुसार हरेक वर्ष पाठेघरको क्यान्सरका कारण विश्वमा तीन लाख ११ हजार महिलाको मृत्यु हुने गरेको छ ।

प्रभु बैंक लिमिटेडको गैर बैकिङ्ग सम्पत्ति बिक्रीको लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मिति २०८२/१०/२६ गते सोमबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको स्वामित्वमा रहेका तपसिल बमोजिमका सम्पत्ति (घर/जग्गाहरु) जे-जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी बोलपत्र साथमा संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा यस बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्र फाराम रित पूर्वक भरी पेश गर्नु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। यस बैकसमक्ष प्राप्त हुन आएका बोलपत्रहरु १६ औं दिन अर्थात् तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन। सो तोकिएको दिन बिदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन दिनको ठिक १२:०० बजेसम्म कारोबार गरी सोही स्थान र समयमा बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने वा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम एक प्रतिको रु. १०००/- (फिर्ता नहुने गरी) मा यस बैंकबाट खरिद गर्न सकिने छ। साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र बैकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभागमा सम्पर्क गर्नु होला।

तपसिल

बिक्री हुने गैह्र बैंकिङ सम्पत्तिको विवरण :

१. मालपोत कार्यालय सुनसरीमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, इनरुवा न.पा. वडा नं. ७, नक्सा सिट नं. ७ख स्थित कि.नं. २२३४, २३३०, २३३७ र २३६६ को क्षेत्रफल क्रमश: ०-१-४-०, ०-०-१२-०, ०-०-३.५०-० र ०-१-४.५०-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत......१

२. मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता श्रेष्ता कायम रहेको काभ्रे जिल्ला, कलांतीभुमे डाँडा वडा नं. ४, नक्सा सिट नं. ४ स्थित कि.नं. २११ क्षेत्रफल ४-४-०-० (रोपनी) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत...... ......१

३. मालपोत कार्यालय धादिङमा दर्ता श्रेष्ता कायम रहेको धादिङ जिल्ला मुरली भञ्ज्याङ गा.वि.स. वडा नं. ३ नक्सा सिट नं. ३क स्थित कि.नं. ८८७ र ८८८ को क्षेत्रफल ३-६-०-० र ३-६-०-० (रोपनी)को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत....... ...१

४. मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेका ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं. ६ नक्सा सिट नं. ६, स्थित कि. नं. १४८४ क्षेत्रफल ०-३-१-१ (रोपनी) घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

५. मालपोत कार्यालय धादिङमा दर्ता श्रेष्ता कायम रहेको धादिङ जिल्ला मुरली भञ्ज्याङ गा.वि.स. वडा नं. ३ नक्सा सिट नं. ३क स्थित कि.नं. ९१७ र ९१८ को क्षेत्रफल २-०-०-० र ३-०-०-० (रोपनी)को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत....... ...१

६. मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला अत्रौली गा.वि.स. वडा नं. ३, नक्सा सिट नं. ३ग, स्थित कि.नं २५८ क्षेत्रफल ०-१७-५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.........१

७. मालपोत कार्यालय, कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला कावासोती गा.वि.स. वडा नं. ६, नक्सा सिट नं. ६घ स्थित कि.नं. ९६ र ९७ क्षेत्रफल ०-४-१७-० (१६४२.१३ व.मी.) र ०-३-१-० (१०३२.६८ व.मी.) (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत......१

८. मालपोत कार्यालय, कावासोती नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा दर्ता श्रेष्ता कायम नवलपरासी जिल्ला कावासोती गा.वि.स. वडा नं. ६, नक्सा सिट ६क स्थित कित्ता नं. १४९८ क्षेत्रफल ०–२–१२.५०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात.......१

९. मालपोत कार्यालय स्याङ्जामा दर्ता श्रेष्ता कायम रहेको स्याङ्जा जिल्ला चापाकोट गा.वि.स. वडा नं. ३, सिट नं. ३ स्थित कित्ता नं. १८४५ र १८५२ क्षेत्रफल १–३–१-० र ३–१–१-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात......१

१०. मालपोत कार्यालय भद्रपुरमा दर्ता कायम रहेको झापा जिल्ला, शनिश्चरे गा.बि.स. वडा नं २ कि.नं. ११२६ क्षेत्रफल ०-०-१०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत......१

११. मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १११७ क्षेत्रफल ०-२-०-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत......१

१२. मालपोत कार्यालय भद्रपुर झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं. ४ नक्सा सिट नं ४ख स्थित कित्ता नं. ८८५ र १०१२ क्षेत्रफल ०-१-०-० र ०-०-१०-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत......१

१३. मालपोत कार्यालय कलंकी, काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेको वाडभँज्याङ गा.वि.स. वडा न. ५ नक्सा सिट नम्बर ५ग स्थित कि.नं. ५२, ७८ र ७५ क्षेत्रफल १-८-०-३, १-५-२-० र ०-१-०-० (रोपनी) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.........१

१४. मालपोत कार्यालय भद्रपुर झापामा दर्ता कायम रहेको झापा जिल्ला, पुथ्वीनगर गा.बि.स. वडा नं ५ नक्सा सिट नं. १८००५६५ स्थित कि.नं. ६३६ क्षेत्रफल ३८१.३७ (व.मी.) (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत......१

१५. मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम रहेको दोलखा जिल्ला दोलखा गा.वि.स. वडा नं. ६ स्थित कि.नं. ५८१ क्षेत्रफल ६७१.०० (व.मी.) र ऐ.ऐ. वडा नं. ६ नक्सा सिट नं. १५८१२०७-२ स्थित कि.नं. २२९ को क्षेत्रफल ११८४.०० (व.मी.) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत......१

१६. मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ता कायाम रहेको रुपन्देही जिल्ला सिद्धार्थ नगर न.पा. वडा नं. ६ नक्सा सिट नं. १०४०२३६१० स्थित कि.नं. ४२ क्षेत्रफल १०८.७० (ब.मी.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत......१

१७. मालपोत कार्यालय बर्दियामा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला मथुरा हरद्वार गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. ७ स्थित कि.नं. १५३५ क्षेत्रफल ३३८६.३० (ब.मि.) को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत......१

१८. मालपोत कार्यालय बर्दियामा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला गुलरिया गा.वि.स./न.पा. वडा नं. ३, नक्सा सिट नं. ३ स्थित कि.नं. क्रमश: ६९२, ६९३ ६९४, ६९५, ६९८, ६९९, ७०२ र ७०३ को क्षेत्रफल क्रमश: ०-०-६.५-०, ०-०-१२-०, ०-०-५.५-०, ०-०-२.५-०, ०-०-८-०, ०-०-१-०, ०-०-४.५-० र ०-०-४-० (विघा)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

१९. मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला विष्टछाप गा.वि.स. वडा नं. ८ नक्सा सिट ८ग स्थित कित्ता नं. १३२ क्षेत्रफल ३-६-३-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

२०. मालपोत कार्यालय डिल्लीबजार, काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ३५ नक्सा सिट नं. १०२१२२७०९ स्थित कित्ता नं. ६३७ क्षेत्रफल २५०.३४ (वर्ग मि.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत....१

२१. मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला धुलाबारी गा.वि.स. वडा नं. ४ नक्सा सिट नं. ४ स्थित कि.नं. ८९३ र ८९७ क्षेत्रफल ०-१-६.५-० र ०-१-१५-० (विघा)को घर जग्गा र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

२२. मालपोत कार्यालय धनकुटामा दर्ता श्रेष्ता कायम रहेको धनकुटा जिल्ला निगाले गा.वि.स. वडा नं. २ नक्सा सिट नं. २ स्थित कि.नं. क्रमस: ८३, ८४, ८६ र ११३४ क्षेत्रफल क्रमस: ११-१२-३-०, ३-६-१-०, ४-३-२-० र ९-१-०-० (रोपनी)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

२३. मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, महेन्द्रनगर गा.वि.स. वडा नं. ५, नक्सा सिट नं. ५म स्थित कित्ता नं. ४३९ क्षेत्रफल ०-९-०-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत....१

२४. मालपोत कार्यालय धरान सुनसरीमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, बाझागरा गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९क स्थित कित्ता नं. २४९७ क्षेत्रफल ०-०-९-० (विघा) को जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत......१

२५. मालपोत कार्यालय वेलवारी मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला कसेनी गा.वि.स. वडा नं. ३, नक्सा सिट नं. ३क स्थित कि.नं. ८४० क्षेत्रफल ०-२-०-० (विघा)को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

२६. मालपोत कार्यालय विराटनगर मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला बिराटनगर उ.म.न.पा. वडा नं. १०, नक्सा सिट नं. १७८०७०४२२ स्थित कित्ता नं. १६०, ८८ र १६१ क्षेत्रफल २३९.२३ (ब.मी.), ४३.६० (व.मी.) र १२६.९७ (व.मी.)को घर जग्गा तथा सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

२७. मालपोत कार्यालय संखुवासभामा दर्ता श्रेष्ता कायम रहेको संखुवासभा जिल्ला मनकामना गा.वि.स. वडा नं. ३ नक्सा सिट नं. ३ स्थित कित्ता नं. ४१८४ क्षेत्रफल ७२५.०० (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.......१

२८. मालपोत कार्यालय धुलिखेल, काभ्रेपलाञ्चोकमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला श्रीखण्डपुर गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८ स्थित कित्ता नं. ८२५ क्षेत्रफल ०-५-२-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत............१

२९. मालपोत कार्यालय दैलेखमा दर्ता श्रेष्ता कायम रहेको दैलेख जिल्ला नारायण गा.वि.स. वडा नं. २ नक्सा सिट नं. ०२९००९७ स्थित कि.नं. १३५ क्षेत्रफल २२८.७५ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत............१

३०. मालपोत कार्यालय चरिकोट, दोलखामा दर्ता श्रेष्ता कायम रहेको दोलखा जिल्ला चरिकोट गा.वि.स. वडा नं. २ सिट नं. १५८१२४६ स्थित कि.नं. ११५८ र २६३७ क्षेत्रफल ११२.५० (व.मी.) र ७९.७५ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

३१. मालपोत कार्यालय चरिकोट दोलखामा दर्ता श्रेष्ता कायम रहेको दोलखा जिल्ला चरिकोट गा.वि.स. वडा नं. ४, सिट नं. ४ स्थित कि.नं. ३०१५ क्षेत्रफल ३९४ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

३२. मालपोत कार्यालय सिन्धुपाल्चोकमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, भोटेचौर गा.वि.स. वडा नं. ७, सिट नं. ७ स्थित कित्ता न. क्रमस: ८७१, ४६९, ९०६, १३०, १५०, ५९१, ६४६, ९४४ र ९९० क्षेत्रफल क्रमश: २-४-१-१, २-१०-३-०, २-०-०-०, १-०-२-०, १-९-३-३, ०-५-२-३, ०-१३-२-३, ४-६-३-३, र २-९-३-३ (रोपनी) र ऐ.ऐ. वडा नं. ८, सिट नं. ८ कि.नं. २७ र २९ क्षेत्रफल २-१३-०-० र २-७-०-३ (रापनी) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

३३. मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ता कायाम रहेको रुपन्देही जिल्ला सिद्धार्थ नगर न.पा. वडा नं. ६ नक्सा १०४०२३७०२ स्थित कि.नं. १७९ क्षेत्रफल ३३४.३६ (ब.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत......१

३४. मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ता कायाम रहेको रुपन्देही जिल्ला खुदावागर गा.वि.स. वडा नं. ८ नक्सा सिट नं. ८क स्थित कि.नं. २४८ र २५० क्षेत्रफल ०-३-७-० र ०-२-१५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत............१

३५. मालपोत कार्यालय, कावासोती नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा दर्ता श्रेष्ता कायम नवलपरासी जिल्ला कावासोती गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६क स्थित कित्ता नं. क्रमस: १६८४, १६७८, १६७४, १६६८ र १६६२ क्षेत्रफल क्रमस: ०–०–९.५-०, ०–०–१२.२५-०, ०–०–१३-०, ०–०–१८-० र ०–०–१७-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात......१,

३६. मालपोत कार्यालय, कावासोती नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा दर्ता श्रेष्ता कायम नवलपरासी जिल्ला दाउन्नेदेवि गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. ५ख, कित्ता नं. ९४ क्षेत्रफल ०–१०–२-०.५ (विघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात १

३७. मालपोत कार्यालय नेपालगञ्ज बाँकेमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला नेपालगञ्ज नगरपालिका वडा नं. ११ नक्सा सिट नं. ११ग स्थित कि.नं. ९६० क्षेत्रफल ०–०–५.७५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत......१

३८. मालपोत कार्यालय नेपालगञ्ज बाँकेमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला परसपुर गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ख स्थित कि.नं. ३३० क्षेत्रफल ०-१-७.५-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत......१

३९. मालपोत कार्यालय नेपालगञ्ज बाँकेमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला नेपालगञ्ज नगरपालिका वडा नं. ९ नक्सा सिट नं. ०३५१४५०११, स्थित कि.नं. ४१ क्षेत्रफल ११५.८० (व.मी.), ऐ.ऐ. वडा नं. १० नक्सा सिट नं. ०३५१४५०११ स्थित कि.नं. ४० र ३४ क्षेत्रफल ३३१.०७ (व.मी.) र २९३.१० (व.मी.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत......१

४०. मालपोत कार्यालय बागलुङ, बागलुङमा दर्ता श्रेष्ता कायम रहेको बागलुङ जिल्ला कालिका गा.वि.स. वडा नं. ३, नक्सा सिट नं. ३ स्थित कित्ता नं. ९१७, ९१८ र ९२० र को क्षेत्रफल क्रमश: १-०-०-१, ०-१५-३-० र ०-६-१-१ (रोपनी) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत............१

४१. मालपोत कार्यालय बागलुङ, बागलुङमा दर्ता श्रेष्ता कायम रहेको बागलुङ जिल्ला कालिका गा.वि.स. वडा नं. २, नक्सा सिट नं. २, कित्ता नं. ३६९५ क्षेत्रफल ०-५-२-० (रोपनी) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत................१

४२. मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)मा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला परासी गा.वि.स. वडा नं. ६, नक्सशा सिट नं. ६ स्थित कि.नं. क्रमस: ५८०, ५८४, ५७८, ५८६ र ५८२ क्षेत्रफल क्रमस: ०-०-३-०.५, ०-०-२-०, ०-०-४-०, ०-०-२-० र ०-०-३-० र ऐ.ऐ. वडा नं. ४ नक्सा सिट नं. ४ स्थित कि.नं. ४२३ क्षेत्रफल ०-०-६-०.५ (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

४३. मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम रहेको दोलखा जिल्ला मकैबारी गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. ४ स्थित कि.नं. २५२ र १००५ क्षेत्रफल १४९५ (बर्ग मि.) र ९७५ (बर्ग मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. १

४४. मालपोत कार्यालय बेलबारी, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला मृगौलिया गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९क स्थित कि.नं. ५७२ क्षेत्रफल ०-१-१५-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत. १

४५. मालपोत कार्यालय भोजपुरमा दर्ता श्रेष्ता कायम रहेको भोजपुर जिल्ला टक्सार गा.वि.स. वडा नं. १, नक्सा सिट नं. १, स्थित कि.नं. क्रमस: ४२८, ६९७ र ६९५ क्षेत्रफल क्रमस: ०-५-०-३, १-९-३-१ र १-०-०-३ (रोपनी)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत......१

४६. मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला सिसुवा गा.बि.स. वडा नं. ८ नक्सा सिट नं. ०९४११२७२ स्थित कि.न. ३७५७, ३७५९ र ३७३६ को क्षेत्रफल क्रमस: ०-३-०-०, ०-०-३-० र ०-१-३-० (रोपनी), ऐ.ऐ. वडा नं. ३ नक्सा सिट नं. ०९४१०८७४ कि.नं १५३१५ क्षेत्रफल ०-४-२-३ (रोपनी), ऐ.ऐ. कन्धनीडाँडा गा.बि.स. वडा नं. ५, सिट नं. ०९४०९२४ स्थित कि.नं. ५१४ क्षेत्रफल ०-८-०-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

४७. मालपोत कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला रकुवा गा.बि.स. वडा नं. ४ नक्सा सिट नं. ४ स्थित कि.नं. १५६७ को क्षेत्रफल १-०-०-० (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.................१

४८. मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला पोखरा उ.म.न.पा. वडा नं. १४ सिट नं. ०९४०९२२०५ स्थित कि.नं. १४० को क्षेत्रफल १६० (बर्ग मि.) र ऐ.ऐ. वडा नं. १४ सिट नं. ०९४०९६३१६ स्थित कि.नं. ५ को क्षेत्रफल ३०४ (बर्ग मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत................१

४९. मालपोत कार्यालय लमजुङमा दर्ता श्रेष्ता कायम रहेको लमजुङ जिल्ला रम्घा गा.बि.स. वडा नं. ७ नक्सा सिट नं. ७ स्थित कि.नं. ७५१ क्षेत्रफल ०-१३-०-२ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

५०. मालपोत कार्यालय बेलबारी, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला दुलारी गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. ४ख स्थित कि.नं. क्रमस: १३२५, १५५७, १५५९ र १४८३ क्षेत्रफल क्रमस: ०-६-४-०, ०-०-३-०, ०-६-४-०, ०-०-१७-०, ०-०-१२-१ (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

५१. मालपोत कार्यालय बेलबारी, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला दुलारी गा.वि.स. वडा नं. ८, नक्सा सिट नं. ८ख कि.नं. क्रमस: २२१९, ४६७७, ४६६०, ३१८०, ३६३८ र ३००१ क्षेत्रफल क्रमस: ०-०-१४-२, ०-०-१४-३, ०-०-१७-२, ०-०-५-१, ०-२-७-१, र ०-०-६-२ (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

५२. मालपोत कार्यालय बेलबारी, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला दुलारी गा.वि.स. वडा नं. ८, नक्सा सिट नं. ८ग स्थित कि.नं. १६०६ क्षेत्रफल ०-०-१४-२ (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

५३. मालपोत कार्यालय बेलबारी, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला दुलारी गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९ग कि.नं. क्रमस: ३५९, ३६२, ३५५, ३६१, ३५६ र ३५८ क्षेत्रफल क्रमस: ०-०-११-२, ०-१-६-०, ०-१-४-२, ०-१-२-०, ०-१-१३-१ र ०-१-१-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

५४. मालपोत कार्यालय बेलबारी, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला दुलारी गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ग स्थित कि.नं. ४५१ क्षेत्रफल ०-०-१५-१ (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

५५. मालपोत कार्यालय सुर्खेतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला गोठीकाँडा गा.वि.स. वडा नं. ६ नक्सा सिट नं ६क स्थित कि.नं. ११२५ र ११२८ क्षेत्रफल ६७.७२ (ब.मि.) र ९३.१३ (ब.मि.)को पक्की घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

५६. मालपोत कार्यालय गोटीखेल, ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जि. गोटिखेल गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ग स्थित कित्ता नं. १००, ६५ र ५८ को क्षेत्रफल १-३-०-०, १-७-०-० र १-०-०-० (रोपनी) जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.......१

५७. मालपोत कार्यालय बुर्तीबाङ, बाग्लुङमा दर्ता श्रेष्ता कायम रहेको बाग्लुङ जिल्ला बोहरागाउँ गा.बि.स. वडा नं. ५ नक्सा सिट नं. ५ स्थित कि.न. ७८४ र ९७९ को क्षेत्रफल २-५-२-० र ०-७-३-३ (रोपनी)को घर/जग्गा, र ऐ.ऐ. वडा नं. ४ नक्सा सिट नं. ४ स्थित कि.न. ५६ को क्षेत्रफल ३-१३-३-३ (रोपनी) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

५८. मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला महेन्द्र लदाभिर गा.बि.स. वडा नं. ४ नक्सा सिट नं. ४क स्थित कि.न. २७६ क्षेत्रफल ०-१-०-२, ऐ.ऐ. वडा नं. नं. ६ नक्सा सिट नं. ६क स्थित कि.न. १९०९, १२९३ र ७३७ को क्षेत्रफल क्रमश: ०-०-६-२, ०-०-७-० र ०-०-३-२ (बिघा) जग्गा, ऐ.ऐ. वडा नं. ६, नक्सा सिट नं. ६ख स्थित कि.न. ४६, ४४५ र ४९३ को क्षेत्रफल क्रमश: ०-१-०-०, ०-०-३-१ र ०-६-३-२ (बिघा) जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

५९. मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला कसेनी गा.वि.स. वडा नं. ४, नक्सा सिट नं.४ग स्थित कित्ता नं. १३५ क्षेत्रफल ०-२-०-० (बिघा), ऐ.ऐ. वडा नं. ५, नक्सा सिट नं. ५क स्थित कित्ता न. ४४६ र ७३२, क्षेक्रफल ०-३-०-० र ०-१-०-० (बिघा) घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

६०. मालपोत कार्यालय बिराटनगर, मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला बैजनाथपुर गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. १७८०६२५ स्थित कित्ता नं. ४५८ को क्षेत्रफल ६९४.०० (ब.मि.), ऐ.ऐ. वडा नं. ९ नक्सा सिट नं. १७८०६६५ स्थित कित्ता न. ४४ र ४६ को क्षेक्रफल ३६५.०० र ३५६५.०० (ब.मि.) जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

६१. मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला हरैंचा गा.वि.स. वडा नं. ८, नक्सा सिट नं. ८ख स्थित कित्ता नं. क्रमस: १४१४, १८८०, १८७९, १४१५, १४१७, १४१९, १४२०, १४२२, ९६९, १४१६, १४१८, १४२१, १४२३, ६६१ र ६२४ को क्षेत्रफल क्रमश: ०-०-८-२, ०-०-१०-०, ०-०-१०-०, ०-०-८-२, ०-४-५-३, ०-०-१-१, ०-०-१७-३, ०-०-१९-२, ०-३-९.७५-०, ०-४-५-२, ०-०-१-१, ०-०-१७-३, ०-०-१९-२, ०-१-१०-० र ०-१-०-० (बिघा) को घर/जग्गा, ऐ.ऐ. वडा नं. ९, नक्सा सिट नं. ९ग स्थित कित्ता न. ६७२१ र ५३०३ को क्षेक्रफल ०-०-३-० र ०-०-१२-० (बिघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

६२. मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला दुलारी गा.वि.स. वडा नं. ५, नक्सा सिट नं. ५च स्थित कित्ता नं. ६५६ र ६५४ को क्षेक्रफल ०-०-१८-० र ०-१-२-० (बिघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

६३. मालपोत कार्यालय टीकापुर, कैलालीमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला सिमराना गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. ४ स्थित कित्ता नं. ४५७ को क्षेत्रफल ०-३-०-० (बिघा) जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

६४. मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम रहेको दोलखा जिल्ला चरिकोट गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १५८१२०६ स्थित कित्ता नं. ४४५० क्षेत्रफल १९०.०० (वर्ग मि.)को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

६५. मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता कायम रहेको दोलखा जिल्ला चरिकोट गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. १५८१२४४ स्थित कित्ता नं. २३५४ को क्षेत्रफल १००४.०० बर्ग मि., ऐ.ऐ. वडा नं. ५ नक्सा सिट नं. १५८१२०४ स्थित कित्ता न. २३०८ र २३८२ को क्षेक्रफल २८६.०० र ६५३.०० (बर्ग मि.)को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

६६. मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला डांगीहाट गा.वि.स. वडा नं. ६, नक्सा सिट नं. ६ख स्थित कित्ता नं. १७१४ क्षेत्रफल ०-०-१०-० (बिघा) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

६७. मालपोत कार्यालय भोजपुरमा दर्ता श्रेष्ता कायम रहेको भोजपुर जिल्ला नामन्त गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९, स्थित कित्ता नं. १२२३, ७६२, १०९४, १०८६, १०९०, ९८६, ९८७, १०५२, १०५३, १०९७ र ११११ को क्षेत्रफल क्रमश: ४-०-०-०, ०-१५-३-२, १-४-२-१, ०-८-०-०, २-१-०-३, ६-८-१-३, ३-१३-२-०, ८-९-३-०, १-३-२-०, २-०-०-० र ३-०-०-० (रोपनी) को घर/जग्गा, ऐ.ऐ. वडा नं. ७, सिट नं. ७ स्थित कित्ता न. ११२५ को क्षेक्रफल ४-०-०-० (रोपनी) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

६८. मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)मा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला सुनवल गा.वि.स./न.पा. वडा नं. ७, नक्सा सिट नं. ७ग स्थित कित्ता नं. ६६ क्षेत्रफल ०-०-१३-१ (बिघा)को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

६९. मालपोत कार्यालय इलाममा दर्ता श्रेष्ता कायम रहेको इलाम जिल्ला लक्ष्मीपुर गा.बि.स. वडा नं. ४, नक्सा सिट नं. ४क स्थित कित्ता नं. ८० र १२२ को क्षेत्रफल ८-२-२-३ र ७-११-१-३ (रोपनी)को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

७०. मालपोत कार्यालय रङ्गेली, मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला सिजुवा गा.बि.स. वडा नं. ८, सिट नं. ८प स्थित कित्ता नं. ३८८ को क्षेत्रफल ०-५-०-० (बिघा) र ऐ.ऐ. बरडंगा गा.बि.स. वडा नं. ७ सिट नं. ७ङ स्थित कित्ता नं. १५८ को क्षेत्रफल १-४-१२-२ (बिघा) घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत......१

७१. मालपोत कार्यालय वर्दिया, वर्दियामा दर्ता श्रेष्ता कायम रहेको वर्दिया जिल्ला मोतीपुर गा.बि.स. वडा नं. ६ नक्सा सिट नं. ६ स्थित कित्ता नं. २३७० र २३७१ क्षेत्रफल ०-१-१२-० र ०-१-०-० (बिघा)को जग्गा, ऐ.ऐ. कालिका गा.बि.स. वडा नं. ६ नक्सा सिट नं. ०३४१०३४ स्थित कित्ता नं. ९७८ को क्षेत्रफल ३३८६.३० (वर्ग मी.) घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.................१

७२. मालपोत कार्यालय नुवाकोट, नुवाकोटमा दर्ता कायम रहेको नुवाकोट जिल्ला भैरबी गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ स्थित कित्ता नं. २०० क्षेत्रफल ५-१०-२-१ (रोपनी) जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.................१

७३. मालपोत कार्यालय रसुवामा दर्ता श्रेष्ता कायम रहेको रसुवा जिल्ला धैवुङ गा.बि.स. वडा नं. ४ नक्सा सिट नं. ४ स्थित कित्ता नं. ४०५, ४००, ४३९, ४५२, ४३४ र ५१० को क्षेत्रफल क्रमश: २-७-१-१, ०-१२-१-०, ३-१२-०-०, ०-४-३-३, १-८-०-० र २-९-०-२ (रोपनी) घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

७४. मालपोत कार्यालय रुपन्देही, रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला आनन्दबन गा.वि.स. वडा नं. २ नक्सा सिट नं. २क स्थित कित्ता नं. २३५७ क्षेत्रफल ०-०-७.५-० (बिघा) घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.................१

७५. मालपोत कार्यालय सर्लाही, सर्लाहीमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला हरीवन गा.बि.स. वडा नं. ६ नक्सा सिट नं. ६ठ स्थित कित्ता नं. ६५३ र ६५२ को क्षेत्रफल क्रमश: ५०७.९६ (वर्ग मी.) र १६९.३० (वर्ग मी.)को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

७६. मालपोत कार्यालय धादिङमा दर्ता श्रेष्ता कायम रहेको धादिङ जिल्ला सुनौलाबजार गा.बि.स. वडा नं. ६ नक्सा सिट नं. ६ठ स्थित कित्ता नं. ६ र २ क्षेत्रफल १-८-०-१ र ४-४-१-३ (रोपनी), ऐ.ऐ. वडा नं. ६ नक्सा सिट नं. ६ञ स्थित कित्ता नं. १४९, ९१, १२४ र १२८, क्षेत्रफल १-८-०-०, १-१०-०-०, ३-१२-२-० र ०-१०-२-१ (रोपनी), ऐ.ऐ. वडा नं. ६ नक्सा सिट नं. ६ङ स्थित कित्ता नं. १२४ र १२५ को क्षेत्रफल ०-१२-३-२ र ०-१५-३-० (रोपनी) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

७७. मालपोत कार्यालय मोरङ्ग, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला हरैचा गा.बि.स. वडा नं. ९ नक्सा सिट नं. ९छ स्थित कित्ता नं. ६९७ र १२१८ को क्षेत्रफल ०-०-०-२ र ०-०-८-२ (बिघा) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१

७८. मालपोत कार्यालय सुनसरी, सुनसरीमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. १ नक्सा सिट नं. १ग, स्थित कित्ता नं. १२२, १२३ र ३१८२ को क्षेत्रफल क्रमश: ०-०-४-०, ०-०-८-० र ०-०-५.७५-० को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

७९. मालपोत कार्यालय भोजपुर, भोजपुरमा दर्ता श्रेष्ता कायम रहेको भोजपुर जिल्ला माहादेवस्थान गा.वि.स. वडा नं. १, नक्सा सिट नं. १, स्थित कित्ता नं. ६१३ को क्षेत्रफल ०-१२-३-१ (रोपनी), ऐ.ऐ. वडा नं. ३ नक्सा सिट नं. ३, स्थित कित्ता नं. ३६७ र ३६५ को क्षेत्रफल ०-१०-३-२ र ०-५-३-० (रोपनी) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१

८० मालपोत कार्यालय भोजपुर, भोजपुरमा दर्ता श्रेष्ता कायम रहेको भोजपुर जिल्ला माहादेवस्थान गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९ स्थित कित्ता नं. ७७४ को क्षेत्रफल ४-०-१-२ (रोपनी), ऐ.ऐ. वडा नं. ५, नक्सा सिट नं. ५, स्थित कित्ता नं. १०३७ को क्षेत्रफल ४-८-२-१ (रोपनी) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१

८१ मालपोत कार्यालय वर्दियामा दर्ता श्रेष्ता कायम रहेको वर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ८ नक्सा सिट नं. ८ख, कित्ता नं. ४९३६ क्षेत्रफल ०-०-१०-० (विघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

८२. मालपोत कार्यालय बाँकेमा दर्ता श्रेष्ता कायम रहेको बाके जिल्ला खसकरकादो गा.वि.स. वडा नं. ८ सिट नं. ८, कित्ता नं. ९५२ र ११७४ क्षेत्रफल २७९.३५ (वर्ग मि.) जग्गा र ५५८.७२ (वर्ग मि.) को घरजग्गा तथा उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

८३. मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला बडहरा गा.बि.स. वडा नं. ३, नक्सा सिट नं. ३क स्थित कित्ता नं. ५९८ र ५९६ क्षेत्रफल ५६२.९२ (वर्ग मी.) को घर/जग्गा र १७५.६७ (वर्ग मी.) को जग्गा र ऐ.ऐ. विरेन्द्रनगर गा.बि.स. वडा नं. ६, नक्सा सिट नं. ६ख, कित्ता नं. ४१६ क्षेत्रफल १६९३.१५ (वर्ग मी.) को जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१

८४ मालपोत कार्यालय चितवन, चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला विरेन्द्रनगर गा.बि.स. वडा नं.८, नक्सा सिट नं. ८ स्थित कित्ता नं. ५५६ र ५५७ क्षेत्रफल ०-६-०-० र ०-६-०-० (विघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१

८५. मालपोत कार्यालय दमक, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला दमक न.पा. वडा नं. ६ सिट नं. ६, स्थित कित्ता नं. २२६४३ र १८२५८ क्षेत्रफल ०-०-१.५-० र ०-०-५-० (विघा) को घरजग्गा तथा उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१

८६. मालपोत कार्यालय दमक, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला अनरमानी गा.बि.स. वडा नं. ४ नक्सा सिट नं. १७९००८०१७ स्थित कित्ता नं. २१९, २२० र २१० को क्षेत्रफल क्रमश: ८३.०० (वर्ग मी.), ७०.५० (वर्ग मी.) र १२.५० (वर्ग मी.) को घरजग्गा तथा उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१

८७. मालपोत कार्यालय दमक, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला अनरमानी गा.बि.स. वडा नं. १ नक्सा सिट नं. १८०००४२ स्थित कित्ता नं. ८५३, १७९५ र १५४७ को क्षेत्रफल क्रमश: २१७.६६ (वर्ग मी.), १२०.९७ (वर्ग मी.) र १५२४ (वर्ग मी.) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १

८८. मालपोत कार्यालय दमक, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला अनरमानी गा.बि.स. वडा नं. ३ नक्सा सिट नं. १७९००८००४ कित्ता नं. ७२, १०२३ र ११५६ को क्षेत्रफल क्रमश: ८५.०० (वर्ग मी.) को घरजग्गा, ५०.७९ (वर्ग मी.) घरजग्गा र ८०.४५ (वर्ग मी.) को जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१

८९. मालपोत कार्यालय सिन्धुपाल्चोक, सिन्धुपाल्चोकमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला तातोपानी गा.बि.स. वडा नं. ७, सिट नं. ७ स्थित कित्ता नं. क्रमस: २०६, २०५, २१६, २१७ २१८, १८८, २२०, २४८, ५९१, १८९, २२१, २२३, २०७ र ६७१ को क्षेत्रफल क्रमश: ४-३-२-०, ५-७-२-२, २-५-३-३, १-११-३-१, ३-१-२-१, १-१३-३-०, ०-११-२-२, १-१५-१-१, २-१५-१-०, १-१५-०-०, १-२-०-१, २-८-३-०, ५-१४-२-३ र २-०-०-० (रोपनी) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१

९०. मालपोत कार्यालय रौतहट, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला चन्द्रनिघापुर गा.वि.स. वडा नं. २, सिट नं. २ कित्ता नं. १६७३ क्षेत्रफल ०-१-०-० (विघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१

९१. मालपोत कार्यालय रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला डुमरीया मटीउन गा.वि.स. वडा नं. २ नक्सा सित नं. २ख कित्ता नं. १२३१ क्षेत्रफल ०-५-१२-८ (विघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१


९२. मालपोत कार्यालय रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतहट जिल्ला डुमरीया मतीउन गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ४५१

क्रमश: ३

काठमाडौं १ मा बिरासत जोगाउने र इतिहास रच्ने प्रतिस्पर्धा

काठमाडौंका १० मध्ये सबैभन्दा कम मतदाता रहेको यो क्षेत्रमा २९ उम्मेदवार मैदानमा, जसमा चार महिला प्रतिस्पर्धामा छन्

प्रेम गौतम/नयाँ पत्रिका



संघीय राजधानी काठमाडौं, त्यसको पनि मुटु मानिने निर्वाचन क्षेत्र नम्बर १ मा बिरासत जोगाउने र इतिहास रच्ने प्रतिस्पर्धा हुँदै छ। ०६४ को पहिलो संविधानसभा निर्वाचनदेखिका चारवटै चुनाव जितेर आफ्नो किल्ला बनाएको कांग्रेसले यसपटक प्रकाशमान सिंहलाई विश्राम दिएको छ। कांग्रेसले युवा नेता प्रबल थापा क्षेत्रीलाई कांग्रेसको बिरासत जोगाउने अभिभारा छ। ०७४ मा विवेकशील साझा र ०७९ मा राप्रपाबाट सिंहका निकटतम प्रतिस्पर्धी राप्रपाका रवीन्द्र मिश्र संसद् छिर्ने दाउमा छन्। २१ फागुनमा हुने चुनावका लागि एमालेका मोहनराज रेग्मी, नेकपाका मेनुका भण्डारी (कृतु), रास्वपाका रञ्जु दर्शना (न्यौपाने)सहित २९ उम्मेदवार यही क्षेत्रबाट उम्मेदवार छन्।

०८४ को नियमित चुनाव ०८२ मै मध्यावधिमा परिणत गर्ने जेन-जी आन्दोलनको केन्द्र पनि यही क्षेत्र हो। त्यसैले यो क्षेत्र सर्वाधिक चासोको विषय बनेको छ।

हाल काठमाडौं १ मा पर्ने वडाहरू ०४८, ०५१ र ०५६ को संसदीय निर्वाचनमा फरक-फरक क्षेत्रमा थिए, त्यतिवेला काठमाडौंमा सातवटा निर्वाचन क्षेत्र थिए। ०६४ को निर्वाचनअघिदेखि यो क्षेत्र अस्तित्वमा आएको हो। त्यसअघि यही क्षेत्रबाट एमालेका जननेता मदन भण्डारीले तत्कालीन प्रधानमन्त्री कांग्रेसका कृष्णप्रसाद भट्टराईलाई ०४८ मा हराएका थिए।

०६४ मा एमालेका तत्कालीन नेता प्रदीप नेपाललाई हराएर सिंहले कांग्रेसको किल्ला बनाएका थिए। उनले ०६४, ०७०, ०७४ र ०७९ को चुनाव जिते। ०७४ को चुनावमा सिंह १० हजार ९३६ मत ल्याएर निर्वाचित हुँदा विवेकशील साझाका उम्मेदवार मिश्रले १० हजार ११८ मत पाएका थिए। तीन वर्षअघि राप्रपाबाट उम्मेदवार बन्दा १२५ मतान्तरले पराजित बनेका थिए। सिंह सात हजार १४३ मत ल्याएर निर्वाचित हुँदा मिश्रले भने सात हजार १८ मत ल्याएका थिए। त्यतिवेला कांग्रेसलाई नेकपा (तत्कालीन माओवादी र एकीकृत समाजवादी)ले सघाएका थिए। १६ दल र १३ स्वतन्त्र गरी २९ उम्मेदवारमध्ये चारजना मात्र महिला छन्। नेकपाले ३८ वर्षीया मेनुका भण्डारी (कृतु), रास्वपाले ३० वर्षीया रञ्जु दर्शना (न्यौपाने), नेमकिपाले ४१ वर्षीया रमिला ज्याख्व (सुवाल) र स्वतन्त्र उम्मेदवार शान्ति श्रेष्ठ चुनावी मैदानमा छन्।

एमालेले यो क्षेत्रमा मोहनराज रेग्मीलाई अघि सारेको छ। प्रकाशमानले भत्काएको पुरानो विरासत फर्काउने चुनौती उनलाई छ। ०४८ देखि ०५६ सम्म काठमाडौं १ एमालेले जितेको थियो। रास्वपाबाट उम्मेदवार रञ्जु ०७२ मा काठमाडौं महानगरपालिकाको मेयरको उम्मेदवार बनेर चर्चामा आएकी थिइन्। समानुपातिक बन्दसूचीबाट नाम फिर्ता लिएर आठ महिनाकी गर्भवती न्यौपाने प्रत्यक्षमा उत्रिएकी हुन्। ०७९ को निर्वाचनमा काठमाडौं ५ बाट उम्मेदवार बनेकी थिइन्। उनले पार्टी र निर्वाचन क्षेत्र दुवै फेरेकी छिन्।

त्यस्तै, नेमकिपाबाट रमिला ज्याख्व, मितेरी पार्टीबाट राजकुमार लिम्बू, जसपा नेपालबाट प्रकाश नायजू, प्रलोपाबाट सविन सिग्देल, श्रम संस्कृति पार्टीबाट समीर लामा, माओवादीबाट धनराज शाही, उज्यालो नेपालबाट मंगललाल श्रेष्ठ, रामुपाबाट इन्द्रप्रसाद श्रेष्ठ, जनसेवाबाट अर्जुनबहादुर शाही, समावेशी समाजवादीबाट सुरेन्द्र पाण्डे र जनादेश पार्टीबाट कमल सुवेदीसहित १३ जना स्वतन्त्र उम्मेदवार गरी २९ जना चुनावी मैदानमा छन्। असिमानसिंह बस्न्यात, कमल कोइराला, कुशल खत्री, कुमार शाही, किरण शाह, राजु भुजेल, रमेशप्रसाद जोशी, राजकुमार बजगाईं, शम्भु पोखरेल, शान्ति श्रेष्ठ, सुरेन्द्रप्रसाद ढकाल, सागर जोशी र संगीत बम स्वतन्त्र उम्मेदवार छन्।

घनाबस्ती, कम मतदाता

- काठमाडौं १ मा काठमाडौं महानगरपालिकाका १०, ११, २९ र ३१ वडा पर्छन्। काठमाडौंमा १० क्षेत्रमध्ये सबैभन्दा कम ४८ हजार ४८९ मतदाता छन्। जसमा महिला २५ हजार २५२ र पुरुष २३ हजार २३७ छन्। २२ मतदानस्थल र ५७ मतदान केन्द्र छन्।
- नयाँ बानेश्वर, पुरानो बानेश्वर, भीमसेनगोला, डिल्लीबजार, पुतलीसडक चोकबाट पूर्वतर्फको सिंहदरबारतर्फ, अनामनगर, बुद्धनगर, बबरमहल, माइतीघर थापाथली पुल उत्तर-पश्चिम हुँदै त्रिपुरेश्वर, भोटेबहालसम्म पर्छ। मतदानस्थल २२, मतदान केन्द्र ५७ छन्।

के भन्छन् उम्मेदवार ?

जनजीविकाका मुद्दामा निरन्तर आवाज उठाउँछु



● **प्रबल थापा**, कांग्रेस

सुशासन र राजनीति सुधार, लोकतन्त्रको रक्षा, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन, नीति-निर्माणमा सक्रिय र रचनात्मक भूमिका निर्वाह गर्नेछु। ट्राफिक व्यवस्थापनमा सुधार र वैज्ञानिक पार्किङ प्रणाली लागू गर्ने, व्यावसायिक सुरक्षाको वातावरण निर्माण, शान्त र सुरक्षित आवास क्षेत्र, स्थानीयमा उद्यमशीलता प्रवर्द्धन, भित्री बसोवास स्थलबिच कनेक्टिभिटी, स्वच्छ खानेपानी, फोहोर व्यवस्थापन, ढल निकासको एजेन्डा हुन्।

उपस्थित भएर समस्या समाधानमा पहल गर्छु



● **रवीन्द्र मिश्र**, राप्रपा

सांसदको रूपमा मेरो दुईटा दायित्व हुनेछ। एउटा राष्ट्रिय राजनीतिमा मैले खेल्ने भूमिकाको दायित्व र अर्को मेरो निर्वाचन क्षेत्रप्रतिको दायित्व। राष्ट्रिय एजेन्डामा राजनीतिमा मैले आजभन्दा २०-३० वर्षपछिको देशको भविष्यलाई मनन गरेर, देशको आन्तरिक र भूराजनीतिक संवेदनशीलतालाई मनन गरेर मेरो ब्रह्म, विवेक, इमान, क्षमताले भ्याएसम्म नीति, नियम र कानुन निर्माणमा खेल्ने भूमिका।

अव्यवस्थित बसोबास हटाउन पहल गर्छु



● **मोहनराज रेग्मी**, एमाले

अव्यवस्थित र सुकुमवासी बस्ती समस्यालाई हल गर्ने मुख्य मुद्दा हुन्। नदी-किनारमा अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउनेछु। हाम्रो पार्टीले हिजो ४० मिटरको मापदण्ड हटाउने कुरामा मुद्दा गरेको थियो। त्यसको परिणाम आज २० मिटर कायम भएको छ। व्यवसाय सञ्चालन गर्न दिउँसो पार्किङको व्यवस्थापन नहुने समस्या छ।

स्थानीय तह र केन्द्रीय मन्त्रालयसँग जोडेर काम गर्नेछु



● **रञ्जु दर्शना (न्यौपाने)**, रास्वपा

स्थानीय तह र केन्द्रीय मन्त्रालयसँग जोडेर क्षेत्रको विकास निर्माणका लागि काम गर्नेछु। क्षेत्रमा भएका समस्या समाधान गर्नेछु। साइकलमैत्री क्षेत्र बनाउने, पुराना बस्तीमा एम्बुलेन्स, दमकलसमेत जान नसक्ने अवस्था छ, त्यसलाई व्यवस्थित गर्ने, सुकुमवासी बस्ती र बागमती सभ्यताको विषय पनि छ। जेन-जी विद्रोहको इपिसेन्टर यही क्षेत्र हो। यहाँ विशेष सुरक्षाको स्थिति पनि जरुरी छ।

भ्रष्टाचारविरुद्ध शून्यसहनशीलताको मुद्दा उठाउँछु



● **मेनुका भण्डारी** (कृतु), नेकपा

संविधान संशोधन, शिक्षा, स्वास्थ्य र रोजगारीको मौलिक हक ग्यारेन्टी, राजनीतिक स्थिरताका लागि शासकीय स्वरूपमा परिमार्जन, राष्ट्रियता, भ्रष्टाचारविरुद्ध शून्यसहनशीलतालगायतका विषय उठाउनेछु। नेवालगायत अन्य समुदायको भाषा, धर्म, संस्कृति, कला र सम्पदाको संरक्षणलगायतका काम गर्नेछु।

संखुवासभामा पुरानाभन्दा नयाँ उम्मेदवारको चर्चा

कांग्रेस, एमाले, नेकपा र रास्वपाबिच भिडन्त हुने

संखुवासभामा **नवीन गुरुङ**



दीपेनकुमार श्रेष्ठ
कांग्रेस



डा. अर्जुनकुमार कार्की
एमाले



सरिता थापा खड्का
नेकपा



मिङमा शेर्पा
रास्वपा

२१ फागुनको निर्वाचन नजिकिँदै जाँदा एक मात्र निर्वाचन क्षेत्र रहेको संखुवासभामा चुनावी माहोल ह्वात्तै बढेको छ। यसपटक पुराना ठुला दलभन्दा नयाँ दलको चर्चा बढी हुन थालेको छ। कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीको विकल्पमा आएका नयाँ पार्टी रास्वपा, श्रम संस्कृति पार्टी र राष्ट्रिय परिवर्तन पार्टीको चर्चा हुन थालेको छ।

०८४ मा हुनुपर्ने प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचन गत २३ र २४ भदौको जेन-जी आन्दोलनले करिब दुई वर्षअगाडि नै हुन लागेको हो। विगतमा संखुवासभामा कांग्रेस र एमालेले चुनाव जित्दै आएका थिए। दलका नेता, कार्यकर्ता र उम्मेदवारहरू गाउँ-गाउँमा भेटिन थालेका छन्। बजार र चोक बसेर चुनावी गफ गर्नेहरू नयाँले बजार तताएको बताउँछन्। जेन-जी आन्दोलनपछि उदाएका नयाँ दलहरू बढी सक्रिय भएका छन्। मुलुकको विकास र समृद्धिका लागि आफूहरू लागिरहेको उनीहरूको भनाइ छ। नयाँ पार्टीले विभिन्न नयाँ-नयाँ घोषणा र प्रतिबद्धतापत्र सार्वजनिक गरेसँगै पुराना राजनीतिक दलहरूलाई दबाब सिर्जना भएको छ। त्यसैले पुराना ठुला दल कांग्रेस, एमाले, नेकपा र राप्रपालगायत पार्टीले समेत नयाँ अनुहारलाई मैदानमा उतारेका छन्।



संखुवासभा : १

मतदाता : १,१९,६३०
महिला : ५७,४५८
पुरुष : ६२,१७२
मतदानस्थल : १०९
मतदान केन्द्र : १६४
उम्मेदवार : १६

कांग्रेसबाट दीपनकुमार श्रेष्ठ, एमालेबाट डा. अर्जुनकुमार कार्की, नेपाली कम्युनिस्ट पार्टीबाट सरिता थापा खड्का र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट पदमबहादुर तामाङ चुनावी मैदानमा छन्। यी सबै नयाँ अनुहार हुन्। पछिल्लो समय उदाएका राष्ट्रिय स्वतन्त्र पार्टीबाट मिङ्मा शेर्पा, श्रम संस्कृति पार्टीबाट उमादेवी राई र राष्ट्रिय परिवर्तन पार्टीबाट उम्मेदवार बनेका घनश्याम वालिङ राई चुनावी घोषणापत्र बोकेर गाउँ-गाउँमा भोट माग्न व्यस्त छन्। नेपाल मजदुर किसान पार्टीबाट राजकुमार लघु, मंगोल अर्गनाइजेसनबाट देवेन्द्र रिल्ली घले, नेकपा (माओवादी) बाट पुष्पबहादुर कोइराला, जसपा नेपालबाट भरतकुमार राई, नेपाल जनमुक्ति पार्टीबाट केशरसिंह राई, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट रनमाया राई, नेपाली जनश्रमदान संस्कृति पार्टीबाट कृष्णबहादुर राई, राष्ट्रिय जनमोर्चा पार्टीबाट हेमकुमार गुरुङ गाउँबस्तीमा आफ्ना एजेन्डा सुनाउँदै हिँडेका छन्। संखुवासभामा १५ वटा दल र मादी नगरपालिका- ४ का वासुदेव दाहालले स्वतन्त्र उम्मेदवारी दिएका छन्।

बालेन रास्वपा प्रवेश गरेपछि चर्चा चुलियो

पछिल्लो समय संखुवासभामा राष्ट्रिय स्वतन्त्र पार्टीको चर्चा बढेको छ। सभापति रवि लामिछाने र काठमाडौं महानगरपालिकाका पूर्वमेयर बालेन्द्र शाह बालेन रास्वपा प्रवेश गरेपछि चर्चा चुलिएको हो। रास्वपाबाट मिङ्मा शेर्पा उम्मेदवार बनेका छन्। पर्यटन व्यवसायमा आबद्ध शेर्पा कांग्रेसबाट टिकट नपाउने भएपछि रास्वपा प्रवेश गरेका हुन्।

पछिल्लो समय धरान उपमहानगरपालिकाको मेयर जितेर उदाएका हर्क साम्पाङ अध्यक्ष रहेको श्रम संस्कृति पार्टीले पूर्वी क्षेत्रमा माहोल बढाउँदै लगेको छ। श्रम संस्कृति पार्टीबाट संखुवासभाबाट उमादेवी राई उम्मेदवार छिन्। पूर्वी क्षेत्र बलियो पकड बनाएको श्रम संस्कृति पार्टीले मुलुकको अधिकांश निर्वाचन क्षेत्रमा उम्मेदवार उठाएको छ।

जेन-जी आन्दोलनमा खुट्टा गुमाएका राजेश पोर्तेल केन्द्रीय अध्यक्ष रहेको राष्ट्रिय परिवर्तन पार्टी पछिल्लो समय उदाएको पार्टी हो। संखुवासभामा राष्ट्रिय परिवर्तन पार्टीबाट घनश्याम वालिङ राई उम्मेदवार छन्। मुलुकको परिवर्तनका लागि खुट्टा गुमाएका पोर्तेल पार्टी खोलेर चुनावी मैदानमा उत्रिएका हुन्। केन्द्रीय अध्यक्ष पोर्तेलले संखुवासभा आएर भोट माग्नुका साथै संगठन विस्तारको औपचारिक घोषणा गरेका थिए।

१५ वटा राजनीतिक दल र एक स्वतन्त्र गरी १६ जनाबिच प्रतिस्पर्धा भए पनि मुख्यतः चार पार्टीबिच नै भिडन्त हुने देखिएको छ। कांग्रेस, एमाले र नेकपालाई रास्वपाले टक्कर दिने मतदाता बताउँछन्।

०७९ को निर्वाचनमा प्रतिनिधिसभामा कांग्रेसका दीपक खड्का ३२ हजार १६१ मत प्राप्त गरी विजयी बनेका थिए। उनका निकटतम प्रतिद्वन्द्वी एमालेका राजेन्द्र गौतमले २६ हजार ७२१ मत प्राप्त गरेका थिए। पाँच हजार ४४० मतान्तरले कांग्रेसका खड्का विजयी बनेका थिए। त्यतिवेला कांग्रेस र तत्कालीन माओवादीबिच गठबन्धन भएको थियो। समानुपातिक मततर्फ एमालेले २४ हजार ९४८ मत प्राप्त गरेको छ। कांग्रेसले २२ हजार ७३१, तत्कालीन माओवादीले ६ हजार ३५८ मत प्राप्त गरेका थिए। समानुपातिकतर्फको मत हेर्दा एमाले संखुवासभामा संगठनात्मक रूपमा बलियो देखिन्छ।

अहिले नयाँ पार्टीका रूपमा चर्चामा रहेको राष्ट्रिय स्वतन्त्र पार्टी ०७९ मा प्रतिनिधिसभा निर्वाचनमा सहभागी भएको थियो। त्यतिवेला रास्वपाका उम्मेदवार भक्तनारायण श्रेष्ठले एक हजार १३६ मत प्राप्त गरेका थिए। संखुवासभामा एक लाख १९ हजार ६३० मतदाता छन्। प्रतिनिधिसभा निर्वाचनका लागि जिल्लामा १०९ मतदानस्थल र १६४ मतदान केन्द्र रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

■ पर्वतारोही रेस्क्यु प्रकरण

श्रीद्धि इन्टरनेसनल अस्पतालका डाक्टर पक्राउ

नयाँ पत्रिका

नेपाल घुम्न आएका विदेशी पर्यटकको उद्धारपछि उपचार गरेको भन्दै नक्कली कागजात बनाई बिमा रकम दाबी गर्ने श्रीद्धि इन्टरनेसनल अस्पतालका डाक्टर पक्राउ परेका छन्। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का अनुसार पक्राउ पर्नेमा ४४ वर्षीय डा. गीर्वाणराज तिमिल्सिना छन्। उनले उद्धार भएका विदेशी पर्यटक अस्पतालमा भर्ना भएको भन्दै नक्कली एड्मिसन र डिस्चार्ज रिपोर्ट बनाउँदै आएका थिए। सोही कागजातका आधारमा रेस्क्युमा संलग्न कम्पनीले बिमा रकम असुल्दै आएका थिए।

सिआइबीका प्रवक्ता एसएसपी शिवकुमार श्रेष्ठले अस्पतालमा भर्ना भएको भन्दै बिरामीको नक्कली कागजात बनाएको भेटिएपछि तिमिल्सिनालाई पक्राउ गरिएको बताए। 'सिआइबीले फेक रेस्क्युमा हुने ठगीको सम्बन्धमा अनुसन्धान गर्दै आएको छ। यसमा पर्यटन व्यवसायी र रेस्क्युमा संलग्न ट्राभल एजेन्सी मात्रै होइन, अस्पतालको पनि मिलेमतो रहेको देखिन्छ। यो घटनामा लाजिम्पाटस्थित श्रीद्धि इन्टरनेसनल अस्पताल पनि संलग्न रहेको देखियो। घटनामा संलग्न अस्पतालका एकजना डाक्टर पक्राउ गरेका छौं,' उनले भने।

प्रहरीले यसअघि नक्कली कागजात बनाई बिमा रकम दाबी गर्ने तीन कम्पनीका ६ जनालाई प्रहरीले पक्राउ गरेको थियो। पक्राउ पर्नेमा माउन्टेन रेस्क्यु सर्भिस प्रालिका मालिक जयराम रिमाल र म्यानेजर विवेक पाण्डे, नेपाल चार्टर सर्भिस प्रालिका मालिक रवीन्द्र अधिकारी र म्यानेजर विवेकराज थपलिया, एभरेस्ट इक्सपेरियन्स एन्ड असिस्टेन्स प्रालिका मालिकद्वय मुक्ति पाण्डे र सुभाष केसी छन्। उनीहरूविरुद्ध अनुसन्धान जारी भएको सिआइबीले जनाएको छ। 'सिआइबीले फेक रेस्क्युमा संलग्न तीन कम्पनीका ६ जना सञ्चालकलाई यसअघि पक्राउ गरेको थियो। उनीहरूविरुद्ध अनुसन्धान जारी छ। नयाँ तथ्य खुल्दै गएका छन्। घटनामा अरू पनि संलग्न रहेको अनुसन्धानबाट खुलेको छ,' श्रेष्ठले भने।

प्रहरीका अनुसार पक्राउ परेकाले सन् ०२२ यता मात्रै नक्कली कागजातका आधारमा झन्डै दुई अर्ब ८५ करोड ६२ लाख ५० हजार १६५ रुपैयाँ बिमा दाबी गरेको अनुसन्धानबाट खुलेको छ। सिआइबीका अनुसार सन् ०२२ यता माउन्टेन रेस्क्युले मात्रै एक हजार २४८ विदेशी पर्यटकको रेस्क्यु गरेको तथ्यांक छ। जसमध्ये १७१ पर्यटकको रेस्क्यु नक्कली रहेको देखिन्छ। सोही आधारमा कम्पनीले एक करोड तीन लाख १० हजार २७६ हजार अमेरिकी डलर अर्थात् एक अर्व ४९ करोड ४९ लाख ९० हजार रुपैयाँ बिमाबापतको रकम इन्सुरेन्स कम्पनीमा दाबी गरेको थिए। सोही अवधिमा अर्को रेस्क्यु कम्पनी नेपाल चार्टरले ४७१ पर्यटकको रेस्क्यु गरेको थियो। जसमध्ये ७५ जनाको रेस्क्यु शंकास्पद देखिएको छ।

नेकपा बन्यो सुदूरपश्चिम प्रदेश सभामा ठुलो दल

धनगढी/ नेपाली कम्युनिस्ट पार्टी सुदूरपश्चिमको संसदीय दल समायोजन भएसँगै प्रदेश सभामा दलहरूको हैसियत फेरिएको छ। नेकपा संसदीय दलको नेतामा खगराज भट्ट चयन भएका छन्। पार्टी केन्द्रको सर्कुलरअनुसार भट्टलाई सर्वसम्मत रूपमा दलको नेता चयन गरिएको र संसदीय दलका अरू पदाधिकारी निर्वाचनपछि चयन गरिने नेकपाका सांसद शिवसिंह ओलीले जानकारी दिए।

२१ सदस्यसहित नेकपा सबैभन्दा ठुलो दल बनेको छ। यसअघि सबैभन्दा ठुलो दल रहेको कांग्रेसको हैसियत दोस्रो ठूलो दलमा पुगेको छ। प्रदेश सभामा कांग्रेसका १८, एमालेका ११ तथा राप्रपा र रास्वपाका एक-एक सांसद छन्। भट्टलाई नेता चयन गरेपछि लगत्तै बसेको संसदीय दलको बैठकले दलको विधान मस्यौदा तयार पार्न पाँच सदस्यीय कार्यदल गठन गरेको छ। कार्यदलमा प्रदेश सांसद रमेशसिंह धामी, ओमविक्रम भाट सरल, खुसीराम डगौरा थारू, माया पन्त र इन्दिरा गिरी छन्। बैठकले प्रदेश सरकार पूर्णतः असफल भएको ठहरसमेत गरेको छ।

क्षेत्रफल ०-०-३-४ (विघा) को जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
९३. मालपोत कार्यालय पाचथरमा दर्ता श्रेष्ता कायम रहेको पाचथर जिल्ला फिदिम गा.वि.स. वडा नं. ५ नक्सा सिटन ५क कित्ता नं. १०१४ को क्षेत्रफल ०-४-०-० (रोपनी) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
९४. मालपोत कार्यालय पाचथर, पाचथरमा दर्ता श्रेष्ता कायम रहेको पाचथर जिल्ला फिदिम गा.वि.स. वडा नं. २ नक्सा सिट नं. २क कित्ता नं. ७७३ क्षेत्रफल ०-४-३-१ (रोपनी) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
९५. मालपोत कार्यालय तनहुँमा दर्ता श्रेष्ता कायम रहेको तनहुँ जिल्ला सुन्धारा गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १क, कित्ता नं. ४५३ क्षेत्रफल ९-८-०-० (रोपनी) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
९६. मालपोत कार्यालय ईलाममा दर्ता श्रेष्ता कायम रहेको इलाम जिल्ला आईतबारे गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९क, कित्ता नं. ३५५ को क्षेत्रफल १-१२-०-० (रोपनी) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
९७. मालपोत कार्यालय दमक, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला चन्द्रगढी गा.बि.स. वडा नं. ३, नक्सा सिट नं. ३, स्थित कित्ता नं. क्रमसः ८९५, १०५३, १०५६, १४१, १४३, १४४, १४५, १४९९, १५००, १३७७, २१८३, २१८२ र २१८४ को क्षेत्रफल क्रमशः ०-७-०-०, ०-१-०-०, ०-८-०-०, ०-१५-१०-०, ०-५-१५-०, ०-८-०-०, ०-६-०-०, ०-१-५-०, ०-१-१०-०, ०-२-०-०, ०-१२-१५-०, ०-३-०-० र ०-२-०-० (विघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
९८. मालपोत कार्यालय बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला भवानीपुर जितपुर गा.वि.स. वडा नं. ४ नक्सा सिट नं. ४ख, स्थित कित्ता नं. १९, २० र ४६ को क्षेत्रफल: ०-७-०-०, ०-१३-०-० र ०-३-०-० (विघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
९९. मालपोत कार्यालय बारा, बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला भवानीपुर जितपुर गा.वि.स. वडा नं. ४, सिट नं. ४, स्थित कित्ता नं. २९४ र २९५ क्षेत्रफल १-२-०-० र १-०-०-० (विघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
१००. मालपोत कार्यालय बारा, बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला पिप्रा सिमारा गा.वि.स. वडा नं. २ सिट नं. २ख, कित्ता नं. १३६१ क्षेत्रफल ४-०-०-० (विघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
१०१. मालपोत कार्यालय रौतहट, रौतहटमा दर्ता श्रेष्ता कायम रहेको रौतटट जिल्ला जुडिबेला गा.वि.स. वडा नं. ७ सिट नं. ७ कित्ता नं. क्रमसः ११४१, ६९५, ४४५, ४४६ र ११४० को क्षेत्रफल क्रमशः ०-९-०-०, ०-९-०-०, ०-४-०-०, ०-३-१०-० र ०-१२-०-० (विघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
१०२. मालपोत कार्यालय झापा, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला शिवगंज गा.वि.स. वडा नं. ७ सिट नं. ७ स्थित कित्ता नं. १०२६९ र १०२६६ क्षेत्रफल ०-१-३-० र ०-३-१७-० (विघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
१०३. मालपोत कार्यालय झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला शिवगंज गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९ कित्ता नं. ५०६ क्षेत्रफल ०-१-०-० (विघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
१०४. मालपोत कार्यालय झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला अनारमनी गा.वि.स. वडा नं. ४ नक्सा सिट नं. १७९०११९ स्थित कित्ता नं. १८३६ क्षेत्रफल ११८.५२ (वर्ग मी.) को घरजग्गा तथा उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
१०५. मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर जिल्ला बालकोट गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९, स्थित कित्ता नं. ७४२ क्षेत्रफल १-०-०-० (रोपनी) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
१०६ मालपोत कार्यालय झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला पृथ्वीनगर गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. १८००७६६, कित्ता नं. २८५ र २८६ क्षेत्रफल २७५५.०० र २४००.०० (वर्ग मि.) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
१०७. मालपोत कार्यालय झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला शिवगंज गा.वि.स. वडा नं. ८, नक्सा सिट नं. ८क स्थित कित्ता नं. ५४ क्षेत्रफल १-६-१०-० (विघा) र ऐ.ऐ. वडा नं. ९ नक्सा सिट नं. ९ब, कित्ता नं. १५१, क्षेत्रफल ०-१-१३-० (विघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १
१०८. मालपोत कार्यालय झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला बैगुनधुरा गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. १७९०६२३ स्थित क्रमसः कित्ता नं. ३१७, ८९४ र ८९३ क्षेत्रफल क्रमसः क्रमशः २०३१.७८ (व.मि), ४७४०.८२ (व.मि) र ३८१९.१८ (व.मि.)को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १
१०९ मालपोत कार्यालय झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला पांचगाछी गा.वि.स. वडा नं. १ नक्सा सिट नं. १ग, कित्ता नं. २४८६ क्षेत्रफल १-२-६.५-० (बिघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
११०. मालपोत कार्यालय पर्सा, बिरगंजमा दर्ता श्रेष्ता कायम रहेको पर्सा जिल्ला हरपुर गा.वि.स. वडा नं. ५, नक्सा सिट नं. ५, स्थित क्रमसः कित्ता नं. ९०, ३३४ र ८८ क्षेत्रफल क्रमशः ०-१५-०-०, ०-१३-०-० र ०-१०-११-० (विघा) को जग्गा र ऐ.ऐ. गा.वि.स. वडा नं. ४, नक्सा सिट नं. ४, कित्ता नं. ६३ र ३५८, क्षेत्रफल ०-३-०-० र ०-०-१०-० (विघा) को जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत...१
१११. मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला इमाडोल गा.वि.स. वडा नं. ३, नक्सा सिट नं. १०२१२२७१७, कित्ता नं. १३७ क्षेत्रफल ९७.४५ (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १
११२. मालपोत कार्यालय ढल्केबर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला ढल्केबर गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. ७क, कित्ता नं. ७४१ र ७४३ क्षेत्रफल ०-०-१५-११ र ०-३-१०-० (बिघा)को घर/जग्गा र ऐ.ऐ. वडा नं. वडा नं. ४ नक्सा सिट नं. ४ख, कित्ता नं. ८८५, क्षेत्रफल ०-०-१३-० (विघा) को घर/जग्गा तथा उक्त घर/गजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १
११३. मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषामा जिल्ला बेगा शिवपुर गा.वि.स. वडा नं. ३, नक्सा सिट न ३ख, कित्ता नं. १३०९ क्षेत्रफल ०-३-०-० (बिघा)को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
११४. मालपोत कार्यालय दोलखामा दर्ता श्रेष्ता काम रहेको दोलखामा जिल्ला चरिकोट गा.वि.स. वडा नं. १ नक्सा सिट न १५८१२४६१, कित्ता नं. ३१९९ र ३१६५ क्षेत्रफल २२९० (वर्ग मि.) र ३४०० (वर्ग मि.) ऐ.ऐ. वडा नं. २ नक्सा सिट न १५८१५७५, कित्ता नं. ५७० र ६६५ क्षेत्रफल ४८.०० (वर्ग मि.) र १२०० (वर्ग मि.) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
११५. मालपोत कार्यालय सिराहामा दर्ता श्रेष्ता कायााम रहेको सिराहामा जिल्ला दहीपौंडी गा.वि.स. वडा नं. २ नक्सा सिट नं. २, कित्ता नं. ३०४ र ३०२७ क्षेत्रफल ०-६-०-० र ०-१०-१३-० (बिघा) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
११६ मालपोत कार्यालय रंगेली, मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङमा जिल्ला झुर्किया गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९च, कित्ता नं. ३१६ र ३२० क्षेत्रफल ०-२-०-० र ०-७-०-० (बिघा) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
११७. मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेष्ता कायम रहेको झापामा जिल्ला पाराखोपी गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. ६, कित्ता नं. ४५०९ क्षेत्रफल ०-२-०-० (बिघा), ऐ.जि. गरामुनी गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. १७९०१९८, कित्ता नं. ४०१ क्षेत्रफल ३७२४.९३ (वर्ग) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
११८ मालपोत कार्यालय कन्चनपुर, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरीमा जिल्ला कन्चनपुर गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. ९ख, कित्ता नं. १६९ र १६८ क्षेत्रफल ०-१-२.५-० र ०-१-२.५-० (बिघा) र ऐ.ऐ. वडा नं. ४ नक्सा सिट नं. ४, कित्ता नं. १८३३ क्षेत्रफल ०-०-१३-० (बिघा) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१
११९. मालपोत कार्यालय पोखरा, कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला अर्घौं गा.वि.स. वडा नं. ४ नक्सा सिट नं. ०९४०९६७१, कित्ता नं. ४९६ र ४९७ क्षेत्रफल १-१५-२-१ र ०-११-०-० (रोपनी)को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........१

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :
मिति २०८२/११/११ गते सोमबार, कार्यालय समय भित्र।

बोलपत्र खोलिने मिति, समय र स्थान :
मिति २०८२/११/१२ गते मंगलबार दिनको २:०० बजे, बैंकको प्रधान कार्यालय, कर्जा असुली विभाग, बबरमहल, काठमाण्डौ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

ठुला जलविद्युत् आयोजनामा अन्तर्राष्ट्रिय अनुभव

ठुला जलविद्युत् आयोजना निर्माणका लागि सार्वजनिक निजी साझेदारीअन्तर्गत मिश्रित लगानी व्यवस्था लोकप्रिय मानिन्छ



● अर्जुनकुमार गौतम

अग्रलेख

जलविद्युत् नेपालजस्ता विकासोन्मुख देशका लागि ऊर्जा सुरक्षा, रोजगारी सिर्जना, आर्थिक वृद्धि र दिगो विकासको प्रमुख आधारका रूपमा देखिएको छ। विश्वका कम तथा न्यून मध्यम आय भएका कतिपय देशमा जलविद्युत्को सम्भावना प्रशस्त छ। तथापि, उच्च प्रारम्भिक लागत, लामो निर्माण तथा लगानी फिर्ता अवधि, बहुआयामिक जोखिम र सीमित वित्तीय स्रोतका कारण ठुला जलविद्युत् आयोजना विकास त्यस्ता देशका लागि जटिल बन्दै गएका छन्। जलविद्युत् विश्वकै सबैभन्दा परिपक्व, विश्वसनीय र दिगो नवीकरणीय ऊर्जाको स्रोत हो। ठुला जलविद्युत् आयोजनाले विद्युत् उत्पादनसँगै बाढी नियन्त्रण, सिँचाइ, खानेपानी आपूर्ति, पर्यटन प्रवर्द्धन तथा औद्योगिक विकासमा योगदान पुर्‍याउँछन्। तर, कम तथा न्यून मध्यम आय भएका देशहरूमा विद्युत् उत्पादनको पर्याप्त सम्भावना हुँदाहुँदै पनि यथोचित विकास हुन सकेको छैन। विद्युत् पहुँचको अभावले परम्परागत ऊर्जाप्रतिको निर्भरता अपेक्षित रूपमा घट्न सकेको छैन। यो दिगो विकास तथा शून्य कार्बन उत्सर्जनको लक्ष्यप्राप्तिका लागि प्रमुख चुनौती हो। स्वच्छ तथा नवीकरणीय ऊर्जाको अपर्याप्तताले औद्योगिकीकरण, रोजगारी सिर्जना र गरिबी निवारणमा अवरोध सिर्जना गरेको छ। यसको प्रमुख बाधक आवश्यक वित्तीय स्रोतको अभाव नै हो।


विश्वका कम तथा न्यून मध्यम आय भएका देशहरूमा ठुला जलविद्यूत् आयोजना निर्माणमा (क) पूर्ण सार्वजनिक वित्तीय ढाँचा (ख) सार्वजनिक-निजी साझेदारी र (ग) नयाँ द्विपक्षीय वित्तीय ढाँचाको प्रयोग भएको पाइन्छ। यी ढाँचा समय, राजनीतिक-आर्थिक परिवेश र वित्तीय बजारको विकाससँगै परिवर्तन हुँदै आएका छन्। सन् १९७० देखि १९९० को दशकसम्म अधिकांश ठुला जलविद्युत् आयोजना सरकारको नेतृत्वमा र पूर्ण सार्वजनिक वित्तीय ढाँचामा निर्माण गरिन्थे। यस ढाँचामा सरकारको आन्तरिक स्रोतबाट सीमित सेयर पुँजी एवं विश्व बैंक, एसियाली विकास बैंकलगायत बहुउद्देश्यीय विकास बैंकहरूको सहुलियत ऋणबाट आयोजना विकासका लागि आवश्यक लगानी जुटाइन्छ। आयोजना निर्माणमा सरकारी स्वामित्वका विद्युत् संस्थाहरूको प्रमुख भूमिका रहन्छ।

कुल १,९६० मेगावाट क्षमताको भारतको कोयना जलाशययुक्त जलविद्युत् आयोजना महाराष्ट्र सरकारले निर्माण गरेको पूर्ण सरकारी स्वामित्वको आयोजना हो। सन् १९६२ मा निर्माण प्रारम्भ भई क्रमशः विभिन्न चार चरणमा गरी सन् १९८१ मा निर्माण सम्पन्न भएको थियो। आयोजना निर्माणका लागि केन्द्रीय सरकारले महाराष्ट्र राज्य सरकारलाई ऋण प्रदान गरेको थियो। आयोजनाको टर्बाइन, जेनेरेटर, इलेक्ट्रो-मेकानिकल उपकरण, विदेशी परामर्शलगायत वैदेशिक मुद्रामा भुक्तानी गर्नुपर्ने खर्चको पूर्तिका लागि विश्व बैंकले भारत सरकारलाई अमेरिकी डलरमा सहुलियतमूलक ऋण उपलब्ध गराएको थियो। भारत सरकारले आयोजना कार्यान्वयनका लागि आयोजनालाई पुनः ऋण प्रदान गरेको थियो। वैदेशिक विनिमय दरको जोखिम भारत सरकारले वहन गरेको थियो। सेयर लगानी महाराष्ट्र सरकाले आन्तरिक स्रोतबाट व्यहोरेको थियो। यस आयोजनालाई केन्द्र सरकार, राज्य सरकार र बहुपक्षीय विकास बैंकको प्रभावकारी संयोजनको उदाहरणका रूपमा लिन सकिन्छ।

जाम्बियामा रहेको इटेजी-टेजी जलविद्युत् आयोजना सन् १९७४ मा निर्माण प्रारम्भ भई सन् १९७७ मा सम्पन्न भएको पूर्ण सरकारी स्वामित्वको आयोजना हो। यो आयोजना विश्व बैंकको ऋण, जाम्बिया सरकारको ऋण, तथा सरकार-स्वामित्वको विद्युत् कम्पनी 'जाम्बिया इलेक्ट्रिसिटी सप्लाई कर्पोरेसन लिमिटेड (जेडइएससिओ) का आन्तरिक स्रोतहरूको संयोजनबाट वित्तीय ढाँचा निर्धारण गरिएको थियो। आयोजनाको स्वपुँजी कम्पनीको आन्तरिक स्रोतबाट व्यहोरिएको थियो। ऋण रकममध्ये ३० प्रतिशत जाम्बिया सरकारबाट र ७० प्रतिशत विश्व बैंक समूहबाट जुटाइएको थियो।

सन् २००० को दशकपछि कम तथा न्यून मध्यम आय भएका देशहरूमा जलविद्युत् आयोजना पूर्णरूपमा सार्वजनिक क्षेत्रबाट मात्र लगानी हुने परम्परागत वित्तीय ढाँचा क्रमशः कम हुँदै गएको पाइन्छ। ब्राजिल र भारतजस्ता देशमा पनि परम्परागत रूपमा धेरै आयोजना आन्तरिक तथा बाह्य वित्तीय स्रोत परिचालन गरी सरकारी लगानीबाट विकास गर्ने प्रचलन थियो। तथापि, पछिल्लो सयमामा अधिकांश आयोजनाको वित्तीय ढाँचामा निजी क्षेत्रको कुनै न कुनै स्तरको सहभागिता हुने गरेको देखिन्छ। यस सन्दर्भमा चीन अपवादका रूपमा देखिएको छ। यहाँ अझै पनि पूर्णरूपमा सार्वजनिक क्षेत्रद्वारा ठुला जलविद्युत् आयोजना निर्माण भइरहेका छन्। चीनको दोस्रो ठुलो १६ हजार मेगावाट क्षमताको 'बैहेतान हाइड्रोपावर प्लान्ट' आयोजना सरकारी स्वामित्वको कम्पनी थ्री गर्जेजले निर्माण गरेको थियो। सन् २०१७ मा निर्माण प्रारम्भ भई सन् २०२२ मा सम्पन्न भएको सो आयोजनामा सरकारी स्वामित्वका तीनवटा संस्थाबाट लगानी जुटाइएको थियो।

बढ्दो मागबमोजिम विद्युत् उत्पादनमा लगानी गर्न सार्वजनिक स्रोत सीमितता, लगानी स्वीकृति तथा प्रवाहमा बहुउद्देश्यीय बैंकहरूको कठोर वातावरणीय सामाजिक तथा शासकीय मापदण्ड अनुपालनाको आवश्यकता एवं बढ्दो आन्तरिक तथा बाह्य ऋण बोझका कारण विद्युत् उत्पादनलगायत पूर्वाधार विकासका क्षेत्रमा प्रयोग हुँदै आएको परम्परागत लगानीको विकल्पको खोजी हुनुपर्ने महसुस हुन थालेको थियो। सन् १९९० को दशकताका विश्वव्यापी रूपमा फैलिएको उदारीकरण तथा निजीकरणको लहर, निजी क्षेत्रको क्षमता र आत्मविश्वासमा भएको वृद्धिका कारण निजी क्षेत्रको सहभागितामा सार्वजनिक निजी साझेदारी ढाँचा विश्वभर विकास हुँदै गयो। यस



ढाँचाअन्तर्गत सरकार, निजी लगानीकर्ता, बहुउद्देश्यीय विकास बैंक, निर्यात ऋण एजेन्सी र ग्यारेन्टी संयन्त्रहरूको जटिल संरचना निर्माण हुन्छ।

ठुला जलविद्युत् आयोजनामा निजी वित्तको सहभागिता बढ्दै जानु भनेको साबिकमा प्रमुख भूमिका निर्वाह गरेको बहुपक्षीय विकास बैंक तथा सार्वजनिक वित्तलाई केवल निजी संस्थाले प्रतिस्थापन गर्नु भन्ने अर्थमा बुझ्न हुँदैन। यस ढाँचाअन्तर्गत आयोजना व्यवस्थापन, लगानी परिचालन एवं जोखिम तथा प्रतिफल बाँडफाँटमा सझेदारीको विकास गरिन्छ। विशेषगरी, कम तथा न्यून मध्यम आय भएका देशमा यस्ता ठुला आयोजनाको जोखिम एकल रूपमा कुनै पनि संस्थाले मात्र वहन गर्न कठिन हुने परिप्रेक्ष्यमा समेत यस ढाँचाको सान्दर्भिकता बढ्दै गएको पाइन्छ। सार्वजनिक निजी साझेदारीअन्तर्गत मिश्रित लगानी व्यवस्था निकै नै लोकप्रिय मानिन्छ। यस ढाँचामा विकास सहायता, स्वदेशी सार्वजनिक कोष र व्यावसायिक वित्तलाई एकै ठाउँमा मिसाएर प्रयोग गरिन्छ। आयोजनाको वित्तीय लागत कम गरी आयोजनालाई वित्तीय रूपले सम्भाव्य बनाउन तथा निजी लगानीलाई आकर्षित गर्न यो ढाँचाको अवलम्बन गरिन्छ।

> कम तथा न्यून मध्यम आय भएका देशहरूमा जलविद्युत् आयोजना पूर्णरूपमा सार्वजनिक क्षेत्रबाट मात्र लगानी हुने परम्परागत वित्तीय ढाँचा क्रमशः घट्दै गएको देखिन्छ

लाओसको १०७५ मेगावाट क्षमताको 'थेउन(२' जलविद्युत् आयोजना 'बुट' मोडेलमा विकास गरिएको थियो। सन् २०१० मा सञ्चालमा आएको यस आयोजनामा लाओस सरकार, विभिन्न चारवटा बहुउद्देश्यीय बैंक, चारवटा निर्यात ऋण एजेन्सी, फ्रान्सका दुईवटा द्विपक्षीय कोष, नौवटा अन्तर्राष्ट्रिय व्यावसायिक बैंक र सातवटा थाई बैंकहरूको सहभागिता थियो। कुल लागत १४५० मिलियन अमेरिकी डलरमध्ये ४५० मिलियन डलर स्वपुँजीबाट र १००० मिलियन डलर ऋणबाट जुटाइएको थियो। ऋण संरचना दुईवटा सिन्डिकेटेड प्याकेजमा विभाजन गरिएको थियो। पहिलो प्याकेजमा थाई बैंकहरूको ऋणलाई समावेश थियो। अन्तर्राष्ट्रिय बैंकहरूको ऋणका लागि अलग्गै प्याकेज बनाइएको थियो। नौवटा बैंकहरूबाट लिइएको ऋणलाई मिगा आइडिए र एडिबीबाट ग्यारेन्टी प्रदान भएको थियो। यस आयोजनामा एउटै निकायले फरक-फरक प्रकारका वित्तीय उपकरण प्रयोग गरेको देखिन्छ। एसियाली विकास बैंकले २० मिलियन डलरको अनुदान, ५० मिलियन डलरको परियोजना ऋण र ४२ मिलियन डलरको आंशिक जोखिम ग्यारेन्टी प्रदान गरेको थियो। फ्रान्सको सरकारी कम्पनी इडिएफले सेयर लगानीकर्ता र निर्माण ठेकेदारको भूमिका निर्वाह गरेको थियो। त्यसैगरी, थाइल्यान्डको विद्युत् उत्पादन कम्पनीले विद्युत् खरिदकर्ता र सेयर लगानीकर्ताको भूमिका निर्वाह गरेको थियो।

क्यामरुनको ४२० मेगावाट क्षमताको 'नाक्टिगल' जलविद्युत आयोजना सार्वजनिक निजी साझेदारीको अर्को उपयुक्त उदारहण हो। हालसालै निर्माण सम्पन्न सो आयोजनामा बुट सम्झौता, बहुपक्षीय ऋण तथा ग्यारेन्टी र निजी 'इक्विटी'को प्रयोग भएको पाइन्छ। फ्रान्सको सरकारी कम्पनी इडिएफ, आइएफसी, अफ्रिका ५० र क्यामरुन सरकारको लगानीमा स्थापित विशिष्टीकृत कम्पनीले आयोजना निर्माण गरेको थियो। 'मिगा'को ग्यारेन्टीमा अफ्रिकन विकास बैंक, युरोपियन लगानी बैंकलगायत स्वदेशी एवं विदेशी बैंक तथा वित्तीय संस्थाहरूबाट ऋणको प्रबन्ध गरिएको थियो।

पछिल्ला दिनमा द्विपक्षीय वित्तका नयाँ स्वरूपहरू विकास भएका छन्। यो ढाँचा उच्च मध्यम आय भएका देशका निर्यात ऋण एजेन्सी वा विकास बैंकमार्फत प्रयोगमा ल्याएको पाइन्छ। यस्ता संस्थामा उदाहरणका रूपमा ब्राजिलियन डेभलपमेन्ट बैंक, चाइना एक्जिम बैंक, चाइना डेभलपमेन्ट बैंक आदि पर्छन्। चीनले यस प्रकारको वित्तीय पद्धति अत्यधिक प्रयोग गरेका हुँदा यसलाई 'चिनियाँ वित्त' नामबाट चिनिन्छ। यस ढाँचाअन्तर्गत सामान्यतया तीन पक्षको संलग्नता हुन्छ। पहिलो लगानी उपलब्ध गराउने निकाय। विशिष्टीकृत निकायका रूपमा स्थापना गरिएको निर्यात ऋण एजेन्सीहरूले यो भूमिका निर्वाह गर्दछन्। दोस्रो आयोजना विकास तथा आपूर्तिकर्ता जसले आयोजनाको निर्माणलगायत उपकरणहरूको आपूर्ति तथा जडान गर्छन्। निर्यात ऋण एजेन्सीकै देशको विशिष्टीकृत निकायले यो भूमिका निर्वाह गर्छन्। तेस्रो दुवै देशका सरकारबिच लगानी तथा आयोजना विकास सम्झौता हुन्छ। यसप्रकारको व्यवस्थामा, सम्पूर्ण ऋण सिधै आयोजक देशको सरकारलाई प्रदान गरिन्छ। ऋण प्रदायकले आयोजना विकासमा आफ्नै देश निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट सेवा लिने सर्तमा सहुलियत ब्याजदर र ऋण भुक्तानी सर्तमा ऋण प्रदान गर्छन्। यस ढाँचामा कुल लागतको ८५ प्रतिशतसम्म ऋण प्रदान गरिन्छ। बाँकी पन्ध्र प्रतिशत आयोजक देशको सरकारले व्यहोर्छ।

युगान्डाको १८३ मेगावाट क्षमताको 'इसिम्बा' जलविद्युत् आयोजनाका लागि अपनाइएको वित्तीय ढाँचा उदाहरणका रूपमा लिन सकिन्छ। ऋण-इक्विटी अनुपात ८५/१५ मा वित्तीय व्यवस्थापन गरिएको यो आयोजना ६ वर्षभन्दा कम अवधिमा सम्पन्न भएको थियो। आयोजनाका लागि आवश्यक ऋण युगान्डा सरकारबाट भुक्तानी ग्यारेन्टीमा चीनको एक्जिम बैंकबाट प्राप्त गरिएको थियो भने इक्विटी लगानी युगान्डा सरकारबाट भएको थियो। आयोजना निर्माणका लागि इपिसी ठेक्का चिनियाँ कम्पनीलाई प्रदान गरिएको थियो। कुल ऋणको ४५ प्रतिशत हिस्सा निर्यातमा आधारित बायर्स क्रेडिटका रूपमा लिनुपर्ने व्यवस्था थियो। घानाको ४०० मेगावाट क्षमताको 'बुई' जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापनमा राष्ट्रिय प्राकृतिक स्रोतहरूलाई धितोका रूपमा प्रयोग गरिएको थियो। सन् २००८ मा वित्तीय व्यवस्थापन समापन भई सन् २०१३ मा सम्पन्न भएको यस आयोजनामा, चीनको एक्जिम बैंकसँग गरिएको संरचित सम्झौताअन्तर्गत कोको निर्यातबाट हुने आम्दानीलाई धितो राखेर ऋणको व्यवस्था गरिएको थियो। घाना सरकारले यस आयोजनामा ६० मिलियन अमेरिकी डलरबराबरको इक्विटी लगानी गरेको थियो। चीनको एक्जिम बैंकले बाँध निर्माणका लागि २६३.५ मिलियन अमेरिकी डलरको सहुलियतपूर्ण ऋण र २९८.५ मिलियन अमेरिकी डलरको बायर्स क्रेडिट प्रदान गरेको थियो। यस ढाँचाबाट वित्तीय व्यवस्थापन गर्न तुलनात्मक रूपमा सहज भए तापनि आयोजनाको लागत अनुमान, खरिद प्रक्रिया तथा खरिद तथा ऋणका सर्त प्रतिस्पर्धी र पारदर्शी नहुने हुँदा व्यवस्थापकीय जटिलता उत्पन्न हुने देखिन्छ।

ठुला तथा जलाशययुक्त आयोजनाको वित्तीय व्यवस्थापन नेपालको सन्दर्भमा निकै जटिल र चुनौतीपूर्ण देखिएको छ। अन्तर्राष्ट्रिय अनुभव र अभ्याससमेतका आधारमा आन्तरिक रूपमा सार्वजनिक तथा निजी वित्तको प्रयोग हुने एवं ऋण वा लगानीको रूपमा बाह्य स्रोतको पनि उपयोग हुने गरी आयोजनाको प्रकृति र आकारका आधारमा उपयुक्त वित्तीय ढाँचाको विकास गर्न आवश्यक देखिन्छ।

(गौतम ऊर्जाविज्ञ हुन्)

---

३ प्रश्न

नेपाली क्रिकेट राष्ट्रिय टोलीका पूर्वकप्तान **पवन अग्रवाल**लाई



टी-२० विश्वकपमा नेपाल र इंग्ल्यान्डबिचको खेलले के संकेत गरेको छ ?

विश्वकपमा इंग्ल्यान्डसँगको खेलमा नेपालले निकै राम्रो खेल्यो। नेपाली टोलीले इंग्ल्यान्डजस्तो बलियो टोलीविरुद्ध यो स्तरमा खेल्ने हामीले अपेक्षा गरेका थिएनौँ। आइतबारका दुवै इनिङमा नेपालले हरेक क्षण इंग्ल्यान्डलाई दबाबमा राख्यो। बलिङमा नेपालले जति राम्रो गर्‍यो, ब्याटिङमा पनि धेरै राम्रो गर्‍यो। इंग्ल्यान्डजस्तो अनुभवी र बलियो टोलीसित अन्तिम ओभरको अन्तिम बलसम्म जितको आशा कायमै राखेर फाइट गर्नु सामान्य होइन। प्राविधिक रूपमा हारे पनि हामीले जितेजत्तिकै भएको छ। यसका लागि नेपाली खेलाडी बधाईका हकदार छन्।

विश्व क्रिकेटमा नेपाल कहाँ पुगेको छ ?

टी-२० फर्म्याटमा हेर्दा हामीले निकै राम्रो गरिरहेका छौँ। विगतको विश्वकपमा दक्षिण अफ्रिकासितको खेल र आइतबारको इंग्ल्यान्डविरुद्धको खेल हेर्दा पनि त्यो प्रस्ट देखिन्छ। त्यसैले पनि भन्न सकिन्छ- यो फर्म्याटमा हामी राम्रो लेभलमा पुगेका छौँ। टी-२० फर्म्याटमा अब हामी 'अन्डर डग' होइनौँ, 'फाइटर' टोली नै हौँ। तर, वान डे र टेस्ट फर्म्याटका लागि भने हामीले गर्न बाँकी धेरै छ। हामीसित अनुभवको पनि अभाव छ। त्यसैले, यसतर्फ सबैको ध्यान जानु जरुरी छ।

नेपाली क्रिकेटको स्तर उकास्न हामीले के गर्न बाँकी छ ?

टी-२० फर्म्याटका लागि घरेलु म्याचहरू पनि छन्। अन्तर्राष्ट्रिय म्याचमा सहभागिताको अवसर पनि छ। एपिएल पनि छ। खेलाडीहरूले राम्रो पनि गरिरहेका छन्। तर, अझै पनि हामीसँग क्रिकेट संरचनाहरूको अभाव छ। वान डे र टेस्ट फर्म्याटका म्याचहरू पनि खासै छैनन्। खेलाडी उत्पादन भइरहने वातावरण नै छैन। काठमाडौँबाहिर पनि मैदानको खाँचो छ। क्यानको सुशासन पनि राम्रो हुनुपर्छ।

प्रेरक प्रसंग

गुरुलाई शिष्यको पत्र

पूजनीय गुरु,

म तपाईंको शिष्य सन्तु हुँ। सायद तपाईंलाई मेरो नाम याद नहोला। केही छैन, हामीजस्ता विद्यार्थीको नाम कसले पो याद राख्ला र ? यो चिठी म तपाईंलाई हुलाकी दाइबाट लेखाउँदै छु। गुरु, म तपाईंको स्कुलमा भर्ना हुँदा ६ वर्षको थिएँ। मेरा पिताले ठुलो सपना देखेर मलाई तपाईंको स्कुलमा भर्ना गर्नुभएको थियो। उहाँ आफ्नो छोरो आफूजस्तो मजदुरी गर्न विवश हुनु नपरोस्, उसले पढेलेखेर कुनै राम्रो काम गरोस् र सजिलोसँग साँझबिहान हातमुख जोर्न सकोस् भन्ने सामान्य सपना देख्नुभएको थियो। तर गुरु, तपाईंले उहाँको सपना चकनाचुर पारिदिनुभयो। आज म पनि उहाँले जस्तै मजदुरी गर्छु। मेरा सन्तान कैयौँ दिन भोको पेट सुत्न विवश छन्। म मेरा पिताभन्दा पनि गरिब भएको छु।

सायद तपाईंलाई म यो सब किन बताइरहेको छु भन्ने लागिरहेको होला। तर, मेरो यो हालतको जिम्मेवार तपाईं हुनुहुन्छ। मलाई स्कुल आउँदा रमाइलो लाग्थ्यो. । म खुब मन लगाएर पढ्न चाहन्थेँ। पढेपछि ठुलो मान्छे बनिन्छ, पेटभरि खान पाइन्छ भन्ने मेरो मनमा कताबाट हो घुसेको थियो। तर, स्कुलमा कहिल्यै पढाइ हुँदैनथ्यो। तपाईं र तपाईंका सहकर्मी अन्य गुरुहरू कैयौँ दिनसम्म स्कुल नै आउनुहुन्नथ्यो। आए पनि हाजिरी गरेर गायब हुनुहुन्थ्यो। हामीले हिम्मत गरेर स्कुल किन आउनुभएन भनेर सोध्यौँ भने 'काम थियो' भन्नुहुन्थ्यो। आज मलाई सोध्न म छ- के तपाईंको त्यो 'काम' हामी गरिब बालबालिकालाई पढाउनुभन्दा पनि ठुलो थियो, हो ?

तपाईंले हामीलाई किन पढाउनुभएन गुरु ? तपाईंको स्कुलमा पढ्ने बालक किन आज पनि मजदुरबाट माथि उठ्न सकेन र एउटा चिठी पनि अरूको हातबाट लेखाउन विवश छ ? के तपाईं आज मलाई त्यो शिक्षा दिन सक्नुहुन्छ ? के तपाईं मेरो बाल्यकाल फिर्ता गर्न सक्नुहुन्छ ? सक्नुहुन्न, होइन त ? जब फिर्ता गर्न सक्नुहुन्न भने खोस्नुभयो चाहिँ किन ?

गुरु तपाईंसित अनुरोध छ, कृपया आज तपाईंको स्कुलमा जति बालबालिका छन्, तिनलाई लेखपढ गर्न सिकाउनुहोस्। तपाईंबाहेक उनीहरूको अर्को कोही छैन। उनीहरूको भरोसा नतोड्नुहोस्। उनीहरूको भविष्य अँध्यारो नबनाइदिनुहोस् गुरु !

हजुरको विद्यार्थी
सन्तु

नयाँ युगको सँघारमा उभिएको नेपाल

चेतनाको संक्रमणमा उभिएको नेपालमा पुरानो सोचले काम गर्न छोड्दै छ र नयाँ सोचले अझै स्पष्ट आकार लिइसकेको छैन



● राजेन्द्र लम्साल

नेपाल फेरि एउटा राजनीतिक मोडमा उभिएको छ। सरकार फेरिने सम्भावना, दलभित्रको शक्तिसंघर्ष, गठबन्धनको पुनर्गठन, सडक र संसदबिचको तानातान यी सबै दृश्य हामीले पटक-पटक देखिसकेका छौँ। सतहमा हेर्दा यो सत्ता राजनीतिक हलचलजस्तो देखिन्छ। तर, अलि गहिरिएर हेर्ने हो भने, यो केवल सरकार बदलिने प्रक्रिया मात्र होइन; यो राजनीतिक चेतनाको संक्रमणकाल हो। जहाँ पुरानो सोचले काम गर्न छोड्दै छ र नयाँ सोचले अझै स्पष्ट आकार लिइसकेको छैन।

आज नेपालमा समस्या 'कुन दल सत्तामा आयो' भन्ने होइन। समस्या 'सत्तामा पुगेर के सोचिन्छ र के गरिन्छ' भन्ने हो। यही विन्दुमा आएर हाम्रो राजनीति बारम्बार अड्किन्छ। सरकार फेरिन्छ, अनुहार फेरिन्छ, शैली फेरिन्छ, तर शासनको मनोविज्ञान उही रहन्छ। त्यसैले नागरिकको जीवनमा गुणात्मक परिवर्तन देखिँदैन। यो समस्या व्यक्ति वा दलको मात्र होइन, सोचको हो।

नेपालका ठुला राजनीतिक दलहरू कुनै समय परिवर्तनका प्रतीक थिए। तिनले निरंकुशता भत्काए, जनताको आवाज उठाए र व्यवस्था परिवर्तन गरे। तर, समयसँगै ती दल आफैँ व्यवस्थाका कैदी बन्दै गए। आज दलहरूमा संगठन त छ, तर स्पष्ट दृष्टि छैन। नेतृत्व त छ, तर दार्शनिक स्पष्टता छैन। घोषणापत्र त छन्, तर भविष्यको विश्वसनीय नक्सा छैन। परिणामतः राजनीति उद्देश्यभन्दा पदतर्फ, सेवाभन्दा स्वामित्वतर्फ, परिवर्तनभन्दा संरक्षणतर्फ मोडिएको छ। राजनीति जब सेवाबाट स्वामित्वमा रूपान्तरण हुन्छ, नैतिकता स्वतः कमजोर हुन्छ। आजको नेपाली राजनीति यही मोडमा अड्किएको देखिन्छ।

हामी राजनीतिक संकटलाई प्रायः सत्तासंघर्षका रूपमा व्याख्या गर्छौँ। तर, यो आधा सत्य मात्र हो। वास्तविक संकट सत्ता कसले लियो भन्ने होइन, सत्ता केका लागि प्रयोग गरियो भन्ने हो। राज्यको उद्देश्य के हो, सरकार किन चाहिन्छ र नागरिक केवल मतदाता हो कि सहनिर्माता, यी आधारभूत प्रश्नमा स्पष्टता नहुँदासम्म सत्ता सधैँ आशाकेन्द्रित रहन्छ। उद्देश्य अस्पष्ट हुँदा संघर्ष अनिवार्य हुन्छ, चाहे व्यवस्था जुनसुकै नामले चिनियोस्।

आजको नेपाली समाज २१औँ शताब्दीको छ, डिजिटल, खुला र वैश्विक। तर, राजनीति अझै पुरानो सोच र पुरानो भाषामै अड्किएको छ। राज्यलाई रोजगारी दिने संस्थाका रूपमा हेर्ने दृष्टि अझै बलियो छ। विकासलाई बजेट र संरचनाको सूचीमा सीमित गरिन्छ। नागरिकलाई सिर्जनशील शक्ति होइन, लाभग्राही वा उपभोक्ताका रूपमा मात्र बुझिन्छ। यही कारणले ठुलो संख्यामा युवाहरू राजनीतिबाट टाढा हुँदै छन्। उनीहरूलाई राजनीति नचाहिएको होइन; यस्तो राजनीतमा चाख नभएको हो।

आजको नागरिक नयाँ प्रश्न सोध्न थालेको छ। म किन सधैँ उपभोक्ता मात्रै रहुँ ? म किन निर्णय प्रक्रियाबाहिर रहुँ ? मेरो भूमिका मतदानमा मात्रै किन सीमित होस् ? यी प्रश्न विद्रोहका नारा होइनन्। यी चेतनाको परिपक्वताका संकेत हुन्। इतिहासले देखाएको छ, जब समाजले नयाँ प्रश्न सोध्न थाल्छ, पुरानो राजनीति असहज हुन्छ। नेपाल अहिले त्यही चरणमा उभिएको छ।

हरेक युग परिवर्तनसँगै नयाँ मानव चेतना जन्मिन्छ।



आज नेपालमा देखिनथालेको चेतना भनेको उत्पादक चेतनायुक्त नागरिकको हो। यो नागरिक अनुदानभन्दा क्षमता खोज्छ, आदेशभन्दा सहभागिता खोज्छ र पहिचानभन्दा माथि उद्देश्य खोज्छ। यस्तो चेतनालाई पुरानो राजनीतिक संरचनाले सजिलै समेट्न सक्दैन। यही असहजता आज देखिने राजनीतिक तनावको वास्तविक कारण हो।

नयाँ सोच भन्नाले अर्को दल खोल्नु वा पुराना नारालाई नयाँ शब्दमा दोहोर्‍याउनु होइन। नयाँ सोच भनेको राजनीतिक दर्शनको पुनर्संरचना हो। यसले राज्यलाई वितरणकर्ता होइन, सक्षम बनाउने संयन्त्रका रूपमा हेर्छ। शिक्षालाई रोजगार खोज्ने साधन होइन, सिर्जना गर्ने आधारका रूपमा बुझ्छ। विकासलाई उपभोगको गति होइन, उत्पादनको गुणस्तरसँग जोड्छ। यस्तो सोचले नागरिकलाई केन्द्रमा राख्छ, तर निर्भर होइन, उत्तरदायी र सहनिर्माता बनाउँछ।

यस सन्दर्भमा राजनीति अब शासनको अभ्यास मात्र रहन सक्दैन। पुरानो राजनीति भन्छ, 'हामी शासन गर्छौं।' नयाँ युगको राजनीति भन्छ, 'हामी सहनिर्माता बन्छौँ।' संसद् बहसको मञ्च मात्र होइन, समाधान खोज्ने प्रयोगशाला बन्नुपर्छ। सरकार आदेशकर्ता होइन, संयोजक बन्नुपर्छ। नागरिक दर्शक होइन, सक्रिय सहभागी बन्नुपर्छ। यस्तो रूपान्तरणविना लोकतन्त्र औपचारिक संरचनामा सीमित रहन्छ।

नेपाल आज पतनको बाटोमा छैन। नेपाल पुरानो संरचनाबाट बाहिर निस्कने प्रक्रियामा छ। यो प्रक्रिया अव्यवस्थित देखिन सक्छ, तर यही असहजताभित्र नयाँ सम्भावना लुकेको हुन्छ। संसार आज प्रकृतिमैत्री, समुदायकेन्द्रित र चेतना आधारित विकास मोडेल खोजिरहेको छ। नेपालको प्राकृतिक, सांस्कृतिक र सामाजिक बनोटले यस दिशामा प्रयोगशाला बन्ने सम्भावना बोकेको छ।

नेपाल आज नयाँ युगको सँघारमा उभिएको छ। यहाँ संकट छैन, संक्रमण छ। समस्या विचारको अभाव होइन, चेतनाको अभाव हो। व्यवस्था फेरिँदा इतिहास बदलिन्छ, तर चेतना फेरिँदा युग बदलिन्छ। अब प्रश्नको शासनमा बस्छ भन्ने होइन; प्रश्न कस्तो मानव निर्माण हुँदै छ भन्ने हो। यही प्रश्नको उत्तरले नेपाललाई पुरानो घुम्तीमा रोक्ने कि नयाँ युगतर्फ अघि बढाउने भन्ने निर्णय गर्नेछ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

थापालाई श्रद्धाञ्जली

नेपाली चलचित्र जगत्का एक अब्बल हस्ती सुनील थापा 'राते काइँला' हामीबिच रहेनन् भन्ने समाचार सुन्दा सुरुमा पत्यारै लागेन। नेपाली चलचित्र जगत्मा एउटा अलग्गै पहिचान बनाएका, अलग्गै छाप छाडेका र एक उम्दा कलाकारका रूपमा आफूलाई चिनाएका थापाको यसरी अकास्मात् निधन भएको खबर सुन्दा अपत्यारिलो भए पनि यथार्थ त्यही थियो। नेपाली मात्र नभई उनले भारतीय सिने जगत् मा समेत एक अलग पहिचान बनाएका थिए। मुम्बई सिने जगत्मा अलग पहिचान बनाइसकेका थापाले नेपाल फर्केर यहाँको सिनेमालाई जे-जसरी उठाउने काम गरे, त्यो प्रशंसनीय छ। चलचित्र 'चिनो'का राते काइँला अर्थात् सुनील थापालाई हार्दिक श्रद्धाञ्जली !

● **नृपेश बटाला**, सामाखुसी, काठमाडौं

प्रचारमा संयमित बन

यतिखेर दल र तिनका उम्मेदवार मतदातासम्म पुगिरहेका छन्। उनीहरूले आआफ्नो प्रचारका क्रममा अनेक दाउपेच पनि लगाइरहेका छन्। अहिलेसम्मको प्रचारप्रसार हेर्दा संयमित नै देखिन्छ। तर, कतिपय अवस्थामा भने उम्मेदवारबिच आरोप-प्रत्यारोप पनि चलिरहेको हुन्छ। खासगरी प्रचारको मैदानमा भन्दा पनि सामाजिक सञ्जालको भित्तामा उम्मेदवारविरुद्ध अनेक प्रकारका आरोप लगाउने क्रम चलिरहेको देखिन्छ। यस्तोमा सबै संयमित बनेर चुनावी प्रतिस्पर्धालाई मर्यादित बनाउनुको विकल्प छैन।

● **भूमिका चौहान**, ताहाचल, काठमाडौं

सकारात्मक समाचार

पछिल्लो ६ महिनामा नेपालको राष्ट्रिय विद्युत् प्रसारण प्रणालीमा ४८५ मेगावाट थपिएर कुल विद्युत् को जडित क्षमता चार हजार ८६ मेगावाट पुगेको समाचार निकै सकारात्मक लाग्यो। जता पनि नकारात्मक समाचार सुन्नुपरिरहेको समयमा सामान्य नै भए पनि सकारात्मक समाचार सुन्दा निकै खुसी लाग्ने रहेछ। यस्तै सकारात्मक सूचकवाला समाचार अरू पनि सुन्न पाइयो भने त्यो अहिलेको समयका लागि निकै सकारात्मक ऊर्जा हुन सक्छ।

● **समृद्ध सिवाकोटी**, पुल्चोक, ललितपुर

किसानको मिहिनेतलाई सलाम

नयाँ पत्रिकाको पृष्ठ २ मा 'पनौतीका फाँटैभरि आलुखेती' शीर्षकको तस्बिर र त्यसमुनि दिइएको क्याप्सन पढ्दा मिहिनेती किसानलाई सलाम गर्न मन लाग्यो। पछिल्ला दिनमा नेपाली उर्वर कृषियोग्य जमिन बाँझिने क्रम बढेको छ। यससँगै एकातिर सुन फल्ने विशाल फाँट चौरमा परिणत हुँदै गएका छन् भने अर्कातिर कृषिजन्य उपजको आयात अकासिँदै गएको छ। यस्तो अवस्थामा सुन्दर बगैँचाका व्यवस्थित चौरजस्तो बनाएर फराकिलो फाँटमा आलुखेती गरिएको देख्दा साह्रै खुसी लाग्यो।

यो तस्बिरले अन्य क्षेत्रका किसानलाई पनि प्रेरणा दिन सक्छ जस्तो लाग्छ। खासगरी पछिल्लो समयमा देशका कतिपय स्थानमा व्यावसायिक खेती गर्ने क्रम बढ्दै गएको छ। यसले बिदेसिने तयारीमा रहेका युवालाई स्वदेशमै बसेर सम्भावना खोजी गर्न र बिदेसिएका नेपालीलाई स्वदेश फर्किएर यहीँ पसिना बगाउन बाटो देखाउन सक्छ। तर, नेपाली युवालाई स्वदेशकै कृषिमा जोडिराख्ने हो भने सरकारले पनि यससम्बन्धी प्रस्ट नीति तयार गरी युवालाई कृषिमा आकर्षित गर्ने बाटो तयार गर्नुपर्छ। नेपाल कृषिप्रधान देश भएकाले यहाँका युवालाई कृषिसम्बन्धी पर्याप्त ज्ञान दिलाएर तिनलाई कृषिसित जोड्ने योजना भएन, तिनलाई राज्यले सहुलियतमा ऋण प्रवाह गरेन, उन्नत जातका बिउबिजन उपलब्ध गराएन र कृषिलाई प्रविधिसित जोड्न सघाएन भने कृषिकर्मप्रति युवाको आकर्षण बढ्न सक्दैन। त्यसैले, राज्यले कृषिलाई प्राथमिकतामा राखेर किसानलाई प्रोत्साहित गरोस्।

● **मञ्जु ढकाल**, चिप्लेढुंगा, पोखरा

जापानमा सत्तारूढ पार्टीले बहुमत ल्याउने प्रक्षेपण



टोकियो/ जापानकी प्रधानमन्त्री साने ताकाचीले आइतबार भएको मध्यावधि चुनावमा ठुलो जित हासिल गर्ने अनुमान गरिएको छ। अक्टोबरमा पदभारग्रहण गरेदेखि उनको लोकप्रियताको फाइदा उठाउँदै ताकाचीको लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी)ले तल्लो सदनमा पुनः बलियो बहुमत हासिल गर्ने मिडिया अनुमानले देखाएको छ। निर्वाचन परिणामले चीनलाई चुनौती थप्ने र वित्तीय बजारलाई चिन्तित बनाउन सक्ने अनुमान गरिएको छ।

एलडिपीले ४६५ सदस्यीय तल्लो सदनमा २७४ देखि ३२८ सिट ल्याएर विजय हासिल गर्न सक्ने निर्वाचनपछिको सर्वेक्षणले देखाएको प्रसारक एनएचकेले रिपोर्ट गरेको छ। एलडिपी अहिले संसद्मा १९८ सिट छ। यसको गठबन्धन साझेदार जापान इन्नोभेसन पार्टी (जेआइपी)सँग मिलेर सत्तारूढ समूहले ३०२ देखि ३६६ सिट जित्ने अनुमान गरिएको एनएचकेले जनाएको छ। ३१० वा सोभन्दा बढी सिट जित्दा ताकाचीका अग्रज तथा स्वर्गीय पूर्वप्रधानमन्त्री सिन्जो आबेको नेतृत्वमा २०१७ मा भएको निर्वाचनपछि पहिलोपटक सत्तारूढ समूहलाई दुईतिहाइ बहुमत प्राप्त हुनेछ।

ताकाइचीले एलडिपी पार्टीलाई नयाँ जीवन दिएको बताइन्छ। उक्त पार्टीले दसकौंदेखि जापानमा लगभग निरन्तर शासन गर्दै आएको छ। तर, बढ्दो मूल्यवृद्धि र भ्रष्टाचारप्रति असन्तुष्टिका कारण हालैका चुनावमा समर्थन गुमाएको छ। गत वर्ष उनका पूर्ववर्ती सिगेरु इसिबाको नेतृत्वमा सत्तारूढ समूहले माथिल्लो सदनमा बहुमत गुमाएको थियो र २०२४ मा एलडिपीले तल्लो सदनमा बहुमत गुमाएको थियो।

६४ वर्षीया ताकाइची युवावस्थामा हेभी मेटल ड्रमर थिइन्। उनी बेलायतकी 'आइरन लेडी' मार्गरेट थ्याचरकी प्रशंसकसमेत हुन् र अक्टोबरमा नेतृ घोषित हुँदा उनी एलडिपीको अतिरूढीवादी कित्तामा उभिइन्। उनी विशेष गरी युवाहरूमाझ लोकप्रिय छिन्। प्रशंसकहरूले उनको ह्यान्डब्यागदेखि दक्षिण कोरियाका राष्ट्रपतिसँगको के-पप गीतसम्म सबै कुरा उठाउँदै आएका छन्। तर, उनले अर्थतन्त्रमा पर्याप्त 'डेलिभर' गर्नुपर्नेछ। 'मूल्यवृद्धि हुँदै जाँदा सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको मुद्रास्फीतिलाई सम्बोधन गर्न नयाँ सरकारले कस्ता नीति अंगीकार गर्छ भन्ने हो,' ५० वर्षीया सिका साकामोतोले आइतबार हिउँ परेको टोकियोको एक मतदान केन्द्रमा एएफपीलाई भनिन्। 'लगभग सबै चिजको मूल्य बढिरहेको छ, तर आम्दानीका स्रोत घटिरहेका छन्। त्यसैले हाम्रो खर्चयोग्य आम्दानी घट्दै गइरहेको छ,' उनले भनिन्।

जापानको ऋण सम्पूर्ण अर्थतन्त्रको आकार दोब्बरभन्दा बढी छ, जसले गर्दा विश्वव्यापी रूपमा डर बढेको छ। 'विभिन्न दलहरूले उपभोग कर खारेज गर्नेजस्ता नीति प्रस्ताव गरिरहेका छन्। अहिलेका लागि त्यो ठिक हुन सक्छ, तर त्यस्तो कदम नयाँ पुस्ताका लागि उपयुक्त हुन्छन् कि हुँदैनन्,' उनले थपिन्।

निर्वाचनअघि मतदाताको असामान्य बसाइँसराइ

ढाका/ आगामी संसदीय चुनावअघि राजधानी ढाका र बंगलादेशका अन्य भागमा मतदाताको बसाइँसराइ 'असामान्य' भएको बंगलादेश नेसनल पार्टी (बिएनपी)ले आइतबार आरोप लगाएको छ। दिवंगत पूर्वप्रधानमन्त्री खालिदा जियाका छोरा तारिक रहमानको नेतृत्वमा रहेको बिएनपीले पनि यस्ता शंकास्पद गतिविधिबारे निर्वाचन आयोगसँग तथ्यांक माग गरेको छ।

'गत डेढ वर्षमा ठुलो संख्यामा मतदाता ढाका र देशका अन्य भागमा केही विशिष्ट निर्वाचन क्षेत्रमा बसाइँ सरेका छन्, जुन असामान्य हो,' बिएनपीको निर्वाचन सञ्चालन समितिका अध्यक्ष नजरुल इस्लाम खानले प्रमुख निर्वाचन आयुक्त एएमएम नासिर उद्दिनसँगको बैठकबाट बाहिर निस्कँदै पत्रकारलाई भने। बिएनपीले निर्वाचन क्षेत्रगत मतदाताको बसाइँसराइको तथ्यांक उपलब्ध गराउन निर्वाचन आयोगलाई आग्रह गरेको खानले बताए। बंगलादेशमा आगामी फेब्रुअरी १२ मा आमनिर्वाचन हुँदै छ।

इतिहासमा आज



सन् १९५९ : सोभियत युनियनले विश्वकै पहिलो अन्तरमहादेशीय ब्यालिस्टिक मिसाइल सञ्चालनमा ल्यायो। आर-७ सेमाइओर्का नामक यो सोभियत मिसाइलको मार क्षमता आठ हजार आठ सय किलोमिटर थियो।

सन् १९५० : अमेरिकी सिनेटर जोसेफ म्याकार्थीले कम्युनिस्टविरोधी अभियान सुरु गरे। म्याकार्थीले आजकै दिन अमेरिकाको स्टेट डिपार्टमेन्टमा कम्युनिस्टहरूको घुसपैठ भएको आरोप लगाए।

सन् १९६९ : बोइङ ७४७ ले पहिलो उडान सुरु गऱ्यो। सो जम्बो जेट त्यतिबेला विश्वकै सबैभन्दा ठुलो यात्रु विमान थियो।

सन् १९७२ : खानी सञ्चालकको एक महिना लामो हडतालपछि बेलायत सरकारले आपतकाल घोषणा गऱ्यो।

सन् १९९६ : आइरिस अर्धसैनिक संगठन आइआरएले १८ महिना लामो युद्धविराम अन्त्य गऱ्यो। लन्डनमा एउटा शक्तिशाली बम विस्फोट गराएर उसले एकतर्फी रूपमा युद्धविराम गरेको हो। लन्डनको क्यानरी हर्वाफमा गराइएको सो विस्फोटमा दुईजनाको मृत्यु र ३९ जना घाइते भएका थिए।

मोटरसाइकल हरायो

मिति २०८२/१०/२२ गते अ. १६:३० बजेको समयमा का. जि. ता.न.पा.-१०, मनमैजु नापि कार्यालय नजिक पार्किङबाट मेरो निम्न व्यहोरा भएको रातो कालो रंगको को २२० सिसि पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : **धिराज राय**
मो.सा.नं.: बा.प्र. ०२-०५२ प ८९७२
चेसिस नं.: : MD2A13EX2RCD82310
इन्जिन नं.: DKXCRD29521
सम्पर्क न.: 9866496358

सर्टिफिकेट हरायो

मिति २०८२/७/१९ गते इमाडोल बाट पाटन सम्म जाँदा मेरो निम्न व्यहोरा भएको NEB बाट जारी माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

Name: Prajjwal Lamsal
Symbol no.: 27607984
Reg. no.: 767627912
Contract no. : 9846815277

Nepal Investment Mega Bank Limited
Invites Sealed-Bid for Supply of Calendar-2083

Nepal Investment Mega Bank Limited invites sealed proposals from experienced and reputed companies for Supply and delivery of Nepali Year Calendar-2083.

Terms and Conditions:

- A copy of valid firm/company registration, VAT/PAN and latest Tax Clearance Certificate/evidence of submission of taxes.
- Bidders are to submit experience letter for supply of Year Calendar continuously from last 3 years and in at least one "A" Commercial Bank of Nepal with minimum quantity of 30,000 pcs.
- A complete set of Request for Proposal (RFP) document with details of work to be carried out can be purchased upon submission of deposit slip for NPR 5,000 (Non-refundable) in account number 001093701001 (A/C Payable Sundry Cr. Misc.) from Durbarmarg of Nepal Investment Mega Bank Limited for the submission of proposal by companies.
- The bidders have to submit Bid Bond Guarantee issued by "A" Class Commercial Bank of Nepal with minimum amount being 5% of the total bid value and valid for 3 months from last date of bid submission.
- Bid document should be submitted in a sealed envelope addressing General Service Department, Nepal Investment Mega Bank, DurbarMarg, Kathmandu, Nepal latest by 23rd February, 2026 by 5:00 PM.
- In case the last date of submission is declared a public holiday, the sealed -bid can be submitted on the next working day. Bid documents sent through courier/mail/fax will neither be accepted nor will they be returned to the sender.

Nepal Investment Mega Bank Limited reserves the right to accept or reject the proposal(s) without declaring any reason whatsoever.

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

Nepal Investment Mega Bank Limited
Durbarmarg, Kathmandu, Nepal
Phone No.: 01-5328229, Ext. 366
Email: info@nimb.com.np
Website: www.nimb.com.np

नबिल बैंक लिमिटेड, ईटहरी शाखा, सुनसरीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मितिः २०८२/१०/२६)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०७९/११/१४ को नयाँ पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरे को हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा ईटहरी शाखा, सुनसरी**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/०५/१२ मा दर्ता नं. १५४६८३/०७३/०७४ अन्तर्गत दर्ता भएको **श्री लक्ष्मी विल्डर्स प्रा. लि.**।
ठेगानाः उदयपुर जिल्ला त्रियुगा न.पा. वडा नं. ५, गाईघाट।

ऋणी कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. महाप्रसाद पोखरेलको नाति, कृष्ण प्रसाद पोखरेलको छोरा, उदयपुर जिल्ला त्रियुगा न.पा., वडा नं. २ स्थायी घर भई उदयपुर जिल्ला त्रियुगा न.पा., वडा नं. ११ बस्ने, ना.प्र.नं. ३३९६ (जारी मितिः २०५८/०४/२३, स्थान उदयपुर) भएको **प्रमोद पोखरेल**।
२. महाप्रसाद पोखरेलको नाति, कृष्ण प्रसाद पोखरेलको छोरा, उदयपुर जिल्ला गाईघाट गा.वि.स/ न.पा., वडा नं. ४ स्थायी घर भई सुनसरी जिल्ला ईटहरी उ.म.न.पा., वडा नं. ५ बस्ने, ना.प्र.नं. २८४०/२७१०० (जारी मितिः २०५१/०५/२८, स्थान उदयपुर) भएको **प्रकाश पोखरेल**।
३. कविराज सापकोटाकी छोरी, कृष्ण प्रसाद पोखरेलेकी बुहारी, प्रकाश पोखरेलकी श्रीमती मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. १९ स्थायी घर भई उदयपुर जिल्ला त्रियुगा न.पा., वडा नं. ११ बस्ने, ना.प्र.नं. ३५३८१ (जारी मितिः २०५४/०८/०९, स्थान मोरङ्ग) भएको **दुर्गा सापकोटा**।
४. दिल बहादुर क्षेत्रीको नाति, नर बहादुर क्षेत्रीको छोरा, सुनसरी जिल्ला सिंगिया गा.वि.स., वडा नं. ६ स्थायी घर भई सुनसरी जिल्ला रामधुनी न.पा., वडा नं. ४ बस्ने, ना.प्र.नं. ४१३०७/४३३०७ (जारी मितिः २०५४/०९/१५, स्थान सुनसरी) भएको **दुर्गा बहादुर भण्डारी**।
५. हरि प्रसाद निरौलाकी छोरी, महाप्रसाद पोखरेलेकी बुहारी, कृष्ण प्रसाद पोखरेलेकी श्रीमती उदयपुर जिल्ला, जोगिदह गा.वि.स., वडा नं. ९ स्थायी घर भई उदयपुर जिल्ला त्रियुगा न.पा., वडा नं. ११ बस्ने, ना.प्र.नं. ५८७८ (जारी मितिः २०३९/१०/२४, स्थान उदयपुर) भएको **गीता देवी पोखरेल**।
६. छविलाल सुवेदीकी छोरी, कृष्ण प्रसाद पोखरेलेकी बुहारी ,प्रमोद पोखरलकी श्रीमती धनकुटा जिल्ला, मुगा गा.वि.स., वडा नं. ४ स्थायी घर भई उदयपुर जिल्ला त्रियुगा न.पा., वडा नं. ११ बस्ने, ना.प्र.नं. ०७-०१-७०-०७६६८ (जारी मितिः २०७०/१२/२३, स्थान धनकुटा) भएको **अर्चना सुवेदी**।

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः

उदयपुर जिल्ला, जोगिदह गा.वि.स., वडा नं. ९ स्थायी घर भई उदयपुर जिल्ला त्रियुगा न.पा., वडा नं. ११ बस्ने, **गीता देवी पोखरेल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सांविक उदयपुर जिल्ला, गाईघाट गा.वि.स., वडा नं. ४ मा अवस्थित कि.नं. क्रमशः ४८८ र ४८९ को क्षेत्रफल क्रमशः ०-०-१० र ०-०-१० विघाको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा ईटहरी शाखा, सुनसरी** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र अर्थात मिति २०८२/११/११ गते ५:०० बजे भित्र यस **बैंकको कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा ईटहरी शाखा, सुनसरी**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/११/१२ गते ३:०० बजे बैंकको ईटहरी शाखा, सुनसरीमा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **ईटहरी शाखा, सुनसरी**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

माउन्टेन इनर्जी नेपाल लि.
Mountain Energy Nepal Ltd.

पोष्ट बक्स नं. २९७२९, वडा नं. ३०, डिल्लीबजार, काठमाण्डौ, नेपाल । फोन नं : ०१-४५३७७०५
फ्याक्स नं. ०१-४५३०५६२ । E-mail: info@mountainenergy.com.np | URL: www.mountainenergy.com.np

Statement of Financial Position as at Poush 30, 2082

Particulars	As at 30th, Poush 2082 (Unaudited)	As at 31st, Ashwin 2082 (Unaudited)	As at 29th Poush, 2081 (Previous Year)
ASSETS			
Non-current assets			
Property, plant and equipment	24,062,882	24,905,807	29,190,309
Intangible assets	5,383,407,206	5,448,083,499	5,642,286,533
Investment	11,875,000	-	-
Intangible assets under development (Mristi khola)	76,875,584	76,875,584	76,875,584
Goodwill (arising on acquisition of Aadhishakti)	13,109,467	13,266,781	13,738,722
Deferred tax assets	-	-	-
Total non-current assets	**5,509,330,139**	**5,563,131,671**	**5,762,091,148**
Current assets			
Trade and other receivables	1,004,474,480	1,148,047,407	1,029,576,157
Prepayments	461,582,764	388,059,215	38,558,325
Loan and advances	22,906,709	19,379,510	30,020,991
Cash and cash equivalents	420,454,812	404,274,595	338,320,865
Total current assets	**1,909,418,765**	**1,959,760,727**	**1,436,476,338**
Total assets	7,418,748,904	7,522,892,398	7,198,567,486
EQUITY AND LIABILITIES			
Equity			
Share capital	3,123,258,850	2,602,715,708	2,602,715,708
Reserve and Surplus	1,332,902,906	1,764,069,728	1,240,453,414
Total equity	**4,456,161,756**	**4,366,785,436**	**3,843,169,122**
Liabilites			
Non-current liabilities			
Loans and borrowings	2,389,331,815	2,484,526,913	2,832,089,608
Deferrd tax liabilites	45,803,345	46,777,578	37,656,298
Total non-current liabilities	**2,435,135,160**	**2,531,304,491**	**2,869,745,906**
Current liabilities			
Trade and other payables	82,982,988	87,883,471	87,495,458
Loans and borrowings	444,469,000	536,919,000	398,157,000
Total current liabilities	**527,451,988**	**624,802,471**	**485,652,458**
Total liabilities	**2,962,587,148**	**3,156,106,962**	**3,355,398,364**
Total equity and liabilities	**7,418,748,904**	**7,522,892,398**	**7,198,567,486**

Statement of Profit or Loss and other Comprehensive Income
For the year on Poush 30, 2082

Particulars	Upto 30th Poush, 2082 (Current Quarter)	Upto 31st Ashwin, 2082 (Current Quarter)	As at 29th Poush, 2081 (Previous Year)
Revenue	914,447,801	613,559,246	798,106,491
Insurance Claim for loss of profit	900,000	900,000	80,629,646
Cost of sales			
-Amortization on Project Assets	(129,352,591)	(64,676,298)	(129,178,444)
-Other Direct Costs	(110,900,385)	(65,571,414)	(80,089,537)
Gross profit	**675,094,825**	**484,211,534**	**669,468,156**
Other income (Insurance Recovery)	-	-	-
Administrative expenses	(23,308,776)	(11,501,092)	(17,778,978)
Depreciation and amortisation	(2,130,224)	(1,062,300)	(871,934)
Operating profit	**649,655,825**	**471,648,142**	**650,817,244**
Finance income	29,019,780	29,016,173	1,441,240
Finance costs	(111,509,231)	(57,036,109)	(124,089,998)
Staff Bonus	(11,343,327)	(8,872,564)	(10,563,370)
Profit before tax	**555,823,047**	**434,755,642**	**517,605,116**
Income tax expenses			
Current tax	(15,112,888)	(11,024,105)	(6,053,475)
Previous Year Tax	-	-	-
Deferred tax income/(expense)	739,389	(234,844)	509,743
Profit for the period	**541,449,548**	**423,496,693**	**512,061,384**
Other comprehensive income	-	-	-
Total comprehensive income	**541,449,548**	**423,496,693**	**512,061,384**

1. 1. **A Summary of Significant Accounting Polices and other explanatory notes to quarterly interim financial information.**

1.1 The unaudited financial statements for the second quarter ended on 30th Poush, 2082 of the FY 2082/83 are reviewed by Audit Committee and authorized to publish by Board of Director of the Company.

1.1.1 Commercial Operation Date and Life of Hydropower Project:

Life (License Period):
- Tadi Khola (Thaprek), license period is valid till 2103 Mangsir 05.
- Mistri Khola license period is valid till 2103 Kartik 19.

Commercial Operation Date (COD):
- Tadi Khola (Thaprek) started commercial operation from 2069 Chaitra 14.
- Mistri Khola started its commercial operation from 2078 Ashadh 03.

1.2 **Basis for Accounting:**

These interim financial statements for the six months period ended on 30th Poush 2082 have been prepared in accordance with NAS 34 Interim Financial Reporting, and the accounting policies applied in these interim financial statements are consistent with those applied in the last annual financial statements as at and for the year ended 32 Ashad 2082, and should be read in conjunction with the Company's last annual financial statements as at and for the year then ended.

The Company has prepared the financial statements on the basis that it will continue to operate as a going concern. The Directors consider that there are no material uncertainties that may cast significant doubt over this assumption.

1.3 **Revenue:**

1.3.1 **Sale of Electricity:**

For the second quarter ended on 30th Poush, 2082 of the Financial Year 2082/2083, net revenue from sale of electricity generated by Tadi Khola HEP (5 MW) is NRs. 90,916,759 and by Mistri Khola HEP (42 MW) is NRs. 823,531,042.

Revenue for the period is based on terms of the PPA agreement with Nepal Electricity Authority.

Insurance Recovery: The Mistri Khola Hydroelectric Project (HEP) was impacted by an unprecedented flood resulting in a loss of profit and damage to project assets. In accordance with the terms of the insurance policy, the Company received compensation of NPR 900,000 for loss of profit and the amounts is recognized as revenue in the financial statements.

1.3.2 **Arbitral Award by NEPCA (Tribunal) & High Court, Patan**

With regard to the dispute between Mountain Energy Nepal Limited & Nepal Electricity Authority, Nepal Council of Arbitration (NEPCA), the Tribunal has awarded the dispute in favor of Mountain Energy Nepal Limited via letter Ref No. 306/080/81 dated 27 October 2023. Nepal Electricity Authority had appealed against the award of NEPCA to the Honorable High Court, Patan, vide case registration no 080-FJ-0091; for which the Arbitral decision was upheld by the High Court in favor of Mountain Energy Nepal Limited on 05th May 2024 .

Payment from NEA

As per the instruction of the Court for execution of decision of the High Court, NEA and deposited following amounts in the court as per its letter dated Shrawan 15, 2082

Particulars	Amount
Total claimed amount under Clause 12 of PPA	**174,180,195**
Total claimed amount under Clause 38.18 of PPA	89,897,872
Payment for Claim for short payment (Principal) till Shrawan 2079	264,078,067
Interest related to short payment under Clause 12 of PPA	29,012,412
Total Payment made by NEA for the claim till Shrawan 2079 (Rs.)	**293,090,479**

Balance Claim from NEA

The Company has filed application in the Lalitpur District Court for the full implementation of award from the Arbitrator on 2082.05.29. Updated Detail of balance receivable as at Poush end 2082 are presented below:

Receivables (from Bhadra 2079 to Poush 2082)	Amount
Total claimed amount under Clause 12 of PPA	530,545,518.40
Total claimed amount under Clause 38.18 of PPA	286,887,006.89
Total balance claim from NEA (Without Interest)	**817,432,525.29**

1.4 **Amortization:**

Both the Projects, Tadi Khola and Mistri Khola Project have recognized an Intangible Asset for the right to sell electricity to NEA as specified in PPA through construction of projects assets under the service concession agreement.

Tadi Khola Project Assets, accounted as Intangible assets, are amortized over remaining useful life (Operation License period) of 338 months. The useful life of project asset is the tenure calculated from commercial date of operation. The amortization expense is included in the Cost of Sales.

Mistri Khola Project Assets, accounted as Intangible assets, are amortized over remaining useful life (Operation License period) of 304.5 months. The useful life of project asset is the tenure calculated from commercial date of operation. The amortization expense is included in the Cost of Sales.

Final project construction completion certificate is dated Ashwin 12, 2078. Hence, all the expenses relating to the project up to Ashwin 12, 2078 are capitalized.

1.5 **Taxation:**

Mistry Khola project is in tax holiday up to Ashad 02, 2088, then after for next five years, tax concession is 50% of applicable tax rate. 100% tax concession period of Tadi Khola HEP ended on Chaitra 13, 2079 and for the next five years, tax concession at the rate of 50% on applicable tax rate is available till Chaitra 13, 2084. Accordingly, tax liability on taxable income of Tadi Khola project is calculated applying the concessional rate of 12.5% from Ashad-end 2082. 100% tax concession period of Mistri Khola HEP is available till Ashadh 02, 2088.

Interest income is not tax exempted as per Section 11 of Income Tax Act, 2058, consequently tax liability on Interest Income has been calculated at the rate of 25% on proportionate basis after deducting the staff bonus.

1.6 Related Party Transitions:

There is no related party transaction during the reporting period.

1.7 **Key Financial Ratio:**

In NRs.

Period	Earnings Per Share (Quarterly)	Net Worth Per Share	Current Ratio	P/E Ratio
This Quarter End	17.34	142.68	3.62	33.91
Previous Quarter End	16.27	167.78	3.14	36.77
Corresponding Previous year's Quarter End (Audited)	19.67	147.66	2.96	31.06

1.8 **Challenges**

Internal
- Retention of skilled human Resources
- Managing Operational Efficiency

External
- Impact of Climate Change on amount of Rain/Snow Fall in Catchment area
- Suppler Risk as vendors of major project assets is of foreign origin.
- Foreign exchange rate

1.9 **Management Analysis**

Both the projects (Tadi Khola-HEP and Mistri Khola HEP) are operating satisfactorily. The debt service is regular.

1.10 **Analysis of Share Transactions:**

The Major Highlights of Share Transactions During the Quarter are as follows:

Maximum Price NPR	Minimum Price NPR	Closing Price NPR	Total Turnover NPR	Traded Volume In No.	Transaction Days
683.4	535	588	3,007,442,527	4,811,638	56

2. Corporate Governance

The Company has regular Board of Directors and Audit Committee meetings. The management team meet regularly for the smooth running of the Company.

3. Declaration from Management

I take the responsibility for the accuracy of financial and other information detailed in this report for the 6 months period ended on 30th Poush, 2082 of FY 2082/83 and hereby declare that financial and other information detailed in this report are true, based on records and facts, and are complete to the best of my knowledge and that information necessary for taking informed decision by the investors are not concealed.

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार २६ माघ ०८२

इपिएस प्रणालीको समस्या बोकेर १४ फागुनमा नेपाली टोली कोरिया जाने

नयाँ पत्रिका

इपिएसपीडित युवाको माग सम्बोधन गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट सचिव नेतृत्वको टोली १४ फागुनमा कोरिया जाने भएको छ। नेपाली टोलीले इपिएस प्रणालीमा देखिएका समस्यालाई बैठकमा एजेन्डाका रूपमा प्रस्तुत गर्ने श्रम मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले जानकारी दिए। 'कोरियाबाट पनि डेपुटी मिनिस्टर (सचिव)स्तरीय टोली नै वार्तामा बस्ने भएको छ। त्यसैले नेपालबाट पनि सचिव नेतृत्वको टोली जाने तय भएको छ,' उनले भने, 'भ्रमण दलमा को-को रहने भन्ने टुंगिसकेको छैन।' इपिएस प्रणालीप्रति कोरियन भाषा परीक्षा उत्तीर्ण गरेका युवाले असन्तुष्टि जनाएर १८ पुसदेखि आन्दोलन गरिरहेकाले समस्या समाधानका लागि श्रम मन्त्रालयको टोली कोरिया जान लागेको हो।

मन्त्रालयले नै कोरियाको मानव संसाधन सेवा विभाग (एचआरडी, कोरिया)लाई नेपालबाट एक टोली आएर वार्ता गर्न चाहेकोबारे लिखित पत्राचार गरेको थियो। त्यसपछि एचआरडी, कोरियाले सियोलस्थित नेपाल दूतावासमार्फत २७ र २८ माघ वा १४ र १५ फागुनमध्ये एउटा मितिमा भ्रमण गर्न निम्ता दिएको थियो। २७ र २८ माघको मितिमा आवश्यक तयारी गर्न नसक्ने भएपछि श्रम मन्त्रालयले १४ र १५ फागुनका लागि बैठक बस्न आउने जानकारीसहितको पत्राचार कोरियालाई गरिसकेको छ।



इपिएसपीडित युवाले पनि कोरिया नै गएर नेपाली टोलीले समस्या समाधानका लागि अग्रसरता लिन आग्रह गरिरहेका छन्। भाषा परीक्षा दिएको दुईवर्षे म्याद व्यतीत भइसक्दा पनि रोजगारीका लागि कोरिया जान नपाएका युवाले भाषा परीक्षाको अवधि दुई वर्ष थप गर्नुपर्ने, रोस्टर परिवर्तन गर्न पाउनुपर्ने, कोरियाको रोजगारदाता कम्पनीमा धमाधम फाइल पठाउनुपर्नेलगायतका माग राखेका छन्। उनीहरूले भाषा परीक्षा उत्तीर्ण गरिसकेकालाई कोरिया नपठाई नयाँ भर्ना नलिन माग गरे पनि इपिएस शाखाले कृषितर्फ १८ सय नयाँ प्रशिक्षार्थी लिन भाषा परीक्षा खुलाइसकेको छ।

श्रम मन्त्रालयका प्रवक्ता घिमिरेले इपिएस प्रणालीमार्फत कोरिया जान भाषा परीक्षा उत्तीर्ण गरेका युवाको माग सम्बोधन गर्ने गरी एजेन्डा बनाएर नेपाली टोली सियोल जाने बताए।

नेपालबाट बाहिरिने रेमिट्यान्समा ५२.६६ प्रतिशतको वृद्धि

६ महिनामा बाहिरियो झन्डै सात अर्ब, श्रम इजाजत लिएका २२ हजार ४३९ विदेशी कामदार नेपालमा

मिलन विश्वकर्मा/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को पहिलो ६ महिनामा नेपालबाट औपचारिक माध्यमबाट बाहिरिने रेमिट्यान्स ५२.६६ प्रतिशतले बढेको छ। चालू आवको पुस मसान्तसम्म ६ अर्ब ९८ करोड २६ लाख रुपैयाँ रेमिट्यान्स बाहिरिएको राष्ट्र बैंकको तथ्यांकमा उल्लेख छ। गत आवको पहिलो ६ महिनामा नेपालबाट चार अर्ब ५७ करोड ३८ लाख रुपैयाँ रेमिट्यान्स बाहिरिएको थियो। नेपालमा विदेशी कामदारको संख्या बढ्न थालेपछि बाहिरिने रेमिट्यान्स पनि बढ्न थालेको हो। अघिल्लो आव ०८०/८१ सम्म नेपालबाट बाहिरिने रेमिट्यान्स बढ्न सकेको थिएन। कोरोना र त्यसपछिको आर्थिक शिथिलताले नेपालबाट बाहिरिने रेमिट्यान्स बढ्न सकेको थिएन। गत आवदेखि भने नेपालबाट बाहिरिने रेमिट्यान्स पनि बढ्न थालेको हो।

वैदेशिक रोजगारीबाट नेपालमा उच्च मात्रामा रेमिट्यान्स भित्रिन्छ। चालू आवको ६ महिनामा रेमिट्यान्स आप्रवाह ३९ प्रतिशतले बढेको छ। गत आवको ६ महिनामा सात खर्ब ६४ अर्ब ३० करोड ८० लाख रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो। चालू आवमा ६ महिनामा भने १० खर्ब ६२ अर्ब ९२ अर्ब ९५ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको छ। नेपालमा रेमिट्यान्स आप्रवाह उच्चदरमा बढ्दै आएको छ। नेपाली अर्थतन्त्रमा रेमिट्यान्सको उच्च योगदान छ। तर, यही देशबाट बाहिरिने रेमिट्यान्स पनि बढ्न थालेको छ। यद्यपि, त्यो रकमका आधारमा कम छ।


नेपालमा रोजगारीका लागि आएका विदेशी कामदारले आफ्नो यहाँ बुझेको पारिश्रमिक आफ्नो मुलुकमा रेमिट्यान्स पठाएका हुन्। श्रम तथा व्यवसायजन्य सुरक्षा विभागको तथ्यांकअनुसार हालसम्म २२ हजार चार सय ३९ जना विदेशी कामदारले श्रम इजाजत लिएका छन्। नेपालमा काम गर्न आउने विदेशी कामदारले आफूले कमाएको ७५ प्रतिशत रकम आफ्नो देशमा पठाउन पाउने व्यवस्था छ। विदेशी कामदारले आफूले कमाएको २५ प्रतिशत रकम नेपालमै खर्च गर्नुपर्ने प्रावधान छ।

नेपालमा सञ्चालित बहुराष्ट्रिय कम्पनी, जलविद्युत् आयोजना, बैंक तथा वित्तीय संस्था, बिमा कम्पनीमा विदेशी कर्मचारी पनि कार्यरत छन्। विशेष गरी विदेशी लगानीका कम्पनी, आयोजना, बैंक, बिमा कम्पनीमा विदेशी कर्मचारीको संख्या बढी छ। जलविद्युत् तथा पूर्वाधार आयोजनामा विदेशबाट प्राविधिक कामदार बढी आउने गर्छन्। उनीहरूले नेपालमा कमाउने पैसा रेमिट्यान्समार्फत आफ्नो देश पठाउने गर्छन्।

अहिले डाबर नेपाल, युनिलिभर नेपाल, स्ट्यान्डर्ड चार्टर्ड बैंक, मेट लाइफ इन्स्योरेन्स, नेसनल इन्स्योरेन्स, एलआइसी नेपाल, दी ओरियन्टल इन्स्योरेन्स, हिमालयन रि-इन्स्योरेन्सजस्ता कम्पनीमा विदेशी कर्मचारी पनि कार्यरत छन्। यसैगरी, नागढुंगा सुरुङमार्गमा जापानिज, सिद्धबाबा सुरुङमा पनि चिनियाँ, दुई सय १६ मेगावाटको त्रिशूली जलविद्युत्मा कोरियाबाट कर्मचारी ल्याइएको छ। यी त प्रतिनिधि उदाहरण मात्रै हुन्, नेपालमा विभिन्न कम्पनी तथा परियोजनामा विदेशी कामदार छन्। विदेशी लगानीका कम्पनी तथा परियोजनाले आफ्नै कर्मचारी ल्याएर पनि आउँछन्। स्वदेशी कम्पनीले भने नेपालमा उपलब्ध नहुने सिप क्षमताका कर्मचारी विदेशबाट ल्याउने गर्छन्। यद्यपि, राष्ट्र बैंकको यस तथ्यांकमा अनौपचारिक माध्यमबाट जाने रेमिट्यान्स भने समावेश छैन। नेपालमा थुप्रै भारतीय नागरिक आएर श्रम इजाजत नलिई अनौपचारिक क्षेत्रमा काम गर्दै आएका छन्। उनीहरूले कमाएको पैसा भने औपचारिक रूपमा लैजान पाउँदैनन्। उनीहरूले कमाएको पैसा सीमा क्षेत्रमा सटही गरेर नगद नै आफ्नो देश लैजाने गर्छन्, जुन तथ्यांक यसमा समावेश छैन। साथै, त्यसबापत कति रकम जान्छ भनेर कुनै अध्ययन पनि छैन।

यद्यपि, अमेरिकाको पिउ रिसर्च सेन्टरले सन् २०१७ मा विश्वमा रेमिट्यान्स आप्रवाहबारे एक अध्ययन गरेको थियो। सो अध्ययनले भारतबाट करिब एक अर्ब अमेरिकी डलर रेमिट्यान्स नेपाल भित्रिने देखाएको थियो। त्यस्तै, नेपालबाट भने तीन अर्ब अमेरिकी डलर रेमिट्यान्स भारत जाने प्रतिवेदनमा उल्लेख थियो।

■ कुन वर्ष कति बाहिरियो रेमिट्यान्स ?



स्रोत : नेपाल राष्ट्र बैंक

■ साढे पाँच वर्षमा बाहिरियो ४४ अर्ब ५२ करोड रेमिट्यान्स

राष्ट्र बैंकको आँकडाअनुसार पछिल्लो साढे पाँच वर्षमा नेपालबाट ४४ अर्ब ५२ करोड ५५ लाख रुपैयाँ रेमिट्यान्स बाहिरिएको छ। आव ०७७/७८ मा ६ अर्ब एक करोड ८५ लाख रुपैयाँ, आव ०७८/७९ मा सात अर्ब ६७ करोड ९१ लाख रुपैयाँ, आव ०७९/८० मा ६ अर्ब ६१ करोड २८ लाख रुपैयाँ, आव ०८०/८१ मा ६ अर्ब ६ करोड दुई लाख रुपैयाँ र गत आव ११ अर्ब १७ करोड २३ लाख रुपैयाँ रेमिट्यान्स बाहिरिएको छ। गत आवमा बाहिरिएको रेमिट्यान्स हालसम्मकै उच्च हो। चालू आवको ६ महिनामा भने ६ अर्ब ९८ करोड २६ लाख रुपैयाँ रेमिट्यान्स बाहिरिएको छ।

नेपाल-कतार संयुक्त व्यवसाय परिषद्को बैठक आज

काठमाडौं/ नेपाल-कतार संयुक्त परिषद्को बैठकमा सहभागी कतारका उद्योगी-व्यवसायीको एक प्रतिनिधिमण्डल नेपाल आइपुगेको छ। नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसिसिआई) र कतार चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीबिच सन् २०२४ मा गठन गरिएको परिषद्मा सहभागी हुन कतारको प्रतिनिधिमण्डल आइतबार काठमाडौं आइपुगेको हो। माघ २६ र २७ गते काठमाडौंमा परिषद्को बैठक बस्नेछ।

संयुक्त व्यवसाय परिषद् स्थापनासम्बन्धी सम्झौता सन् २०२४ अप्रिलमा कतार राज्यका महामहिम अमिर शेख तमिम बिन हमद अल थानीको नेपाल भ्रमणका क्रममा हस्ताक्षर भएको थियो। यस सम्झौताले नेपाल र कतारबिचको आर्थिक सहकार्यलाई थप सुदृढ बनाएको महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताए। ढकालको निमन्त्रणामा काठमाडौं आएको कतारी प्रतिनिधिमण्डलको नेतृत्व कतार चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रीका बोर्ड सदस्य मोहद अहमद एमए अलोबैद्लीले गरेका छन्। प्रतिनिधिमण्डलले अर्थमन्त्री रमेश्वरप्रसाद खनाल, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अनिलकुमार सिन्हा तथा नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलसँग भेट गर्ने कार्यक्रम रहेको छ।

संयुक्त व्यवसाय परिषद्ले अन्तिम रूप दिई सक्रिय बनाउनु द्विपक्षीय व्यापार विस्तार, लगानी प्रवाह प्रोत्साहन तथा दुवै देशका व्यवसायीबिच साझेदारी सुदृढ गर्न महत्त्वपूर्ण हुने महासंघका अध्यक्ष ढकालले बताए। अध्यक्ष ढकालका अनुसार छलफलहरू परिषद्लाई व्यावहारिक र परिणाममुखी बनाउने तथा सहकार्यका ठोस क्षेत्र पहिचानमा केन्द्रित रहनेछन्।

नेपालमा जलविद्युत् तथा नवीकरणीय ऊर्जा, पर्यटन, कृषि-प्रशोधन, सूचना प्रविधि, उत्पादन, पूर्वाधार, स्वास्थ्य र शिक्षालगायतका क्षेत्रमा आकर्षक लगानी अवसर उपलब्ध छन्।

संक्षेप

सेयर बजारमा दोहोरो अंकको गिरावट

काठमाडौं/ सेयर बजार दोहोरो अंकले घटेको छ। नेपाल स्टक एक्सचेन्ज (नेप्से)का अनुसार आइतबार बजार १०.२४ अंकले घटेर २६९८.४५ विन्दुमा बन्द भएको छ। नेप्सेका अनुसार हिजो ११ अर्ब ६५ रुपैयाँभन्दा बढीको कारोबार भयो। तीन सय ३० कम्पनीको कारोबार हुँदा ८५ वटाको मूल्य घट्यो भने एक सय ६८ को बढ्यो, सातवटाको स्थिर रह्यो।

उक्त दिन सुपर माई हाइड्रोपावरको मूल्य १० प्रतिशतले बढेर नौ सय ३१ रुपैयाँ पुगेको छ। त्यस्तै, रिदी पावर कम्पनीको ९.९८, खानीखोला हाइड्रोपावर कम्पनीको ९.९७, हिमालयन हाइड्रोपावरको ५.३९ र जोशी हाइड्रोपावर डेभलपमेन्टको मूल्य ४.४९ प्रतिशतले बढ्यो।

कालिन्चोक दर्शन लिमिटेडका लगानीकर्ताले प्रतिकित्ता ९६ रुपैयाँका दरले घाटा व्यहोरे। नेप्सेका अनुसार सुपर मादीको सर्वाधिक ५६ करोड रुपैयाँभन्दा बढीको सेयर खरिद-बिक्री भयो। समूहगत सूचकतर्फ इन्भेस्टमेन्ट र 'अन्य' सूचकबाहेक सबै घटेका छन्। सबभन्दा बढी होटेल एन्ड टुरिजमको १६४ अंकले घट्यो।

सुन तोलामा साढे नौ हजारको वृद्धि



काठमाडौं/ आइतबार सुनको मूल्य बढ्यो। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सो दिन सुन तोलामा नौ हजार पाँच सय रुपैयाँले बढेको हो। गत हप्ताको शुक्रबार दुई लाख ९१ हजार रुपैयाँ रहेको सुन आइतबार बढेर तीन लाख पाँच सय पुग्यो। त्यसैगरी, चाँदी तीन सय रुपैयाँले बढ्यो। शुक्रबार चार हजार सात सय १० रुपैयाँ रहेको चाँदी आइतबार पाँच हजार १० पुग्यो।

व्यवस्थापन संघको अध्यक्षमा अधिकारी

काठमाडौं/ नेपाल व्यवस्थापन संघ (म्यान)को सभापतिमा हेमकुमारी अधिकारी निर्वाचित भएकी छिन्। आइतबार सम्पन्न म्यानको ४५औं वार्षिक साधारणसभाले सभापतिमा अधिकारीसहित नयाँ कार्यसमिति सर्वसम्मत रूपमा निर्वाचित गरेको हो। म्यानको उपसभापतिमा जितेन्द्र धिताल, उपसभापतिमा कृष्णप्रसाद आचार्य, महासचिवमा इन्द्रकुमार श्रेष्ठ र कोषाध्यक्षमा चंकी क्षेत्री निर्वाचित भएका हुन्।

म्यानको कार्यसमिति सदस्यमा मधु पौडेल, बुद्धिकुमार मल्ल, अनु जोशी, बाबुराम शर्मा, अरुणकुमार सिग्देल, धर्मानन्द अवस्थी, कृष्णप्रसाद शर्मा र कृष्णकुमार भट्टराई निर्वाचित भएका हुन्। त्यस्तै, संस्थागत सदस्यतर्फ उर्मिला श्रेष्ठ (साल्ट ट्रेडिङ कर्पोरेसन लि.), महेश शर्मा ढकाल (नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.), देवेन्द्ररमण खनाल (राष्ट्रिय वाणिज्य बैंक लि.) र पर्वतकुमार कार्की (नागरिक लगानी कोष) चयन भएका छन्।

Peoples Hydropower Company Ltd.

Buddhanagar-10, Kathmandu Nepal

Unaudited Statement of Financial Position

As on 30th Poush, 2082

Particulars	This Quarter Ending 30th Poush 2082	Previous Quarter Ending 31st Ashwin, 2082	Corresponding Previous Year Quarter Ending 29th Poush 2081
Assets			
Non-Current Assets			
Property, Plant and Equipment/WIP	64,593,944	63,232,664	66,751,173
Intangible Assets	10,361,342,830	10,440,404,083	10,388,603,813
Right of Use Assets	3,026,728	3,622,486	6,409,541
Non Current Financial Assets	677,253,048	408,839,290	418,868,455
	11,106,216,550	**10,916,098,524**	**10,880,632,982**
Current Assets			
Trade and Other Receivables	207,650,026	178,710,387	171,447,231
Prepayments, Deposits and Margins	193,251,457	188,247,978	348,587,614
Cash and Cash Equivalents	24,781,265	44,243,303	61,550,435
	425,682,748	**411,201,668**	**581,585,279**
Total Assets	**11,531,899,298**	**11,327,300,192**	**11,462,218,262**
Equity and Liabilities			
Equity			
Issued Share Capital	3,200,000,000	3,200,000,000	3,200,000,000
Retained Earnings	5,369,844	(253,079,104)	(157,482,043)
Other Equity	805,001	7,595,000	5,570,001
Total Equity	**3,206,174,844**	**2,954,515,896**	**3,048,087,958**
Non-Current Liabilities			
Financial Liabilities	8,169,963,026	8,170,070,924	8,100,978,962
Lease Liability	3,328,606	3,839,471	6,409,541.01
Deferred tax liabilities	595,151	595,151	1,660,724
	8,173,886,783	**8,174,505,546**	**8,109,049,227**
Current Liabilities			
Trade and Other Payables	136,837,671	141,278,750	190,081,077
Financial Liabilities	15,000,000	57,000,000	115,000,000
	151,837,671	**198,278,750**	**305,081,077**
Total Liabilities	**8,325,724,454**	**8,372,784,296**	**8,414,130,304**
Total Equity and Liabilities	**11,531,899,298**	**11,327,300,192**	**11,462,218,262**

UNAUDITED CONDENSED STATEMENT OF PROFIT OR LOSS

For the period ended 30th Poush, 2082

Particulars	For the Second Quarter Ending 30th Poush 2082	For the First Quarter Ending 31st Ashwin 2082	For the Second Quarter Ending 29th Poush 2081
Continuing operations			
Revenue from contracts with customers	571,221,568	318,185,724	533,756,725
Other Revenue	395,682	34,816	1,279,074
Revenue	**571,617,250**	**318,220,540**	**535,035,798**
Cost of Sales	(210,103,026)	(115,969,719)	(223,561,766)
Gross Profit	**361,514,224**	**202,250,821**	**311,474,032**
Administrative Expenses	(47,336,644)	(18,674,164)	(61,859,970)
Operating Profit	**314,177,580**	**183,576,657**	**249,614,062**
Finance Cost	(337,449,141)	(176,961,407)	(306,039,330)
Other income / (Loss)	25,812,118	(51,640)	316,432
Profit before tax from Continuing Operations	**2,540,558**	**6,563,610**	**(56,108,836)**
Income tax expense			
Deferred Tax	-	-	-
Profit for the year from Continuing Operations	**2,540,558**	**6,563,610**	**(56,108,836)**
Profit for the year	**2,540,558**	**6,563,610**	**(56,108,836)**

Notes to the quarterly financial report:
1. Financial Statement of current quarter is prepared in accordance with Nepal Financial Reporting Standards (NFRS).
2. Above figures may vary upon otherwise direction made by Statutory auditor and Regulators.
3. Figures has been regrouped/reclassified/rearranged/restated whereever necessary.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अनुसूचि-१४, (नियम २६ को उप नियम (१) सँग सम्बन्धित)

आ.ब. २०८२/२०८३ को प्रथम त्रैमासिकको अपरिष्कृत प्रतिवेदन

१. **वित्तीय विवरण:**
क. आ.व. २०८२/०८३ को दोश्रो त्रैमासिकको वासलात तथा नाफा नोक्सान हिसाव यसै साथ प्रकाशित गरिएको छ।
ख. नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०७६ को इ. प्रा. निर्देशन नं. २/०७६ को बुँदा नं. ३९ बमोजिम ब्याज रकम पुँजीकरण गरिएको छ।
ग. उक्त वासलातको आधारमा कम्पनीको प्रमूख वित्तीय अनुपात निम्नानुसार छ।

विवरण	यस त्रैमासिक	गत त्रैमासिक	गत वर्षको यस त्रैमासिक
प्रतिशेयर आम्दानी	०.१६	०.८२	(३.५१)
प्रतिशेयर नेटवर्थ	१००.१९	९२.३३	९५.२५
प्रतिशेयर कुल सम्पत्ती मूल्य	२६६.००	३४७.१०	५५७.००
मूल्य आम्दानी अनुपात	१,६७५.२२	४२३.०६	(१५८.८३)
तरलता अनुपात	२.८०	२.०७	१.९१

२. **व्यवस्थापकीय विश्लेषण :**
क. यस पिपुल्स हाइड्रोपावर कम्पनी लि. ले निर्माण सम्पन्न गरेको सुपरदोर्दी जलविद्युत आयोजना 'ख' ५४ मे.वा. परियोजना नेपाल विद्युत प्राधिकरणले निर्माण गर्नु पर्ने ट्रान्समिसन लाईन (मर्स्याङ्दी करिडोर २२० के. भि.) समयमा सम्पन्न नगरेको कारणले Contingency Plan अन्तर्गत कार्तिक महिनामा न्यून विद्युत मात्र खरिद गरेको कारण आम्दानीमा प्रत्यक्ष असर पारेको छ।
ख. नेपाल विद्युत प्राधिकरणले निर्माण गर्नु पर्ने मर्स्याङ्दी करिडोर २२० के. भि. प्रसारण लाईन अन्तर्गत मार्किन चोक भरतपुर खण्डको निर्माण कार्य तिव्र रुपमा काम भैरहेको हुदा यसै त्रैमासिक भित्र सम्पन्न भै Contingency Plan हटाई पूर्ण रुपमा उत्पादित विद्युत विक्रि हुने अपेक्षा रहेको छ।
ग. कम्पनीको पूर्ण स्वामित्वमा रहेको ५७ मे.वा. को हिमचुली दोर्दी जलविद्युत आयोजना वर्षे देखि PPA हुने प्रकृयामा रहेको छ।
घ. कम्पनीले आयोजनाको लागि लिएको ऋण रकम घटाउने उद्धेश्यका साथ आफ्नो चुक्ता पुँजीको १:१ को दरले हकप्रद शेयर निष्काशन गर्न आ.व. २०८१।८२ को वार्षिक साधारण सभाबाट पारित गरी नियमन निकायबाट स्वीकृत प्राप्त गर्ने प्रकृयामा रहेको।
३. **कानुनी कारवाही सम्बन्धी विवरण:** यस त्रैमासिकमा संस्थाको संस्थापक र संचालक विरुद्ध कुनै मुद्दा मामिला परे/गरेको जानकारी नभएको।
४. **संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :** धितोपत्र बजारमा संस्थाको शेयर कारोवार नियमानुसार सामान्य प्रकृतिबाट नै भएको छ। यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या स्टक एक्सचेन्ज लि.को वेवसाइट अनुसार :

अधिकतम मूल्य रु.	३९५.००	अन्तिम मूल्य रु.	२६६.००
न्यूनतम मूल्य रु.	२५४.५०	कारोवार दिन	५५.००
कारोवार संख्या	२३,२६९.००	कारोवार शेयर कित्ता	५,६३६,४५३.००

५. **समस्या र चुनौती :**
क. हालसम्म पनि नेपाल विद्युत प्राधिकरणले निर्माण गर्नु पर्ने मर्स्याङ्दी करिडोर २२० के. भि. प्रसारण लाईन निर्माण सम्पन्न नभएको भनी Contingency Plan (वैकल्पीक व्यवस्था) नै लागु गरिरहेको कारण Dispatch Instruction अनुसार न्यून क्षमतामा उत्पादन गर्नु पर्ने बाध्यता रहेको छ। जसको कारण यस त्रैमासिकको आम्दानीमा कमी आएको छ।
ख. देशमा तिव्र रुपमा बढ्दै गैरहेको हाईड्रोपावर परियोजना निर्माणले गर्दा दक्ष जनशक्तिको अभाव खड्किरहदै आएको छ।
६. **संस्थागत सुशासन:**
संस्थागत सुशासनको लागि कम्पनीले पालना गर्नु पर्ने नीति, नियम पूर्ण रुपमा पालना गरेको छ।
७. **सत्य तथ्य सम्बन्धी प्रवन्ध संचालकको उद्घोषण :**
यस अवधिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा कम्पनीको तर्फबाट म उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई उचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचनाहरू तथा जानकारीहरू लुकाएको छैन।

Bagamati Province Government

Ministry of Social Development

Social Development Office, Lalitpur

Invitation for Bids & Sealed Quatations

Date of publication: 2082/10/26 (February 09, 2026)

1. Social Development Office, Lalitpur invites only Electronic bids from eligible bidders for the construction of works as mentioned below. Eligible Bidders may obtain further information and inspect the Bidding Documents from PPMO e-GP system **www.bolpatra.gov.np/egp.**

SN	Description of Work and Contract No.	Estimate Amount With Vat & PS (NRs.)	Bid Security Amount (NRs.)	Bid Fee (NRs.)
1	Construction of infrastructure including furniture in the hall of Baneshwor Bahumukhi Campus, Baneshwor, Kathmandu SDOLALITPUR/NCB/17/2082-83	27,51,351.94	61,000	3,000
2	Building Construction of Gramsewa Secondary School, Tarkeshwor-6, Kathmandu SDOLALITPUR/NCB/18/2082-83	79,57,939.49	1,77,000	3,000
3	Building repair and child-friendly furniture Construction of Balbikash Secondary School, Kageshwori Manohara -2, Aalapot, Kathmandu SDOLALITPUR/NCB/19/2082-83	20,63,525.33	46,000	3,000
4	Building Construction of Tarkeshwor Manamaiju Cummunity School, Tarkeshwor-8, Kathmandu SDOLALITPUR/NCB/20/2082-83	74,68,641.57	1,66,000	3,000

2. Social Development Office, Lalitpur invites Sealed quotations for the construction of works as mentioned below. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the office or may visit PPMO website **www.bolpatra.gov.np/egp.**

SN	Description of Work and Contract No.	Estimate Amount With Vat (NRs.)	Bid Security Amount (NRs.)	Bid Fee (NRs.)	Notice No.
1	Construction of Furniture for Koteshwor Bahumukhi Campus Ka.ma.pa-32, Jaributi, Kathmandu SDOLALITPUR/SQ/02/2082-83	17,16,116.24	38,000	1,000	First

पिएको पारिश्रमिक खोसिएको भन्दै कोशीमा सत्तारूढ दलकै सांसद असन्तुष्ट

विराटनगरमा **गणेश लम्साल**

स्वकीय सचिवको पारिश्रमिक रोकिएपछि सरकार र प्रदेश सभा सचिवालय चुपचाप संघीय सरकारको मुख ताकेर बसेको भन्दै कोशीका सत्तारूढ दलहरूले आक्रोश व्यक्त गरेका छन्। आइतबार कोशी प्रदेश सभाको आठौँ तथा हिउँदे अधिवेशनमा बोल्दै कांग्रेस र एमाले सांसदहरूले संवैधानिक रूपले प्रश्न उठेको सरकारका कर्मचारीले पठाएको पत्रका आधारमा स्वकीय सचिवहरूको पारिश्रमिक खोसिँदा सरकार र संसद् सचिवालय चुपचाप बसेको भन्दै आक्रोश पोखेका हुन्।

एमाले संसदीय दलका उपनेता तिलुमार मोयाङ्बोले संविधानअनुसार प्रदेश सरकारले निर्माण गरेको कानुनअनुसार नियुक्त भएका सांसदहरूको स्वकीय हटाउने वा पारिश्रमिक रोक्का गर्ने अधिकार संघलाई नभएकाले निर्देशन मान्नुपर्ने बाध्यता नभएको बताए। उनले कानुनअनुसारका सेवा-सुविधा हटाउने वा रोक्का गर्ने अधिकार, कानुन संशोधन गर्ने अधिकार प्रदेशलाई मात्र भएकाले परिपत्र गरेकै आधारमा सरकार र प्रदेश सचिवालय मुखामुख गरेर संघको निर्देशन पर्खिरहनु संघीयताको अपमान हुने दाबी गरे। 'अधिकार सम्पन्न प्रदेशले संवैधानिक हो कि होइन भनेर प्रश्न उठिरहेको संघको सरकारका कर्मचारीले पठाएको परिपत्रको निर्देशन मान्नु आवश्यक छैन, यो विधिको हो कि निर्देशनको शासन हो,' उनले भने।

कांग्रेस संसदीय दलका नेता उद्धव थापाले प्रदेश सांसदका स्वकीयहरूको पारिश्रमिकको मात्र नभएर सवाल संघीयताकै भएकाले अब सरकार र प्रदेश सभा सचिवालायले संघको निर्देशन पर्खेर अझै चर्चा र आक्रोशको विषय बनाउन नहुने बताए। उनले आफूले बनाएको कानुन मिचिएर हेपिएको महसुस गर्दै सरकार र प्रदेश सभाले निर्णय नगर्दा आफूहरू डायरी, कलम पनि आफैँ बोकेर प्रदेश सभा आउन बाध्य हुनुपरेको भन्दै आक्रोश व्यक्त गरे। 'स्वकीय नहुँदा हामी पनि सांसदजस्तो भएनौँ, यो कुरा मान्य छैन। संघका सचिवको निर्देशनकै कारण हामी स्वकीयविहीन हुन चाहँदैनौं, यसबारे सरकारले तुरुन्त निर्णय गरोस्,' उनले भने।

जेन-जी आन्दोलनपछि बनेको सरकारले सचिवस्तरको निर्णयबाट पत्र पठाएर प्रदेश सांसदका स्वकीयहरूको पारिश्रमिक रोक्का गरेर संघीयताविरोधी कार्य गरेको भन्दै कोशी प्रदेशका सांसदहरूले विरोध गर्दै आएका छन्। उनीहरूले प्रदेश सभा सचिवालय र सरकारले एक-अर्कालाई देखाएर चोखिन खोजेको भन्दै आलोचना गर्दै आएका छन्।

कोशी प्रदेश सभाको आठौँ वार्षिकोत्सवका दिन २२ माघमा मुख्य प्रतिपक्षी दल नेपाली कम्युनिस्ट पार्टी संसदीय दलका नेता इन्द्र आङ्बोले प्रदेश सांसदका निजी सचिवहरूको पारिश्रमिकबारे आफैँले प्रस्ट निर्णय गर्न सरकारलाई आग्रह गरेका थिए। उनले संघले परिपत्र गरेकै भरमा आफ्नो अधिकार प्रयोग गरेर स्वकीयहरूको पारिश्रमिकबारे कुनै निर्णय गर्न नसक्नु प्रदेश सभा सचिवालयको अक्षमता रहेको बताए।

नेता आङ्बोले प्रदेशको कानुनअनुसार नियुक्त स्वकीयहरू राख्ने कि हटाउने भन्ने निर्णय सरकारले गर्नुपर्ने र निर्णय नभएसम्म प्रदेश सभाले नियमित पारिश्रमिक उपलब्ध गराउनुपर्नेमा जोड दिएका थिए।

कोशी प्रदेशका ८१ जना सांसदका स्वकीय सचिवको सेवा-सुविधा रोकिएको छ। सांसदहरूको चर्को दबाबपछि कोशी सरकारले 'प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७५' को अनुसूची २ मा रहेको व्यवस्था संशोधन नभएकाले पारिश्रमिक नियमित गर्ने तयारी गरेको छ।

जेन-जी आन्दोलनपछि सुशीला कार्की नेतृत्वको मन्त्रिपरिषद्को ५ असोजको निर्णयअनुसार अर्थ मन्त्रालयले ७ असोजमा सांसद तथा अन्य राजनीतिक पदाधिकारीका स्वकीय सचिवको सुविधा खारेज गर्न परिपत्र गरेको थियो। त्यसपछि मन्त्रालयले ८ असोजमा सातै प्रदेश सभालाई पत्र लेख्दै अर्थ मन्त्रालयले स्वकीय सचिवको सुविधा खारेजीको निर्णय कार्यान्वयन गर्न निर्देशन दिएको थियो।

फर्जी मत हालेको भन्दै सांसदले गरे सांसदकै भर्त्सना

कोशी प्रदेश सभाका राप्रपा सांसद प्रेमराज थाम्सुहाङले राष्ट्रिय सभा सदस्यको निर्वाचनमा ११ माघमा आफ्नो नामबाट फर्जी मतदान भएकोमा भर्त्सना गरे। आइतबार प्रदेश सभामा राप्रपा संसदीय दलका नेतासमेत रहेका थाम्सुहाङले ११ माघमा विराटनगरमा राष्ट्रिय सभाका लागि मतदान भएको दिन आफू काठमाडौंमा रहेको र पार्टीको नीतिअनुसार मतदान गर्न नआए पनि आफ्नो नामबाट अर्कैले मतदान गरेकोप्रति आश्चर्य व्यक्त गर्दै घटनाको निन्दा गरेका हुन्। उनले गरिमामय प्रदेश सांसदले फर्जी मतदान गरेर सिंगो प्रदेश सभा र सांसदहरूको मानमर्दन गरेको आरोप लगाए।

रविको चुनावी 'म्याराथन'

हेटौँडामा **पोष्टराज अधिकारी**

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने घाइते अवस्थामै चुनावी अभियानमा सक्रिय देखिएका छन्। स्वास्थ्य समस्याका बाबजुद पनि उनी चुनावी कार्यक्रमलाई निरन्तरता दिँदै आफ्नो निर्वाचन क्षेत्र र पश्चिमका विभिन्न जिल्लामा पुगेर कार्यकर्तासँगको भेटघाटलाई तीव्रता दिइरहेका छन्।

उनको खुट्टामा चोट लागेको छ। चोट लागेर खुट्टामा संक्रमण भए पनि उनी अहिले कुर्कुच्चादेखि घुँडासम्म ब्यान्डेज बाँधेर चुनावी कार्यक्रममा दौडिरहेका छन्। गत ५ माघमा जनकपुरमा आयोजित कार्यक्रममा चोट बोकेका रवि घाउमा संक्रमण भएपछि तीन दिन अस्पताल बसेका थिए। एक हप्ता घरमै आराम गरेका उनी बिहीबार चुनावी कार्यक्रमका लागि आफ्नो निर्वाचन क्षेत्र चितवन २ आएका थिए।

शुक्रबार, शनिबार र आइतबार बिहान आफ्नो निर्वाचन क्षेत्रको विभिन्न कार्यक्रममा सहभागी भएका उनी आइतबार नै चितवनबाट पश्चिम लागेका छन्। उनी दाङसम्म पुग्ने कार्यक्रम रहेको लामिछानेको सचिवालयले जनाएको छ। आइतबार मात्रै उनले चितवनका ६ वटा र नवलपरासी पूर्वका १३ गरी १९ वटा कार्यक्रममा सहभागिता जनाए। लामिछानेले बिहीबार एउटा कार्यक्रममा चिकित्सकको सल्लाहअनुसार विश्राम गर्नुपर्ने अवस्था भए पनि आफू कार्यकर्ताको चाहना र चुनावी जिम्मेवारीलाई प्राथमिकता दिँदै चितवन आएको बताएका थिए।

लामिछानेले आइतबार बिहान साढे ८ बजे चितवनको फिस्लिङ बजारबाट सुरु गरेको चुनावी कार्यक्रम चुम्लिङटार, कुरिनटार मन्दिर, लेवाटार, केबलकार हुँदै मुग्लिङ बजारसम्मको कार्यक्रम भ्याएका थिए। सो अवधिमा उनले स्थानीय मतदातासँग प्रत्यक्ष भेटघाट र सम्बोधन गर्नुका साथै धादिङ १ बाट रास्वपाकी उम्मेदवार आशिका तामाङसँग समेत भेट गरेका थिए।

चितवनपछि लामिछाने नवलपरासी पूर्वको गैंडाकोट हुँदै बुटवल पुगेर बास बसेका थिए। त्यसक्रममा उनले नवलपरासीको पूर्वको थुम्सीथोक, हर्कपुर चोक, १६ नम्बर चोक, रहजहर चोक, दलदले चोक, कावासोती फलफूल चोक, डन्डा बजार, चोरमारा, आरुङखोला, दुम्कीबास र दाउन्ने बजारमा कार्यक्रममा सहभागी हुनुका साथै कार्यकर्तालाई सम्बोधन गरेका थिए। बुटवलबाट उनी सोमबार बिहानै दाङ जाने र कार्यकर्तासँग भेट्ने रास्वपा चितवनका सचिव विशाल कोइरालाले बताए। 'सभापति दाङसम्म पुग्ने कार्यक्रम छ। त्यसपछि उहाँ चितवन फर्केर काठमाडौं जानुहुन्छ,' उनले भने।

यसबिचमा चुनावलक्षित सम्पर्क कार्यालयको उद्घाटन र कार्यकर्तालाई सम्बोधन गर्दै हिँडेका सभापति लामिछानेले पुराना राजनीतिक दलहरूप्रति कडा आलोचना गरिरहेका छन्। उनले देशमा मौलाएको भ्रष्टाचार, कुशासन र असफल राजनीतिक दलहरूका विरुद्ध रास्वपा विकल्प



भएको दाबी कार्यकर्तामाझ राखेका छन्। 'शरीर थाक्न सक्छ, तर देश बदल्ने अठोट थाक्दैन,' उनले भनेका छन्।

घाइते अवस्थामै निरन्तर दौडधुप गरिरहेका लामिछानेको चुनावी म्याराथनले कार्यकर्ता तथा समर्थकमा उत्साह थपिएको छ। उनी चितवन उत्रिएपछि भेट्न कार्यकर्ताको भिड लागेको छ। उनले गैंडाकोटस्थित कांग्रेस चोकमा कार्यकर्तालाई सम्बोधन गर्दै आगामी निर्वाचनपछि प्रतिनिधिसभा संसद् घन्टीका सांसदले भरिनुपर्ने बताए। त्यसका लागि घन्टीधारी उम्मेदवारहरूले जित्नु आवश्यक रहेको उनको भनाइ थियो। 'आगामी निर्वाचनमा 'घन्टी' चुनाव चिह्नमा मतदान गरी रास्वपाका उम्मेदवारहरूलाई जिताउनुपर्नेछ,' उनले भने, 'यसपटक संसद् परिवर्तनको प्रतीकका रूपमा घन्टीबाट जितेका सांसदले भरिनुपर्छ।' उनले अघिल्लो निर्वाचनमा गैंडाकोट क्षेत्रले ऐतिहासिक मत दिएको स्मरण गर्दै यसपटक पनि त्यसैको निरन्तरता रहने विश्वास व्यक्त गरे।

०८३ चैतसम्म...

पृष्ठ १ बाट क्रमशः

योजना आयोगले तयार गरेको राष्ट्रिय गौरवका आयोजनाको समय तथा लागतसम्बन्धी संक्षिप्त विवरणमा फास्ट ट्र्याकको म्याद थप्ने प्रस्ताव छ। तर, म्याद थपको अन्तिम निर्णय मन्त्रिपरिषद्ले गर्नुपर्छ, जुन बाँकी छ। आयोगले सम्बन्धित मन्त्रालयबाट प्राप्त विवरणको आधारमा तथ्यांक बनाएको बताएको छ। परियोजनाका एक उच्च अधिकारीले तीन वर्ष म्याद थप गर्नुपर्ने बताए।

'काठमाडौं-तराई/मधेश फास्ट ट्र्याकको निर्माण कार्य ०८३ मा कुनै पनि हालतमा सकिँदैन। कम्तीमा तीन वर्ष म्याद थप्नैपर्छ,' उनले भने।

७०.९७ किमि लामो फास्ट ट्र्याक निर्माणको जिम्मेवारी २१ वैशाख ०७४ मा सेनालाई दिइएको थियो। सरकारले १ भदौ ०७६ मा यसको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) स्वीकृत गरेपछि निर्माण सुरु गरिएको थियो। यद्यपि, सेनाले ०७४ बाटै काम सुरु गरेको थियो। डिपिआर स्वीकृत गरेको साढे चार वर्षमा परियोजनाको निर्माण सम्पन्न गर्ने पहिलो प्रारम्भिक लक्ष्य थियो। अर्थात्, ०८१ पुसमा परियोजना सम्पन्न गर्ने लक्ष्य थियो। तर, त्यो अवधिमा काम नसकिने भएपछि म्याद थप गरेर ०८३ चैतसम्म पुऱ्याइएको हो। जुन म्याद सकिन अझै साढे १४ महिना बाँकी छ। तर, त्यो अवधिमा पनि काम सम्पन्न हुने आधार नदेखिएपछि म्याद थप गर्न लागिएको हो। तर, रक्षा मन्त्रालयका प्रवक्ता मनोजकुमार आचार्यले म्याद थप सम्बन्धमा कुनै निर्णय भइनसकेको बताए।

'म्याद थप सम्बन्धमा मन्त्रिपरिषद्बाट निर्णय हुनुपर्छ। तर, मन्त्रिपरिषद्बाट म्याद थपको निर्णय भएजस्तो लाग्दैन। हाम्रा लागि अहिले परियोजनाको निर्माण सक्ने म्याद ०८३ चैत नै हो,' उनले भने, 'सोही अवधिमै निर्माण सम्पन्न हुने गरी काम गरिरहेका छौँ। तर, भविष्यमा के हुन्छ थाहा छैन। राष्ट्रिय योजना आयोगको प्रतिवेदनमा उल्लिखित विवरणको विषयमा जानकार छैनौँ।'

सेनाका सूचना अधिकारी राजाराम बस्नेतले पनि नेपाली सेनाको तथ्यांकमा परियोजना सम्पन्न गर्ने मिति ०८३ चैतसम्म नै भएको बताए। 'राष्ट्रिय योजना आयोगले राखेको मितिका विषयमा हामी जानकार छैनौँ। अहिले हामीलाई सरकारले दिएको समयसीमा ०८३ चैतसम्म नै हो,' उनले भने, 'त्यही अवधिमा काम सक्ने प्रतिबद्धतासहित काम भइरहेको छ। पछिल्लो समय काम पनि राम्रो भएको छ।'

पुस मसान्तसम्म परियोजनाको समग्र भौतिक प्रगति ४५.१६ प्रतिशत पुगेको छ। सेनाले तयार गरेको तथ्यांकअनुसार परियोजनाको वित्तीय प्रगति भने ४५.३३ प्रतिशत पुगेको छ। अब परियोजनामा ५४.८४ प्रतिशत काम गर्नुपर्नेछ। ०८३ चैतसम्म काम सम्पन्न गर्न मासिक ३.६५ प्रतिशतका दरमा काम सम्पन्न गर्नुपर्छ। असार ०८६ सम्म काम सम्पन्न गर्न मासिक १.२९ प्रतिशतका दरमा काम सम्पन्न गर्नुपर्छ। तर, चालू आवको ६ महिनामा परियोजनामा तीन प्रतिशत मात्रै काम भएको छ। गत असारसम्म परियोजनाको समग्र भौतिक प्रगति ४२.१३ प्रतिशत थियो। चालू आवको पुस मसान्तसम्म आइपुग्दा त्यो ३.०३ प्रतिशत बिन्दुले बढेर ४५.१६ प्रतिशत पुगेको हो। यसअनुसार सेनाले कामको गति बढाउन भने आवश्यक देखिन्छ।

रक्षा मन्त्रालयका प्रवक्ता मनोजकुमार आचार्यले कठिन काम भइसकेकाले अब द्रुत गतिमा अघि बढ्ने बताए। 'ठुला-ठुला पुल बनेका छन्। यसले भौतिक प्रगति बढाउँछ। कठिनाइ प्रकृतिका काम भइसकेकाले अब कामले थप गति लिनेछ,' उनले बताए।

परियोजनाको संशोधित लागत अनुमान दुई खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ छ। यो आयोजना बनेपछि प्रतिघण्टा ६० किमिदेखि १०० किमिको गतिमा निजगढबाट काठमाडौं एक घण्टा दुई मिनेटमा आउन सकिन्छ।

द्रुतमार्गअन्तर्गत सात सुरुङमार्ग बन्दै छन्। त्यसमा दुईवटा सुरुङ ब्रेक थ्रु भइसकेका छन्। धेद्रेमा रहेको १७ सय २८ मिटर लामो बायाँ सुरुङ २१ साउन ०८१ र १६ सय ५३ मिटर लामो दायाँ सुरुङ ११ जेठ ०८१ मा ब्रेक थ्रु भएको थियो। त्यस्तै, लेनडाँडामा रहेको १६ सय ३३ मिटर लामो बायाँ सुरुङ ४ जेठ ०८१ र १६ सय १२ मिटर लामो दायाँ सुरुङ ३० असार ०८१ मा ब्रेक थ्रु भएको हो। हाल त्यहाँ लाइनिङको काम भइरहेको छ।

महादेवटार र चन्द्राम भिरमा सुरुङ निर्माण गर्ने काम भइरहेको छ। महादेवटार ३४ सय ८६ मिटर लामो बायाँ सुरुङमा हालसम्म २५ सय ३९ मिटर र ३४ सय २२ मिटर लामो दायाँ सुरुङमा २१ सय ४८ मिटर खनिएको छ। चन्द्राम भिरको २२ सय १३ मिटर लामो बायाँ सुरुङमा तीन सय ७४ मिटर र २२ सय ६१ मिटर लामो दायाँ सुरुङमा दुई सय ८७ मिटर सुरुङ खनिएको छ। हाल देवीचौर, सिसौटार र मौरीभिर खण्डको सुरुङमा भने ट्र्याक खोल्ने कार्य हुँदै छ। जसको लम्बाइ क्रमशः एक किमि, ०.३९० किमि र ०.५९४ किमि छ।

सामानको पोका...

पृष्ठ १ बाट क्रमशः

उनले भने, 'हामीसँगै आएका पाँचजना थियौँ, सबैले सय-सय भारु बुझाएर आयौँ।' भारतको राजधानी नयाँदिल्लीमा होटेलमा काम गर्ने उनले पारिवारिक कामले आफू घर फर्कन लागेको बताए। भारतीय भन्सार कर्मचारीले सामान ल्याएर फर्कने नेपालीलाई सडकछेउमा सिसा र आल्मुनियमबाट बनाएको अस्थायी संरचनामा बोलाएर पैसा असुल्ने गरेका छन्। उनीहरूले सामानको पोका हेरेर डेढ-दुई सय भारु माग्ने गरेको घर फर्कने नेपालीहरू बताउँछन्।

कञ्चनपुरको बेलडाँडीका राजेन्द्र रोकाया आफूले ओढ्ने, ओछ्याउने र घरमा छोराछोरीका लागि लुगाफाटो लिएर फर्किँदै थिए। सुटकेस र झोला गरी सामानको तीनवटा पोका ल्याएका उनले भारतीय भन्सार कर्मचारीले सय रुपैयाँ असुलेको गुनासो गरे। 'लाइनमा अरूसँगै सरासर आउँदै थिएँ, सामान देखेर भित्र बोलायो र पैसा लाग्छ भन्यो,' शुक्रबार बिहान त्रिनगर नाकामा घर जान सवारी कुरिरहेका खत्रीले भने, 'पैसा नदिउँ भने सामान राखिदेलान् भन्ने डर।'

भारतबाट फर्कनेले प्रायः केही न केही सामान ल्याएर आएका हुन्छन्। त्यही सामान ल्याएको बहानामा नाकामा भारतीय भन्सार कर्मचारीले अवैध रूपमा पैसा असुल गर्दै आएका छन्। घर फर्कने कतिपय नेपाली भने पैसा नतिरेरै पनि आउने गरेका छन्। भारत सुदूरपश्चिमेलीका लागि रोजगारीको प्रमुख गन्तव्य हो। सरकारी निकायसँग यकिन तथ्यांक छैन, तर यहाँबाट हजारौँको संख्यामा नेपाली भारतीय रोजगारीमा छन्। सुदूरपश्चिमको प्रमुख नाका त्रिनगर र गड्डाचौकीमा चाडबाडका वेला स्वदेश फर्कनेको बढी भिड हुने गरे पनि रोजगारीका लागि भारत जाने र भारतबाट फर्कने दैनिकजसो हुन्छन्।

भारतको दिल्लीबाटै फर्किएका कञ्चनपुरको बेलौरीका भीमबहादुर खत्रीले नाकामा पैसा बुझाउनुपर्ने बाध्यता अझै उस्तै रहेको बताए। रोजगारीका लागि भारत आवतजावत गरिरहने उनले सोझासाझा नेपालीबाट नाकामा रकम असुल्ने काम भइरहे पनि नेपाली सुरक्षाकर्मीले केही गर्न नसकेको गुनासो गरे। 'पारि सधैँ त्यस्तै हो, सामान देख्यो कि पैसा माग्छन्,' दिल्लीमा निजी सवारीचालक रहेका उनले भने, 'घर आउँदा सबैले लुगाफाटो आदि केही न केही ल्याएकै हुन्छन्। त्यही देखाएर पैसा माग्छन्।' भनसुन गर्न सक्नेहरू भने पैसा नदिएर पनि आउने गर्छन्।

नाकामा वारि सशस्त्र प्रहरी र नेपाल प्रहरी खटिएका हुन्छन्। सशस्त्र प्रहरीको प्रस्तावित त्रिनगर गुल्मका सशस्त्र प्रहरी नायब उपरीक्षक मोहन कार्कीले भने पारि पैसा असुलेको विषयमा नेपालीबाट कुनै गुनासो नआएको बताए। उनका अनुसार अहिले दैनिक डेढ-दुई सय नेपाली घर फर्किरहेका छन्। 'विवाह, व्रतबन्धका समय र चुनाव आउन लागेकाले पनि होला अहिले भारतबाट घर फर्कने नेपालीको संख्या बढेको छ,' कार्कीले भने, 'पारि पैसा असुलेको गुनासो भने आएको छैन। अप्ठेरो परेकालाई सहजीकरण गरिरहेका हुन्छौँ।'

पाठेघरको मुखको...

पृष्ठ १ बाट क्रमशः

स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाका, बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा. अभियान गौतमले अधिकांश जिल्लामा आइतबारदेखि खोप अभियान सुरु भएको जानकारी दिए। 'हामीले गत वर्ष मात्रै पूर्ण खोप सुनिश्चित गरेका थियौँ। यो खोप हरेक वर्ष सुनिश्चित हुनुपर्छ र हरेक वर्ष १० वर्षका कक्षा ६ मा अध्ययनरत किशोरी नै लक्षित समूह हुन्छन्,' उनले भने, 'एचपिभी खोप नियमित खोप कार्यक्रमभित्रै राखिएको छ। हरेक वर्ष फागुनको पहिलो सातादेखि यो खोप वितरण हुने भए पनि यसपटक निर्वाचन भएका कारण छिटो सुरु गरिएको हो।' हिमाली जिल्लामा भने मौसम प्रतिकूलताका कारण चैतमा मात्रै खोप कार्यक्रम सञ्चालन गरिने पनि गौतमले बताए। उनका अनुसार अधिकांश जिल्लामा पुगिसकेको खोपलाई आवश्यक तापक्रम दिएर सुरक्षित भण्डारण गरिएको छ।

खोप कार्यक्रम विद्यालय, स्थानीय स्वास्थ्य चौकी, वडालगायतमा भइरहेको छ। विद्यालय पहुँचबाहिर रहेका बालिकालाई समेट्न बालबालिका बढी भएको क्षेत्रमै पुगेरसमेत खोप दिइँदै छ। खोप वितरणका लागि देशभर १५ हजारभन्दा बढी स्वास्थ्य स्वयंसेविका परिचालन भएका छन्। पहिलो दिन आइतबार २० हजारभन्दा बढी बालिकाले खोप लिएका छन्। अधिकांश जिल्लाले आइतबारदेखि नै खोप वितरण सुरु गरे पनि केहीले आफ्नो समयतालिका बनाएर वितरण गर्दै छन्।

चिकित्सकहरूका अनुसार एचपिभी खोप पूर्ण सुरक्षित छ। खोप लिएकालाई अन्य कुनै पनि असर गर्दैन। विकसित देशहरूमा सन् २००६ देखि यो खोप सुरु भए पनि नेपालले गत वर्षदेखि मात्रै नियमित खोप कार्यक्रममा राखेको हो। तर, शंका र हल्लाको पछि लागेर कतिपयले गत वर्ष खोप नलगाएको हुन सक्ने भन्दै स्वास्थ्य मन्त्रालयले छुटेकालाई यसपटक सहभागी हुन अनुरोध गरेको छ।

भविष्यमा नेपालमा पनि पाठेघरको मुखको क्यान्सर हुनेको संख्या बढ्ने जोखिम देखिएकाले रोकथामका लागि एउटा उमेर तह तोकेर खोप कार्यक्रम गर्न लागिएको हो। यो खोप शारीरिक सम्पर्क तथा यौन क्रियाकलापमा सक्रिय नहुँदैको अवस्थामा दिँदा प्रभावकारी हुने भएकाले १० देखि १४ वर्ष उमेर समूहलाई लक्षित गरिएको छ। भविष्यमा पाठेघरको मुखको क्यान्सर नहोस् भनेर यो खोप लगाउने हो।

'यो खोप सबैभन्दा बढी सुरक्षित छ, बालिकाहरूको शरीर सेक्सुअल गतिविधिमा एक्टिभ नहुँदैको अवस्थामा बढी प्रभावकारी मानिने भएकाले सोही उमेर समूह छनोट गरेर यो खोप लगाइन्छ,' डा. गौतमले भने, 'यसमा शंका मान्नुपर्ने कारण छैन।' उनका अनुसार यही खोप निजी अस्पतालमा किनेर लगाउँदा ६-७ हजार पर्छ। तर, सरकारले सर्वसाधारणको सहजताका लागि आफैँ खरिद गरेर वितरण गरेको हो।

महिलामा सबैभन्दा बढी स्तन क्यान्सर हुन्छ भने पाठेघरको क्यान्सर हुने दर दोस्रो नम्बरमा छ। खोप शाखाले लक्षित समूहका कोही पनि बालिका नछुटून् भनेर प्रचारप्रसार अभियानसमेत थालेको छ। एचपिभी खोपको एउटा मात्रा मात्रै लगाइन्छ। स्वास्थ्य मन्त्रालयले भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स (गाभी)को सहयोगमा झन्डै १८ करोड चार लाख मूल्यमा लक्षित बालिकाका लागि खोपको डोज ल्याएको छ।

स्वास्थ्य सेवा विभागको तथ्यांकअनुसार नेपालमा वार्षिक दुई हजार १६९ जनालाई पाठेघरको मुखको क्यान्सर हुने गरेको छ भने पाठेघरको मुखको क्यान्सरकै कारण वार्षिक एक हजार ३१३ जनाले ज्यान गुमाउँछन्।

चन्द्रनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर(नाढीमन ताल), सर्लाही,
मधेस प्रदेश, नेपाल

सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८२/१०/२६)

यस कार्यालयको मिति २०८२/१०/०४ गते को प्रकाशित सूचना अनुसार निम्न कार्यको लागि सिलबन्दी दरभाउपत्र आह्वान भई तोकिएको म्याद मित्र दर्ता हून आएका दरभाउपत्रहरू मध्ये तपसिल वमोजिमका दरभाउपत्रदाताको दरभाउपत्र न्यूनतम मूल्याङकित सारभूत रुपमा प्रभावग्राही भएको देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (१०) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

ठेक्का नं.	कामको विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम रु (मु.अ. कर समेत)	कैफियत
CRM/SQ/01H/2082-083	निशुल्क स्वास्थ्य सेवाको लागि औषधी तथा सर्जिकल समाग्री खरिद	गोसाईकुण्ड मेडिसिन सप्लायर्स प्रा.ली.	१०३३६४५।- (अक्षरुपी रु दस लाख तेतिस हजार छ सय पैतालिस रुपैया मात्र	

प्रमुख प्रशासकीय अधिकृत

धितो रहेको अचल सम्पत्ति लिलाम-विक्री गर्न सिलबन्दी बोलपत्र आव्हान गरिएको १५ दिने सूचना

(तेस्रो पटक सूचना प्रकाशित मिति : २०८२ माघ २६ गते, नयाँ पत्रिका राष्ट्रिय दैनिकमा)

यस संस्थाबाट निम्नानुसार धितो सुरक्षण राखी तपसिल बमोजिम ऋण लिने सदस्यले म्यादभित्र ऋण चुक्ता नगरी लिखित, मौखिक तर ताकेता गर्दा समेत ऋण चुक्ता गर्न नआएकाले सहकारी ऐन-२०७४ को दफा ७९, सहकारी नियमावली-२०७५ को नियम ३० र संस्थाको नियमानुसार गत २०८१ फागुन ११ मा कर्जा चुक्ता गर्न प्रथम पटक ३५ दिने सूचना प्रकाशित गरिसकेपछि पनि ऋण चुक्ता गर्न नआएका साथै कैयौंपटक तरताकेता गर्दा समेत ऋण चुक्ता गर्न नआएपछि मिति २०८२ साउन २७ गतेको नयाँ पत्रिका, राष्ट्रिय दैनिक पत्रिकामा लिलामीको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा उक्त सूचना अनुसारको लिलामीमा कसैको बोलपत्र पर्न नआएको कारण पुनः तेस्रोपटक यो १५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र संस्थामा आई अघिल्लो दिनसम्मको सम्पूर्ण साँवा, ब्याज, विलम्ब शुल्क तथा अन्य दस्तुर समेत चुक्ता गरी सुरक्षण बापत रहेको धितो अचल सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित धितो दिनुहुने ऋणी सदस्यलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कर्जाको सम्पूर्ण साँवा, ब्याज, विलम्ब शुल्क समेत नबुझाई बसेमा कानुन बमोजिम धितो सुरक्षणमा रोक्का रहेको जग्गा लिलाम भै जानेछ। पछि तपाईंको उजुरवाजुर लाग्ने छैन।

यो सूचना बमोजिम १५ (पैंतीस) दिनभित्रमा पनि ऋण चुक्ता नभएमा संस्थामा धितो रहेको अचल सम्पत्ति लिलाम सकार गरिलिन इच्छुक महानुभावहरूमा यो सूचना पत्रिकामा प्रकाशित मितिले १६ (सोर्‍हौं) दिनदेखि २२ औं (बाइसौं) दिनभित्र (अन्तिम दिन बिदा परेमा लगत्तै भोलिपल्ट) यस संस्थामा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरूको अधीनमा रही सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरू सूचना प्रकाशित भएको मितिले २३ औं दिन (२०८२ फागुन १९) वा सो दिन बिदा परेमा लगत्तै त्यसको भोलिपल्ट संस्थाको कार्यालय खुलेको दिनमा दिनको १३:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधिहरूलाई उपस्थित हुन समेत सूचित गरिन्छ, तर बोलपत्रवालाको अनुपस्थितिको कारण बोलपत्र खोल्न बाधा पुग्ने छैन।

बोलपत्र फारम संस्थाको कार्यालय, सुन्धाराबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ।
धितो रहेको सम्पत्ति हेर्न चाहेमा संस्थाको कार्यालय, सुन्धारामा सम्पर्क गरी हेर्न सकिनेछ।

तपसिल

कर्जा शीर्षक	ऋणीको नाम	हाललाई लिलाम-विक्री हुने धितो विवरण
विविध कर्जा	नाम : श्रीमती विष्णु माया के.सी. (नागरिकता नं. ४९३ ०१४/२१४, म्याग्दी-२०६३ फागुन १५) पति : हिमाल के.सी. ससुरा : पूर्ण बहादुर के.सी. बाबु : नर बहादुर भण्डारी ठेगाना : काठमाडौं जिल्ला, कामनपा-१६, वनस्थली (नागरिकता अनुसार : म्याग्दी जिल्ला, बेनी नपा-९) 	निज ऋणीकै नामको काठमाडौं जिल्ला, बाडभंज्याङ गाविस, वडा नं. २ (सिट नं. २ ख), कि.नं. ४७०, क्षेत्रफल ०-३-०-० (९५.३७ वमी)

बोलपत्रका शर्तहरू :

१. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनुपर्नेछ। सो म्यादभित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भै धरौटी रकम स्वतः जफत हुनेछ।
२. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरू बोलपत्रदाता स्वयंले नै बेहोर्नुपर्नेछ।
३. बोलपत्र दाखिला भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरूमा कुनै हेरफेर हुने छैन साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन। बोलपत्र स्वीकृत गर्ने/नगर्ने अधिकार संस्थामा निहित रहनेछ।
४. अन्य शर्त बोलपत्रमा उल्लेख भए बमोजिम हुनेछ।

धवलागिरि बचत तथा ऋण सहकारी संस्था लि.
सुन्धारा, काठमाडौं।
फोन नं. : ५-३६८ ५४३, ५-३६७ ५३३, ५-९०३ ४१६

धितो रहेको अचल सम्पत्ति लिलाम-विक्री गर्न सिलबन्दी बोलपत्र आव्हान गरिएको ३५ दिने सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२ माघ २६ गते, नयाँ पत्रिका राष्ट्रिय दैनिकमा)

यस संस्थाबाट निम्नानुसार धितो सुरक्षण राखी तपसिल बमोजिम ऋण लिने सदस्यले म्यादभित्र ऋण चुक्ता नगरी लिखित, मौखिक तर ताकेता गर्दा समेत ऋण चुक्ता गर्न नआएकाले सहकारी ऐन-२०७४ को दफा ७९, सहकारी नियमावली-२०७५ को नियम ३० र संस्थाको नियमानुसार गत २०८१ फागुन ११ मा कर्जा चुक्ता गर्न प्रथम पटक ३५ दिने सूचना प्रकाशित गरिसकेपछि पनि ऋण चुक्ता गर्न नआएका साथै कैयौंपटक तरताकेता गर्दा समेत ऋण चुक्ता गर्न नआएका कारण यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र संस्थामा आई अघिल्लो दिनसम्मको सम्पूर्ण साँवा, ब्याज, विलम्ब शुल्क तथा अन्य दस्तुर समेत चुक्ता गरी सुरक्षण बापत रहेको धितो अचल सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित धितो दिनुहुने ऋणी सदस्यलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कर्जाको सम्पूर्ण साँवा, ब्याज, विलम्ब शुल्क समेत नबुझाई बसेमा कानुन बमोजिम धितो सुरक्षणमा रोक्का रहेको जग्गा लिलाम भै जानेछ। पछि तपाईंको उजुरवाजुर लाग्ने छैन।

यो सूचना बमोजिम ३५ (पैंतीस) दिनभित्रमा पनि ऋण चुक्ता नभएमा संस्थामा धितो रहेको अचल सम्पत्ति लिलाम सकार गरिलिन इच्छुक महानुभावहरूमा यो सूचना पत्रिकामा प्रकाशित मितिले ३६ (छतीसौं) दिनदेखि ४२ औं (बयालिसौं) दिनभित्र (अन्तिम दिन बिदा परेमा लगत्तै भोलिपल्ट) यस संस्थामा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरूको अधीनमा रही सिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरू सूचना प्रकाशित भएको मितिले ४३ औं दिन (२०८२ चैत्र ०९) वा सो दिन बिदा परेमा लगत्तै त्यसको भोलिपल्ट संस्थाको कार्यालय खुलेको दिनमा दिनको १३:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधिहरूलाई उपस्थित हुन समेत सूचित गरिन्छ, तर बोलपत्रवालाको अनुपस्थितिको कारण बोलपत्र खोल्न बाधा पुग्ने छैन।

बोलपत्र फारम संस्थाको कार्यालय, सुन्धाराबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ।
धितो रहेको सम्पत्ति हेर्न चाहेमा संस्थाको कार्यालय, सुन्धारामा सम्पर्क गरी हेर्न सकिनेछ।

तपसिल

कर्जा शीर्षक	ऋणीको नाम	हाललाई लिलाम-विक्री हुने धितो विवरण
विविध कर्जा	नाम : श्रीमती विष्णु माया के.सी. (नागरिकता नं. ४९३ ०१४/२१४, म्याग्दी-२०६३ फागुन १५) पति : हिमाल के.सी. ससुरा : पूर्ण बहादुर के.सी. बाबु : नर बहादुर भण्डारी ठेगाना : काठमाडौं जिल्ला, कामनपा-१६, वनस्थली (नागरिकता अनुसार : म्याग्दी जिल्ला, बेनी नपा-९) 	निज ऋणीकै नामको काभ्रेपलाञ्चोक जिल्ला, भीमखोरी गाविस, वडा नं. ६, कि.नं. ६८, क्षेत्रफल १०-१४-३-१ (५५५८.३० वमी)

बोलपत्रका शर्तहरू :

१. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरिलिनुपर्नेछ। सो म्यादभित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भै धरौटी रकम स्वतः जफत हुनेछ।
२. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्कहरू बोलपत्रदाता स्वयंले नै बेहोर्नुपर्नेछ।
३. बोलपत्र दाखिला भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरूमा कुनै हेरफेर हुने छैन साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन। बोलपत्र स्वीकृत गर्ने/नगर्ने अधिकार संस्थामा निहित रहनेछ।
४. अन्य शर्त बोलपत्रमा उल्लेख भए बमोजिम हुनेछ।

धवलागिरि बचत तथा ऋण सहकारी संस्था लि.
सुन्धारा, काठमाडौं।
फोन नं. : ५-३६८ ५४३, ५-३६७ ५३३, ५-९०३ ४१६

का.नि.द.नं.१२८/०६३/६४, म.ले.हु.नि.द.न. १७/०६९/०७०

आइसिसी पुरुष टी-२० विश्वकप २०२६

इंग्ल्यान्डविरुद्ध अन्तिम ओभरमा चुक्यो नेपाल

मुम्बईमा **रमेश सुवेदी**

नेपाल आइसिसी पुरुष टी-२० विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत आइतबार दुईपटकको विजेता इंग्ल्यान्डसँग सनसनीपूर्ण खेलमा चार रनको झिनो अन्तरले पराजित भएको छ। मुम्बईस्थित वानखेडे रंगशालामा समूह 'सी'मा इंग्ल्यान्डले पहिलो ब्याटिङ गरी २० ओभरमा ७ विकेट गुमाउँदै एक सय ८४ रनको विशाल योगफल बनाएको थियो। प्रत्युत्तरमा नेपालले २० ओभरमा ६ विकेट गुमाउँदा एक सय ८० रन बनाउँदा इंग्ल्यान्डले अन्तिम बलमा बाजी मारेको हो।

नेपाल र इंग्ल्यान्डबिच कुनै पनि क्रिकेटका फर्म्याटमा पहिलोपटक आमनेसामने भएका हुन्। नेपालले यसअघि टेस्ट राष्ट्र भारत, पाकिस्तान, वेस्ट इन्डिज, दक्षिण अफ्रिका, आयरल्यान्ड र बंगलादेशसँग अन्तर्राष्ट्रिय क्रिकेटमा प्रतिस्पर्धा गरिसकेको छ। टी-२० फर्म्याटकै नयाँ प्रतिद्वन्द्वी इंग्ल्यान्डलाई सहजै जित हात पार्न नेपालले दिएन। लक्ष्य पछ्याएको इनिङ्सको अन्तिम बलसम्म पनि खेल इंग्ल्यान्ड वा नेपालको पक्षमा जान सक्ने अवस्थामा पुगेको थियो।

वानखेडे रंगशालामा पुगेका हजारौँ नेपाली समर्थकले साम कुरानको अन्तिम ओभरसम्म पनि जितको आशा देखेका थिए। नेपाललाई विश्वकपमा स्तब्ध नतिजा निकाल्न ६ बलमा केवल रन बनाउनुपर्ने थियो। क्रिजमा सेट भइसकेका ब्याट्सम्यान लोकेश बम र करण केसी थिए। लोकेश र करणले अन्तिम ओभरमा पाँच रन मात्र बटुल्दा नेपाल झिनो चार रनले पराजित भयो। यसअघि सन् २०२४ को विश्वकपमा दक्षिण अफ्रिकासँगको रोमाञ्चक खेलमा पनि नेपाल अन्तिम ओभरमा चुक्दा एक रनले पराजित भएको थियो।

टी-२० वरीयतामा इंग्ल्यान्ड तेस्रो तथा नेपाल १६औँ स्थानमा छ। नेपालका कप्तान रोहित पौडेलले नेपाली खेलाडीले अन्तिम समयसम्म जितका लागि प्रयास गरेको बताएका छन्। 'हामीले भनेका थियौँ। यो विश्वकपमा नेपाल सहभागी हुन मात्र आएको होइन। यहाँ केही



इंग्ल्यान्डसँग पराजित भएपछि नेपालका खेलाडी।
तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

> दुईपटकको विश्वकप च्याम्पियन इंग्ल्यान्डमाथि जित निकाल्न नेपाललाई अन्तिम ६ बलमा १० रन आवश्यक थियो, तर ब्याट्सम्यानले पाँच रन मात्र जोड्दा नेपाल चार रनले स्तब्ध भयो

गरी देखाउन आएका हौँ,' पौडेलले खेलपछि भने, 'मलाई खेलाडीको प्रदर्शनबाट गर्व लाग्छ। कम्तीमा इंग्ल्यान्डजस्तो टोलीलाई जितका लागि हामीले संघर्ष गरायौँ।' इंग्ल्यान्डका कप्तान ह्यारी बुकले नेपालविरुद्धको खेल सोचेजस्तो सहज नभएको प्रतिक्रिया दिएका छन्। 'सुरुमा खेल सजिलै जित्ने लक्ष्य थियो। तर, इनिङ्स अगाडि बढ्दै जाँदा खेल जित्न मुस्किल भयो,' ह्यारीले भने, 'समग्रमा नेपाल र इंग्ल्यान्डले जितका लागि सबै प्रयास गरेका छन्।' अब नेपालले आगामी बिहीबार इटालीविरुद्ध खेल्नेछ। इंग्ल्यान्डविरुद्धको खेलसँगै रोहितले पूर्वकप्तान पारस खड्काको नाममा रहेको सर्वाधिक चार खेल कप्तानी गर्ने रेकर्ड तोडेका छन्। रोहितले दुई विश्वकप गरी पाँच खेलमा कप्तानी गरेका छन्।

विश्वकप डेब्युमै लोकेशको असाधारण प्रदर्शन

प्रशिक्षक स्टुवार्ट लले इंग्ल्यान्डविरुद्धको प्रतिस्पर्धामा चार खेलाडीलाई विश्वकपमा डेब्यु गराए। ती खेलाडीमध्ये विश्वकपको आफ्नो पहिलो खेलमै लोकेश बलले असाधारण प्रदर्शन गर्न सफल भए। उनकै विस्फोटक ब्याटिङ प्रदर्शनका कारण नेपाल जितको एकदम नजिक पुगेको थियो। तर, अन्तिम ओभरमा उनले आकर्षक स्ट्रोक लगाउन नसक्दा नेपालले हारको सामना गऱ्यो। यसअघि १८औँ र १९औँ ओभरमा लोकेशले आक्रामक रूपमा ब्याटिङ गरेका थिए। उनले १८औँ ओभरमा इंग्ल्यान्डका प्रमुख बलर जोफ्रा आर्चरविरुद्ध २२ रन प्रहार गरे।

१८ ओभरको समाप्तिसम्म नेपाललाई १२ बलमा २४ रन आवश्यक थियो। त्यसपछि १९औँ ओभरमा उनले १४ लिँदा नेपाललाई ऐतिहासिक जित निकाल्न ६ बलमा १० रन आवश्यक भयो। तर, निर्णायक ओभर लोकेश र करणले आवश्यक रन पूरा गर्न नसक्दा नेपाल पुनः एकपटक विश्वकपमा टेस्ट राष्ट्रमाथि सनसनी नतिजा निकाल्न चुकेको हो। लोकेशले केवल २० बलमा चार चौका र दुई छक्काको सहयोगमा ३९ रनको नटआउट इनिङ्स खेलेका थिए। इंग्ल्यान्डको ब्याटिङ इनिङ्समा जायकोव वेथलले ३५ बलमा समान चार चौका र छक्का प्रहार गरी ५५ रन जोडे। कप्तान ह्यारी बुकले ३२ बलमा चार चौका र तीन छक्का प्रहार गरी ५३ रन बनाए भने विल ज्याकले १८ बलमा चार छक्का र एक छक्का प्रहार गरी ३९ रन बटुले।

रोहित र दीपेन्द्रको बलियो साझेदारी

नेपालले पहिलो दुई विकेट गुमाउँदा स्कोर बोर्डमा ५.२ ओभरमा दुई विकेट गुमाएर ४२ रन जोडेको थियो। क्रिजमा कप्तान रोहित र उपकप्तान दीपेन्द्रसिंह ऐरीले तेस्रो विकेटका लागि ब्याटिङ गरे। उनीहरूले विश्वस्तरीय बलरविरुद्ध आक्रामक रूपमा प्रस्तुत हुँदै केवल ५४ बलमा ८२ रनको साझेदारी गर्दै नेपालको जितको सुरुवाती आशा दिलाएका थिए। आइसिसी टी-२० आईमा दुई हजार व्यक्तिगत रन पूरा गरेको लगत्तै दीपेन्द्रले आफ्नो विकेट गुमाए। उनले २९ बलमा ६ चौका र एक छक्का प्रहार गरी सर्वाधिक ४४ रन जोडे। अर्को ओभरमा कप्तान रोहितले पनि आफ्नो विकेट गुमाए। रोहित इनिङ्सको १५.३ ओभरमा डास्वानबाट आउट भए। रोहितले ३४ बलमा समान दुई छक्का र चौका प्रहार गरी ३९ रन जोडेका थिए। ओपनर कुशल भुर्तेलले १७ बलमा २९ रनको योगदान दिए। इंग्ल्यान्डको जितमा कसिलो बलिङ गरेका साम कुरानले चार ओभरमा २७ रन खर्चेर एक विकेट लिए।

चार खेलाडीले गरे विश्वकपमा डेब्यु

नेपालका मुख्य प्रशिक्षक स्टुवार्टले समूहको पहिलो खेलमा शेर मल्ल, आरिफ शेख, लोकेश र नन्दन यादवलाई आइसिसी टी-२० विश्वकपमा डेब्यु गरेका छन्। यी चारै खेलाडी पहिलोपटक टी-२० विश्वकप खेल्ने नेपाली टोलीमा समावेश भएका थिए। शेरले आफ्नो डेब्यु विश्वकपमै सनसनीपूर्ण प्रदर्शन गर्न सफल भए। शेरले आफ्नो पहिलो स्पेलको दोस्रो ओभरमै इंग्लिस ब्याट्सम्यान साल्टलाई आउट गरे। शेरले तीन ओभरमा ३५ रन खर्चेर एक विकेट लिए। यसैगरी, नन्दनले तीन ओभरमा २५ रन दिएर दुई विकेट हात पारे। युवा खेलाडीले स्थान बनाउँदा टोलीकै भेट्रान बलर सोमपाल कामी भने बेन्चमा रहे।

कप्तानका भनाइ

हारबाट निराश छु, तर टिमप्रति गर्व छ


● **रोहित पौडेल**, कप्तान, नेपाल



इंग्ल्यान्डसँगको साँघुरो हारबाट निराश छु। यो टिमको प्रदर्शनप्रति गौरवान्वित पनि भएको छु। इंग्ल्यान्डविरुद्धको प्रयास धेरै प्रशंसनीय छ। टिमका सबैले आफ्नो बल-बुद्धि शतप्रतिशत दिए। हामी यहाँ केवल सहभागिता जनाउन मात्र आएका होइनौँ भन्ने विश्वास थियो। यदि हामीले हाम्रो आफ्नै शैलीको क्रिकेट खेल्यौँ भने हामी जुनसुकै टोलीलाई पनि हराउन सक्छौँ।

हामीविरुद्ध नेपालले धेरै राम्रो खेल्यो

● **ह्यारी बुक**, कप्तान, इंग्ल्यान्ड



वास्तवमा नेपाली टिमले निकै राम्रो क्रिकेट खेलेको थियो। आदिल रसिदलाई उनीहरूले जसरी कुनै पनि टिमले खेल्न सकेका थिएनन्। म उनीहरूलाई आगामी खेलका निम्ति शुभकामना दिन चाहन्छु। नेपालविरुद्ध हामीले अन्तिम ओभरमा खेल जितेका हौँ। यसअघिका ओभरसम्म नेपाल हामीमाथि हाबी भएको थियो। टोलीकै अनुभवी बलरले अन्तिम ओभर सोचेजस्तो प्रदर्शन गरे।

आइपिएल फ्रेन्चाइज टोलीबाट नेपालको प्रशंसा

रोयल च्यालेन्जर्स बेंग्लोर– नेपाली खेलाडीलाई आज कुनै डर थिएन। उनीहरू पूरै जोसका साथ खेले। उनीहरूलाई विश्वास थियो, यो विश्वस्तरीय प्रतियोगितामा केही गर्ने। क्रिकेटप्रति नेपाली खेलाडी र समर्थकको लगाबप्रति हामी सम्मान गर्छौं।

गुजरात टाइटन्स– विश्वकपजस्तो ठुलो स्टेजमा नेपाली खेलाडीको साहस र संयमित प्रदर्शनको प्रशंसा गर्नुपर्छ।

मुम्बई इन्डियन्स– वानखेडे रंगशाला इतिहासको एउटा साक्षी बन्यो। टी-२० विश्वकपको एउटा क्लासिक खेल वानखेडेमै भयो। नेपालले इंग्ल्यान्डलाई चुनौती दियो, तर चार रनले पछाडि पऱ्यो।

चेन्नई सुपर किंग्स– लडाइँ अन्तिम बल नफ्र्याँक्दासम्म चलिरह्यो। त्यो समयमा सबै समर्थक पनि धैर्यका साथ बसे। नेपालको बहादुर प्रदर्शन।

राजस्थान रोयल्स– नतिजा स्वीकार गर्नुपर्छ। अन्तिम बलसम्म जितका लागि प्रयास चलिरह्यो। त्यहाँसम्म पुग्दा खेलाडीले हारलाई सहज स्वीकार गर्न सक्दैनन्। तर, नेपाल क्रिकेटले साहसिक प्रदर्शन गरेको छ।

कोलकत्ता नाइट राइडर्स– हात उठाइराख्नुपर्छ। यो टी-२० आईकै क्लोज खेलमध्ये एक हो। अब एसियामा नयाँ जायन्ट राष्ट्र आएको महसुस भएको छ।

लखनउ सुपर जायन्ट– टी-२० विश्वकपकै सबैभन्दा उत्साहजनक प्रदर्शन नेपालको।

पञ्जाब किंग्स– नेपालको प्रदर्शन साहसिक हो।

विश्वचर्चित क्रिकेटरले पनि गरे तारिफ

▶ **डेल स्टेन** (दक्षिण अफ्रिका)
नेपाल। यदि आवश्यक परेको अवस्थामा म सहयोग गर्न तयार छु।

▶ **इरफान पठान** (भारत)
सबै राम्रो थियो, तर फिनिसिङ टर्च मात्र भएन। तर, नेपाल स्पष्ट रूपमा पिचमा तयार थियो। इंग्ल्यान्डलाई चुनौती दिइराख्यो।

▶ **आकाश चोपरा** (भारत)
जितको धेरै टाढा थिएन। एकदम नजिक। नेपालले राम्रो खेल्यो।

▶ **युवराज सिंह** (भारत)
नेपाली टिमलाई ठुलो सम्मान छ। विश्वकै एक बलियो राष्ट्रविरुद्ध बहादुरी प्रदर्शन गरेको छ। इनिङ्सको अन्तिम बलसम्म पनि जितको आशा लिएर क्रिजमै टिकिरह्यो। यो टोली बिस्तारै माथि उठिरहेको छ। विश्व क्रिकेटले नेपाललाई हेरिराखेको छ।

▶ **माइकल भान** (इंग्ल्यान्ड)
क्रिकेटमा कस्तो मज्जाको खेल भयो। नेपाली खेलाडीले आफ्नो बहादुरी कला देखाएका छन्। तर, जित भनेको जित हो।

▶ **रविचन्द्रन आश्विन** (भारत)
हामीलाई थाहा छ। नेपाल विश्व क्रिकेटमै उदाइरहेको टोली हो। जितको नजिक पुगेर पनि पराजित हुँदा नरमाइलो लाग्छ।

आजका खेल

इटाली	बिहान ११:१५ बजे	स्कटल्यान्ड
ओमान	दिउँसो ३:१५ बजे	जिम्बावे
क्यानडा	राति ७:१५ बजे	द.अफ्रिका

युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.

"नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्य क्षेत्र भएको)"

केन्द्रीय कार्यालय
कोहलपुर नगरपालिका वडा नं. ११ बाँके
लुम्बिनी प्रदेश, नेपाल, फोन नं. : ०८१-५४०२१३
ईमेल : info@unlbsl.com.np
वेब : www.uniquenepalmicrofinance.com.np

Unaudited Condensed Statement of Financial Position

CONDENSED STATEMENT OF FINANCIAL POSITION
as on 30th Poush, 2082

Assets	This Quarter Ending	Immediate Previous Year Ending
Cash and cash equivalents	242,810,997	391,991,940
Statutory Balance and due from Nepal Rastra Bank	17,764,900	17,764,900
Placement with Bank and Financial Institutions	23,523,569	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and advances to MFISs & Cooperatives	-	-
Loans and advances to customers	3,245,196,709	3,241,914,502
Investment securities	-	-
Current tax assets	-	-
Investment property	-	-
Property and Equipment	26,993,000	26,654,655
Goodwill and Intangible assets	-	-
Deferred Tax Assets	13,246,710	13,246,710
Other assets	186,705,546	8,560,143
Total Assets	**3,756,241,431**	**3,700,132,850**
Liabilities		
Due to Bank and Financial Institutions	210,199,107	344,812,708
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from customers	2,755,737,640	2,663,979,491
Borrowings	30,000,000	30,000,000
Current Tax Liabilities	36,891,899	17,052,859
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other liabilities	360,134,570	327,300,666
Debt securities issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**3,392,963,215**	**3,383,145,725**
Equity		
Share Capital	148,575,000	148,575,000
Share Premium	-	-
Retained Earnings	41,735,308	3,601,684
Reserves	172,967,909	164,810,441
Total Equity	**363,278,216**	**316,987,125**
Total Liablities and Equity	**3,756,241,431**	**3,700,132,850**

CONDENSED STATEMENT OF PROFIT & LOSS
For the quarter ended 30th Poush, 2082

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Interest income	119,244,383	255,965,151	110,403,044	234,716,009
Interest expense	60,588,336	124,425,417	59,110,888	121,789,594
Net interest income	**58,656,047**	**131,539,735**	**51,292,156**	**112,926,415**
Fees and commission income	11,348,947	20,039,355	9,330,385	16,305,848
Fees and commission expense	39,476	41,969	1,760	3,525
Net fee and commission income	**11,309,471**	**19,997,386**	**9,328,625**	**16,302,323**
Net interest, fee and commission income	**69,965,517**	**151,537,121**	**60,620,781**	**129,228,738**
Net trading income	-	-	-	-
Other operating income	2,979,815	5,908,774	2,903,879	6,595,828
Total operating income	**72,945,332**	**157,445,894**	**63,524,660**	**135,824,566**
Impairment charge/(reversal) for loans and other losses	(1,982,556)	22,784,851	(3,612,076)	25,275,270
Net operating income	**74,927,889**	**134,661,043**	**67,136,736**	**110,549,296**
Operating expense	**37,427,161**	**71,938,149**	**40,760,745**	**73,855,978**
Personnel expenses	29,304,121	56,832,927	28,768,517	54,188,563
Other Operating expenses	7,623,472	14,092,017	11,397,705	18,519,619
Depreciation and Amortisation	499,568	1,013,205	594,522	1,147,796
Operating Profit	**37,500,727**	**62,722,894**	**26,375,991**	**36,693,318**
Non operating Income	2,060,750	3,407,237	1,385,654	2,464,843
Non operating expense	-	-	-	-
Profit before income tax	**39,561,477**	**66,130,131**	**27,761,645**	**39,158,161**
Income tax expense	11,868,443	19,839,039	8,328,493	11,747,448
Current tax	11,868,443	19,839,039	8,328,493	11,747,448
Deferred Tax	-	-	-	-
Profit for the period	**27,693,034**	**46,291,091**	**19,433,151**	**27,410,713**

Condensed Statement of Comprehensive Income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Profit for the period	27,693,034	46,291,091	19,433,151	27,410,713
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**27,693,034**	**46,291,091**	**19,433,151**	**27,410,713**
Basic Earning Per Share (Annualized)		62.31		36.90
Diluted Earning per Share	-	62.31	-	36.90

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Capital Fund to RWA		7.35%		6.32%
Non Performing Loan (NPL) to total Loan		18.38%		19.25%
Total loan loss provision to Total NPL		96.69%		93.08%
Cost of funds		8.33%		8.52%
Credit to Deposits and Borrowing Ratio		143.21%		142.17%
Base rate		13.06%		14.13%
Interest Rate Spread		6.03%		5.84%

Statement of Distributable Profit or Loss

Net Profit for the period end 32th Asar 2082	**46,291,091**
1.1 Profit required to be appropriated to:	**10,415,496**
a. General Reserve	9,258,218
b. Capital redemption reserve	-
c. Exchange Fluctuation reserve	-
d. Corporate social responsibility fund	462,911
e. Employees training fund	
f. Client protection fund	694,366
g. Other	-
Profit required to be transferred to Regulatory Reserve:	**35,875,596**
1.2 Regulatory Adjustment:	**2,258,027**
a. Interest receivable (-)/previous accrued interest received (+)	2,258,027
b. Short loan loss provision in accounts (-)/reversal (+)	
c. Short provision for possible losses on investment (-)/reversal (+)	
d. Short loan loss provision on Non Banking Assets (-)/reserval (+)	
e. Deferred tax assets recognised (-)/ reversal (+)	
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	
g. Bargain purchase gain recognised (-)/reserval (+)	
h. Actuarial loss recognised (-)/reversal (+)	
i. Other	
Net Profit for the period available for distirubtion - -	**38,133,623**
Opening Retained Earnings as of Shrawan 01 2082	**3,601,684**
Adjustment (+/-)	
Distribution: -	
Bonus Share Issued -	
Cash Dividend Paid -	
Total Distributable Profit or (loss) as on Qtr end date 2082 Poush	**41,735,308**
Annualized Distributable Profit/(loss) per Share	**28.09**

Notes :
1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards (NFRS).
2. Loan and advances are stated at net of impairment charge and included interest receivable on loan.
3. Above figures may vary upon otherwise direction made by Statutory auditor and Regulators.
4. Figures has been regrouped/rearranged/restated whereever necessary.
5. The interim financial statements has been uploaded in the website https://uniquenepalmicrofinance.com.np
6. Interest on deposit and Loan & Advance: Deposit: 7.5% to 13 % Loan & Advance: 14% to 15%

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची नं. १४ (नियम २६ को उपनियम १ सँग सम्बन्धित)
आ.व. २०८१/०८३ को दोस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**

क) आ.व. २०८२/०८३ को दोस्रो त्रैमास (२०८२।०७।०१ - २०८२।०९।३०) को वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यस लघुवित्त वित्तीय संस्थाको वेभसाईटमा राख्नुका साथै यसै साथ प्रकाशित गरिएको छ।

ख) **प्रमुख वित्तीय अनुपातहरू :**

प्रति शेयर आम्दानी रु.	मूल्य आम्दानी अनुपात (P/E Ratio)	प्रति शेयर नेटवर्थ रु.	प्रति शेयर कुल सम्पत्तिको मूल्य रु.	तरलता अनुपात
६२.३१	२९.८२	२४४.५१	२,५२८.१८	१०.९१

२. **व्यवस्थापकीय विश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**
यस अवधिमा यस वित्तीय संस्थाले आवश्यक तरलता व्यवस्थापन गरेको छ। यस त्रैमास मसान्तको तरलता अनुपात १०.९१ प्रतिशत रहेको छ, जगेडा तथा अन्य कोषमा सामान्य बढेको छ। साथै यस आ.व. को दोस्रो त्रैमाससम्ममा लघुवित्त वित्तीय संस्थाको खुद मुनाफा रु. ४ करोड ६२ लाख ९१ हजार ९१ रुपैयाँ मात्र रहेको छ।

ख) **आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
यस वित्तीय संस्था निरन्तर रुपमा गुणस्तरीय लघुकर्जा तथा बचत सेवा दिने कार्यमा केन्द्रीत रहेको छ र आगामी दिनमा यसलाई निरन्तरता दिनेछ। प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा साझेदार संस्थाहरूबाट अधिकतम ऋणीहरूसम्म वित्तीय सेवा पहुँच वृद्धि गर्नका लागि व्यवस्थापनले प्रभावकारी रुपमा काम गर्नेछ। निष्कृय कर्जा घटाउन थप रणनीति बनाई कर्जा असुलीलाई प्रभावकारी बनाउदै लगिएको छ। ग्राहकलाई गुणस्तरीय सेवा प्रदान गरी संस्थाको छवि सुदृढ हुने कुरामा यस वित्तीय संस्था विश्वस्त रहेको छ। यस वित्तीय संस्थाले सदस्यहरूको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्नको लागि सीपमुलक तालिमहरू सञ्चालन गर्दै आई रहेको छ। वित्तीय सचेतना अभिवृद्धिको लागि सेवाग्राही र अभिभावकहरूको सहभागितामा वित्तीय साक्षरता, अन्तरक्रिया कार्यक्रम पनि संचालन गरी रहेको छ। यस किसिमका कार्यलाई आगामी दिनमा पनि निरन्तरता दिइनेछ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**
यस संस्थाको व्यवसायको आकार वृद्धि भई रहेको छ भने सञ्चालन मुनाफा अधिल्लो त्रैमासको तुलनामा सन्तोषजनक रहेको छ। लघुवित्त वित्तीय संस्थाहरूका विरुद्ध केही गतिविधिहरू हालसम्म पनि रही रहेकोले कर्जा असुलीमा केही समस्याहरू देखा परेका छन्। नयाँ कर्जा भाखा नाघ्ने दर विस्तारै कम हुँद गए तापनि पुरानो भाखा नाघेको कर्जा अपेक्षाकृत रुपमा असुली हुन सकेको छैन। तथापि हाल वित्तीय साक्षरता कार्यक्रमहरू मार्फत वित्तीय संस्थाले सदस्यहरूलाई सचेतना दिदै आई रहेको र आर्थिक गतिविधिहरू विस्तारै चलायमान हुँदै गएकोले आगामी केही दिनभित्रै संस्थाले दिने सेवा तथा संस्थाको कारोवारमा वृद्धि हुँदै जाने अपेक्षा गरिएको छ। तसर्थ संस्थाको मौज्दात, नाफा नोक्सान वा नगद प्रवाहमा तात्वीक असर पर्न सक्ने घटना भएको छैन। र यस प्रति व्यवस्थापन सचेत र सतर्क रहेको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको भए :**
यस अवधिमा संस्थाले कसैको विरुद्ध र संस्थाको विरुद्ध अरु व्यक्तिवाट कुनै पनि मुद्दा दायर भएको छैन।

ख) **संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**
यस वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।

ग) **कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**
कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको बारे हालसम्म कुनै पनि जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :**
यस लघुवित्त वित्तीय संस्थाको शेयर कारोबारका सम्बन्धमा व्यवस्थापनले नियमित रुपमा नेपाल स्टक एक्सचेन्जको कारोबार अवलोकन गरिरहेको छ। शेयरको मूल्यमा तात्वीक असर पार्ने कुनै पनि असामान्य घट्ना घटेको छैन।

ख) **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या :**
यस त्रैमास अवधिमा यस संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या निम्न अनुसार रहेको छ।

अधिकतम मूल्य रु.	न्यूनतम मूल्य रु.	अन्तिम मूल्य रु.	कारोबार भएको कूल दिन	कारोबारको संख्या	कारोबार भएको कुल शेयर संख्या
२,०५०	१,८१८.४०	१८५८	५५	१,२४२	४२,२४६

(श्रोत : नेपाल स्टक एक्सचेन्जको वेवसाईट www.nepalstock.com.np अनुसार)

५. **समस्या तथा चुनौती :**

समस्या : भाखा नाघेको कर्जा र निष्कृय कर्जा बढ्दै जानु, ऋण लगानी र ऋणी सदस्य घट्दै जानु हालको प्रमुख समस्याको रुपमा रहेको छ। विगतमा केही ऋणी सदस्यहरू ऋण लिएर सम्पर्क नआउनु अर्को समस्याको रुपमा देखिएको छ। लघुवित्त विरुद्धको गतिविधिमा संलग्न व्यक्तिहरूबाट दिग्भ्रमित भएका कर्जा ग्राहकहरूबाट अझ पनि पहिलेको लयमा कर्जाको किस्ता भुक्तानी गर्ने कार्य भएको छैन।

चुनौती :

आन्तरिक चुनौती : निष्कृय कर्जा अनुपात बढ्नु, आधारदर घट्न नसक्नु, कर्मचारीले जागिर छोड्ने प्रवृति बढ्दै जानु, आदि।

बाह्य चुनौती : युवा वर्ग पलायन हुँदा नयाँ सदस्यहरू थप नहुनु, सदस्य स्वयम् नै वैदेशिक रोजगारीमा जाँदा समूहको बैठकहरूमा उपस्थिति कम हुनु, वित्तीय क्षेत्रमा तिब्र र अस्वस्थ प्रतिष्पर्धा हुनु, वाणिज्य बैकहरूको आधार दरलाई पनि आधारित रही कर्जाको ब्याजदर तोक्नु पर्ने हुँदा वाणिज्य बैकहरूको आधार दर घट्दै जानु, वित्तीय संस्थाको कार्यक्षेत्रमा लघुवित्त विरोधी गतिविधिको कारण असुरक्षा, व्यवसायिक शिथिलता, वित्तीय क्षेत्रको नयाँ प्रविधिलाई अंगिकार गर्न नसक्नु आदि।

रणनीति :

क. निष्कृय कर्जा घटाउनको लागि स्पष्ट कार्य योजना सहित जिम्मेवारी तोकी सम्पूर्ण कर्मचारीहरू परिचालन गर्ने।
ख. गुणस्तरिय लगानी गर्नको लागि कर्मचारीहरूलाई सीप अभिवृद्धि र क्षमता विकासको लागि सघन तालिम दिने।
ग. सेवाग्राही सदस्यहरू मैत्री लघुवित्त सेवा बनाउन ग्राहकहरूको सुझाव लिने, केन्द्र प्रमुख तथा अभिभावकको वित्तीय साक्षरता र अन्तरक्रिया गर्ने, र प्राप्त भएका राय सुझावको अध्ययन विश्लेषण गरी आवश्यक नीतिगत सुधार गर्ने।
घ. कर्मचारी अडाई राख्न मानव संसाधन नीतिलाई समय सापेक्ष परिमार्जन गर्ने।
ङ. सदस्यहरूमा जनचेतनामूलक एवं वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम थप प्रभावकारी बनाउन सचेतनामुलक सन्देश, अडियो, भिडियो सामग्री र सूचना तयार पारी विभिन्न सञ्चार माध्यमबाट प्रसारण गर्ने।
च. उपलब्ध स्रोत र साधनको अनुपम सदुपयोग गर्ने।

६. **संस्थागत सुशासन :**
संस्थागत सुशासन सुदृढ गर्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति र व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ। नेपाल राष्ट्र बैंक लगायत अन्य नियामक निकायले जारी गरेको निर्देशन तथा लघुवित्त संस्थाले बनाएका नीति नियमहरू अनुपालन गरिएका छन्। संस्थागत सुशासनलाई अझ बलियो बनाउनका लागि नीति नियम तथा निर्देशिकाहरू तयार गरी व्यवस्थापनको स्पष्ट अधिकार र दायित्वको व्याख्या गरिएको छ।

७. **सत्य तथ्यता सम्बन्धमा कार्यकारी निर्देशकको उद्घोषण :**
आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा मेरो उच्च व्यवस्थापनले मलाई उपलब्ध गराए अनुसार म व्यक्तिगत रुपमा समेत उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरू सुसूचित भई निर्णय लिन आवश्यक पर्ने कुनै विवरण वा सूचना तथा जानकारीहरू लुकाइएको छैन।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com